
# पोखरा महानगरपालिका

## समावेशी स्थानीय आर्थिक विकास रणनीतिक योजना
## २०७८–८२




असार २०७८

नगर कार्यपालिकाको कार्यालय न्यूरोड कास्की, गण्डकी प्रदेश

समुन्नत पर्यटकीय पोखरा

# पोखरा महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

न्युरोड, कास्की, गण्डकी प्रदेश, नेपाल

### शुभकामना

पोखरा महानगरपालिकाले स्थानीय आर्थिक विकासलाई हरित समावेशी र उत्थानशील बनाउने उद्देश्यले महानगरको समावेशी स्थानीय आर्थिक विकास रणनीतिक योजना तर्जुमा गरेको छ । भौतिक पूर्वाधारका संरचनाको निर्माण नै विकास हो र विकास भनेकै पूर्वाधारका संरचनाहरुको निर्माण हो भन्ने भाष्य विकास भएको हाम्रो सन्दर्भमा यो एउटा महत्वपूर्ण कदम भएको मैले पाएको छु ।

स्थानीय आर्थिक विकासमा मूलतः आफ्नो क्षेत्रको तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभहरुको खोजी, उक्त क्षेत्र विकासको लागि आवश्यक पूर्वाधारहरुको तयारी तथा युवा लक्षीत उद्यमशीलता प्रवर्धन तथा परिवार केन्द्रीत स्वरोजगारी प्रवर्धनका कार्यक्रमहरु विकास गर्दै रोजगारी सिर्जना र जीवनस्तर सुधारका रणनीतिहरु तर्जुमा गर्ने गरिन्छ ।

यस दस्तावेजले पोखराको हकमा पर्यटन तथा आतिथ्य सेवा क्षेत्र, कृषी वन तथा पशुपालन क्षेत्र, युवा मैत्री सूचना प्रविधि क्षेत्र र उद्योग तथा व्यापार क्षेत्रलाई स्थानीय आर्थिक विकासका रणनीतिक पिलरहरुको रुपमा पहिचान गरी उक्त क्षेत्रहरुको विकास मार्फत स्थानीय स्तरमा रोजगारी सिर्जना, उद्यमशीलता प्रवर्धन र स्थानीय जनताको जीवनस्तरमा सुधार गर्ने रणनीति तर्जुमा गरेको छ ।

स्थानीय आर्थिक विकासको रणनीतिलाई समावेशी वनाई उद्यमशीलताको प्रवर्धनमा तथा स्वरोजगारी सिर्जनामा सीमान्तकृत व्यक्ति र समूहको समेत मूलप्रवाहिकरण गर्ने उद्देश्य लिएको यस दस्तावेजले पहिचान गरेका सम्पूर्ण रणनीतिक पिलरहरुमा समावेशीतालाई अभिन्न अंगको रुपमा स्थापित गरेको छ । योगनावद्ध विकासको सिलसिलामा यो एउटा महत्वपूर्ण दस्तावेज हुने र यसले हामीलाई आवधिक तथा बार्षिक योजनाहरुको तर्जुमा तथा कार्यान्वयनमा मद्दत गर्ने मैले विश्वास लिएको छु ।

पूर्वाधार विकासको तिव्र माग रहेको र त्यसमा पनि सडक पूर्वाधारको उच्च माग रहेको आजको पोखरा महानगरपालिकाले अवका केही बर्षमा सडक, खानेपानी, भवन तथा सिंचाईका पूर्वाधारहरु सम्पन्न गर्दै क्रमशः लगानीलाई आर्थिक विकासको क्षेत्रमा केन्द्रीत गर्नु पर्ने र गर्न सक्ने अवस्था देखिएको छ । समुन्नत पर्यटकीय सहरको पहिचान निर्माण तर्फ अग्रसर पोखरा महानगरपालिकालाई यस रणनीतिक दस्तावेदजले आफ्नो उद्देश्य हासिल गर्नमा योगदान गर्ने मैले विश्वास लिएको छु ।

रणनीतिक योजना तर्जुमा गर्न आफ्नो तर्फबाट योगदान गर्ने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालाहरुलाई म हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । यसको साथै, उक्त दस्तावेजनको तैयारीमा योगदान गर्नु हुने विज्ञ परामर्शदाता तथा प्राविधिक सहयोग गर्ने नेपाल शहरी उत्थानशीलता (सुदृढ) परियोजनालाई पनि हार्दिक धन्यवाद छ ।

**२०७८ असार**

**महेश बराल**
**प्रमुख प्रशासकीय अधिकृत**

वेवसाइट : pokharamun.gov.np इमेल: info@pokharamun.gov.np

“नतिजामुखी प्रशासनः सम्बृद्धि र सुशासन”

# विषय सूची

## परिच्छेद १: परिचय


१.१ रणनीतिक योजना तर्जुमाको पृष्ठभूमि........१

१.२ रणनीतिक योजनाको औचित्य र सान्दर्भिकता........१

१.२.१ महानगरको दीर्घकालीन सोच........२

१.२.२ नेपालको पर्यटकीय राजधानी पोखरा........२

१.२.३ बढ्दो सहरीकरण र उच्च आन्तरिक माग........२

१.२.४ विविधतासहितको ठूलो भूगोल........३

१.२.५ कोभिड-१९ महामारीको प्रभाव र पुनरुत्थानको आवश्यकता........३

१.३ रणनीतिक योजनाको उद्देश्य........४

१.४ रणनीतिक योजना तर्जुमा विधि र प्रक्रिया........५

१.५ रणनीतिक योजनाका सीमा र मान्यता........६


## परिच्छेद २: पोखराको वर्तमान अवस्था र योजनाबद्ध विकास प्रयास


२.१ पोखरा महानगरको संक्षिप्त परिचय........८

२.१.१ जनसंख्या........८

२.१.२ महिला तथा सीमान्तीकृत समुदाय........९

२.१.३ प्राकृतिक सुन्दरता र जैविक विविधता........१०

२.१.४ भू-उपयोगको अवस्था........१०

२.१.५ वातावरण संरक्षण, जलवायु परिवर्तन र विपद्........११

२.२ सामाजिक तथा आर्थिक अवस्था........१२

२.२.१ पोखराको सामाजिक विकास........१२

२.२.२ पोखराको अर्थतन्त्र........१४

२.२.३ पोखरा महानगरको आन्तरिक आय वा उत्पादन........१५

२.३ पोखरामा योजनाबद्ध विकास प्रयास........१७

२.३.१ पोखराको भौतिक विकास योजना २०३१........१७

२.३.२ पोखरा उपत्यका विकास गुरुयोजना २०७१........१८

२.३.३ पोखरा तथा वरिपरिका क्षेत्रको एकीकृत पर्यटन विकास योजना २०७३........१८

२.३.४ पोखरा उपत्यका एकीकृत ताल व्यवस्थापन योजना २०७५........१९

२.३.५ वहुवर्षीय परियोजना........१९

२.४ कोभिड-१९ महामारी र यसको प्रभाव........२०

## परिच्छेद ३: समावेशी स्थानीय आर्थिक विकास

३.१ स्थानीय आर्थिक विकासको अवधारणा ........ २२
३.१.१ स्थानीय स्तरमा रोजगारी सृजना ........ २२
३.१.२ गरिबी न्यूनीकरण र सामाजिक रूपान्तरण ........ २३
३.१.३ राजस्वको आधार विस्तार ........ २३
३.२ स्थानीय आर्थिक विकासका संवाहक ........ २३
३.२.१ निरपेक्ष लाभका क्षेत्र ........ २४
३.२.२ सापेक्ष लाभका क्षेत्र ........ २४
३.२.३ प्रतिस्पर्धी लाभका क्षेत्र ........ २५
३.३ स्थानीय आर्थिक विकासका सहयोगी क्षेत्र ........ २५
३.३.१ शान्तिसुरक्षा र सुशासन ........ २६
३.३.२ सहज वित्तीय पहुँच ........ २६
३.३.३ व्यावसायिक प्रणाली ........ २७
३.३.४ समावेशी पूर्वाधार ........ २७
३.३.५ दक्ष जनशक्ति ........ २८
३.४ समावेशी स्थानीय आर्थिक विकास ........ २८
३.५ अपेक्षित उपलब्धि ........ ३०

## परिच्छेद ४: पोखराको आर्थिक विकासका संवाहक

४.१ परिचय ........ ३३
४.२ पर्यटन तथा आतिथ्य सेवा क्षेत्र ........ ३४
४.२.१ पर्यटन क्षेत्रका प्रमुख सरोकारवाला ........ ३५
४.२.२ पोखरामा पर्यटन विकासका अवसर र चुनौती ........ ३६
४.३ कृषि, पशुपालन र वन ........ ३८
४.३.१ कृषि क्षेत्रका प्रमुख सरोकारवाला ........ ३९
४.३.२ यस क्षेत्रका लागि अवसर र चुनौती ........ ४०
४.४ उद्योग तथा व्यापार ........ ४३
४.४.१ उद्योग व्यापार क्षेत्रका प्रमुख सरोकारवाला ........ ४३
४.४.२ उद्योग व्यापार क्षेत्रका अवसर तथा चुनौती ........ ४४
४.५ सूचना प्रविधि र नवप्रवर्त्तनमा आधारित युवा उद्यमशीलता ........ ४७
४.६ लैंगिक समानता र सामाजिक समावेशीकरणका विषय ........ ५०

४.६.१ समावेशी उद्यम विकास ..... ५१
४.६.२ समावेशी मूल्य श्रृंखला विकास ..... ५१
परिच्छेद ५: समावेशी स्थानीय आर्थिक विकास रणनीति र कार्ययोजना
५.१ पृष्ठभूमि ..... ५३
५.२ रणनीतिक योजनाका उद्देश्य तथा रणनीति ..... ५३
५.३ रणनीतिक कार्ययोजना र सम्भावित कार्यक्रम ..... ५६
५.४ निष्कर्ष र आगामी कार्यदिशा ..... ७९
परिच्छेद ६: योजना कार्यान्वयन अनुगमन र मूल्यांकन
६.१ योजना तर्जुमा र कार्यान्वयन ..... ८०
६.२ योजना कार्यान्वयन र अनुगमन ..... ८०
६.३ अनुगमन तथा मूल्यांकनका सिद्धान्त ..... ८०
६.४ अनुगमन र मूल्यांकनका विधि ..... ८१
६.५ अनुगमन र मूल्यांकनमा सरोकारवालाहरूको भूमिका ..... ८१

## तालिका सूची

तालिका १ : पोखरा महानगरपालिकाको विद्यमान भू-उपयोग अवस्था ..... ११
तालिका २ : पोखरा महानगरपालिकाका प्रमुख सामाजिक परिसूचक ..... १३
तालिका ३ : उमेर र लिंगअनुसार पोखराको जनसंख्याको संरचना ..... १४
तालिका ४ : पोखरा महानगरपालिकामा सञ्चालित उद्योग-व्यवसाय र रोजगारी ..... १५
तालिका ५ : पोखरा महानगरपालिकाको आन्तरिक आय वा उत्पादन ..... १६
तालिका ६ : समावेशी स्थानीय आर्थिक विकासका आधारभूत अवयव ..... ३०
तालिका ७ : पोखरामा पर्यटन क्षेत्रका सरोकारवाला ..... ३६
तालिका ८ : पोखरामा कृषि क्षेत्रका प्रमुख सरोकारवाला ..... ३९
तालिका ९ : पोखरा महानगरपालिकामा उद्योग व्यापार क्षेत्रका प्रमुख सरोकारवाला ..... ४४

# परिच्छेद १
# परिचय

## १.१ रणनीतिक योजना तर्जुमाको पृष्ठभूमि

नेपालको संविधान २०७२ ले मुलुकमा तीन तहको सरकारसहितको संघीय संरचनालाई संस्थागत गरेको छ । संविधानमा नै सात प्रदेश र ७५३ स्थानीय तह तथा केन्द्रमा संघीय सरकार रहने व्यवस्था भएबमोजिम सबै तहका सरकारको कार्यक्षेत्र, अधिकार र जिम्मेवारीहरू स्पष्ट रूपमा परिभाषित गरिएको छ । लामो राजनीतिक संघर्षबाट प्राप्त संघीय शासन प्रणालीले नवगठित प्रदेश तथा स्थानीय सरकारहरूलाई आफ्नो विकासको मार्ग आफैंले तय गरेर अगाडि बढ्ने अधिकार प्रदान गरेको छ । खासगरी नवगठित स्थानीय तहहरूलाई एक दशक लामो सशस्त्र द्वन्द्व तथा संविधान निर्माणका क्रममा उत्पन्न संक्रमणपछि प्राप्त अधिकार र जिम्मेवारीले थुप्रै अवसरका साथै चुनौती पनि सृजना गरिदिएको छ ।

करिब दशक लामो द्वन्द्व र संक्रमणकालपछि विस्तारै राजनीतिक स्थिरतातर्फ उन्मुख नेपालले नयाँ संविधान निर्माणलगत्तै आर्थिक नाकाबन्दी र प्राकृतिक विपत्ति (महाभूकम्प) को सामना गर्नुपर्‍यो । त्यसैगरी, सन् २०१९ को अन्त्यतिर सुरु भएको कोभिड-१९ को महामारीले त संसारका आर्थिक महाशक्तिहरूलाई समेत सन् १९३० को महामन्दीपछिको सबैभन्दा खराब अवस्थामा पुर्‍याइदिएको छ । यसको प्रत्यक्ष र प्रतिकूल असर नेपालका नवगठित स्थानीय तहहरूमा समेत पर्दा स्थानीय अर्थतन्त्र र रोजगारीमा व्यापक संकुचन आएको छ ।

संघीयतापछि साबिक पोखरा उपमहानगरपालिका र लेखनाथ नगरपालिकासँग छिमेकी गाउँपालिकासमेत गाभिएर बनेको पोखरा महानगरपालिका करिब ४६४.२४ वर्ग किलोमिटर क्षेत्रफलसहित मुलुककै सबैभन्दा ठूलो महानगर बन्न पुगेको छ । क्षेत्रफलका आधारमा काठमाडौं महानगरपालिका भन्दा नौ गुणा ठूलो र भक्तपुर जिल्लाभन्दा समेत ठूलो पोखरा महानगरपालिका प्रशासनिक रूपमा ३३ वडामा विभक्त छ । यसरी विशाल भूगोल, प्रचुर प्राकृतिक स्रोतसाधन र जैविक विविधिताले भरिपूर्ण मुलुककै ठूलो पोखरा महानगरमा दिगो, हरित, समावेशी र उत्थानशील आर्थिक विकासको प्रचुर सम्भावना छ । देशको पर्यटकीय राजधानीका रूपमा परिचित पोखरा क्षेत्र विश्वकै उत्कृष्ट गन्तव्यमध्येको एक हुनुले पनि उपलब्ध स्रोतसाधनको समुचित उपयोगमार्फत् आर्थिक समुन्नति, सामाजिक रूपान्तरण र सन्तुलित विकासको ढोका खुलेको छ ।

## १.२ रणनीतिक योजनाको औचित्य र सान्दर्भिकता

संघीय शासन प्रणालीअन्तर्गत गठित पोखरा महानगरपालिकामा निर्वाचित प्रतिनिधिसहित अधिकारसम्पन्न स्थानीय सरकारको गठनले यहाँको विकासले गति लिने र आर्थिक समृद्धि हासिल हुने आम नागरिकको अपेक्षा छ । जनअपेक्षा अनुरूपका उपलब्धि हासिल गर्न प्राप्त स्रोतसाधनको समुचित उपयोग गरी निर्धारित समयमा अपेक्षित लक्ष्य हासिल

गर्नका लागि स्पष्ट, व्यावहारिक र कार्यान्वयनयोग्य योजना वाञ्छनीय छ । साथै, बनेका योजनाको प्रभावकारी कार्यान्वयनका लागि महानगरको संस्थागत सुदृढीकरण र क्षमता विकास अपरिहार्य छ । यसै सन्दर्भमा देहायका विषयलाई दृष्टिगत गरी यो समावेशी स्थानीय आर्थिक विकास योजना तर्जुमा गरिएको हो ।

### १.२.१ महानगरको दीर्घकालीन सोच

संविधानप्रदत्त अधिकार र आफ्नो जनदायित्व अनुसार निजी क्षेत्र, सामाजिक संघसंस्था र नागरिक समाजसमेतको सहकार्यमा महानगरले आफ्नो २३ वर्षे दीर्घकालीन सोचपत्र (भिजन डक्युमेन्ट) तयार पारेको छ । विक्रम संवत् २१०० सम्ममा महानगरलाई **'समुन्नत पर्यटकीय पोखरा'** सहरमा रूपान्तरण गर्ने उक्त दीर्घकालीन सोचपत्रले महानगरको भविष्यको बारेमा एक प्रेरणादायी तस्बिर प्रस्तुत गरेको छ । नेपाल सहरी उत्थानशीलता (सुदृढ) परियोजनासमेतको प्राविधिक सहयोगमा प्रमुख सरोकारवालाहरूको सहभागितामा तर्जुमा गरिएको पोखरा महानगरको 'दीर्घकालीन सोच २१००' मा लक्षित उपलब्धि हासिल गर्ने संवाहकका रूपमा पहिचान गरिएका पाँच रणनीतिक क्षेत्रहरू: १) समावेशी स्थानीय आर्थिक विकास २) पूर्वाधार तथा सहरी विकास ३) सामाजिक विकास ४) वातावरण, विपद् व्यवस्थापन तथा जलवायु अनुकूलन र ५) सुशासनमध्ये समावेशी स्थानीय आर्थिक विकास पहिलो प्राथमिकतामा रहेको छ ।

### १.२.२ नेपालको पर्यटकीय राजधानी पोखरा

गण्डकी प्रदेशको राजधानीसमेत रहेको पोखरा संघीय राजधानी काठमाडौंबाट २०० कि.मी. पश्चिममा अवस्थित नेपालकै पुरानोमध्येको एक व्यापारिक सहर हो । समयक्रमसँगै पोखरा विश्वभरका पर्यटकहरूको आकर्षक गन्तव्यका रुपमा स्थापित भएकाले यसलाई नेपालको पर्यटकीय राजधानी पनि मानिन्छ । मनाङ, मुस्ताङ, तनहुँ, बाग्लुङलगायतका छिमेकी जिल्ला र क्षेत्रहरूको पर्यटन प्रवर्द्धनमा समेत पोखराले महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । परिणामतः पर्यटन तथा आतिथ्य सेवा उद्योग पोखराको स्थानीय अर्थतन्त्रलाई जीवन्त बनाउने मुख्य संवाहक भएको छ । यसबाट शिक्षा, स्वास्थ्य, मनोरञ्जन, वित्तीय सेवा र खेलकुदलगायतका पूरक व्यवसाय र सेवा क्षेत्रमा निजी लगानी आकर्षित गर्न सहयोग मात्रै गरेको छैन, आर्थिक क्रियाकलाप र रोजगारी सृजनामार्फत् स्थानीयको जीवनस्तर सुधारमा उल्लेख्य सहयोग पुऱ्याएको छ । यसकारण पनि स्थानीय आर्थिक वृद्धिको संवाहक पर्यटन उद्योगलाई थप दिगो, समावेशी र उत्थानशील बनाउन आवश्यक देखिएको छ ।

### १.२.३ बढ्दो सहरीकरण र उच्च आन्तरिक माग

नेपालमा तीव्र सहरीकरण भइरहेका स्थानहरूमध्ये पोखरा पनि एक हो । केन्द्रीय तथ्यांक विभागको अभिलेखअनुसार विगत दुई दशकदेखि पोखराको जनसंख्या वार्षिक औसत करिब साढे तीन प्रतिशतका दरले वृद्धि भइरहेको छ । तर छिमेकी जिल्लाहरूबाट व्यापक रूपमा भएको बसाइसराइका कारण पोखरा महानगरको जनसंख्या पछिल्ला केही वर्षमा वार्षिक करिब ५ प्रतिशतका दरले वृद्धि भइरहेको अनुमान छ । पछिल्लो राष्ट्रिय जनगणनाको तथ्यांकमा आधारित भएर

केन्द्रीय तथ्यांक विभागले तयार पारेको स्थानीय तहहरूको वस्तुस्थितिले पोखराको आधाभन्दा बढी जनसंख्या मुख्य सहरी भागमा केन्द्रित रहेको देखाएको छ । महानगरको कुल क्षेत्रफलमध्ये ६ प्रतिशत भू-भागमा जनसंख्याको ४६ प्रतिशत र ९४ प्रतिशतचाहिँ बाँकी रहेको ५४ प्रतिशत भूगोलमा बसोबास गर्दै आएको तथ्यांक छ, जसले महानगरको बजार क्षेत्रमा वस्तु तथा सेवाको माग उच्च रहेको संकेत गर्दछ । महानगरले हालै सम्पन्न गरेको स्थानीय कृषि उत्पादनहरूको माग र आपूर्ति नक्सांकन सम्बन्धी अध्ययनले बढ्दो सहरीकरणका कारण पोखरामा वस्तु तथा सेवाको आन्तरिक माग निरन्तर बढ्दै गएको र आपूर्तिमा स्थानीय उत्पादनको योगदान खुम्चँदै गएको देखाएको छ । त्यसैगरी, विदेशबाट प्राप्त हुने विप्रेषण आयका कारण पनि यहाँको आन्तरिक माग बढ्न प्रोत्साहन भइरहेको देखिन्छ । यसरी निरन्तर बढ्दै गएको वस्तु तथा सेवाको मागलाई सम्बोधन गर्न पनि विविधीकृत आर्थिक अवसरहरूको प्रवर्द्धनमार्फत् हरित, दिगो, समावेशी र उत्थानशील स्थानीय अर्थतन्त्र निर्माणको दिशामा कदम चाल्नु आवश्यक छ ।

### १.२.४ विविधतासहितको ठूलो भूगोल

पोखरा महानगरपालिका भूगोलका हिसाबले नेपालकै सबैभन्दा ठूलो र गण्डकी प्रदेशको एकमात्र महानगर हो । मुलुककै ठूलो महानगर, प्रदेश राजधानी र पर्यटकीय केन्द्रसमेत भएकोले पोखरा गण्डकी प्रदेशको सबैभन्दा ठूलो आर्थिक केन्द्र (ग्रोथ सेन्टर) भएको ‘गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजना’मा उल्लेख छ । सोही आधारमा पोखरा महानगरपालिकाले समग्र गण्डकी प्रदेशको आर्थिक गतिविधिमा करिब एकतिहाइ योगदान पुऱ्याएको अनुमान प्रदेश नीति तथा योजना आयोगको छ । महानगर क्षेत्रमा आर्थिक उपार्जनका माध्यमहरूमा परम्परागत कृषिदेखि उत्पादन तथा प्रशोधन उद्योग र पर्यटन तथा मनोरञ्जनजस्ता सेवा क्षेत्रको विशेष योगदान रहेको छ । त्यसैगरी, सूचना प्रविधिमा आधारित उद्यम व्यवसायमा युवा उद्यमीहरूको पनि विस्तारै प्रवेश हुन थालेको छ । आर्थिक-सामाजिक रूपमा पोखरा महानगरपालिका व्यापक र विविधिकृत छ । साबिक पोखरा उपमहानगरका मुख्य सहरी क्षेत्रमा आधुनिक सेवा तथा सुविधासहितका विशेषता भेटिन्छन् । साबिक पोखरा उपमहानगरका बाहिरी वडा र साबिक लेखनाथ नगरपालिकामा अर्धसहरी विशेषता देखिन्छ । साबिकका गाविस क्षेत्रमा विकट भौगोलिक अवस्था, निर्वाहमुखी कृषि प्रणालीसहितको ग्रामीण परिवेश विद्यमान छ । यस्ता विविधतायुक्त आर्थिक-सामाजिक विशेषता भएका क्षेत्रमा उपलब्ध प्रचुर सम्भावनाको समुचित उपयोग गर्दै समावेशी आर्थिक विकास हासिल गर्न बहुआयामिक रणनीतिक योजना आवश्यक छ ।

### १.२.५ कोभिड-१९ महामारीको प्रभाव र पुनरुत्थानको आवश्यकता

सन् २०१९ को अन्त्यतिर चीनबाट सुरु भएको कोभिड-१९ (कोरोना) भाइरसको महामारीले नेपाललगायत विश्वभरका मुलुक प्रत्यक्ष वा परोक्ष रूपमा प्रताडित भइरहेका छन् । यस महामारीको प्रतिकूल असरबाट सबै प्रकारका उद्योग तथा पेशा-व्यवसाय प्रभावित छन् । हालै महामारीको नयाँ स्वरूपमा देखापरेको दोस्रो लहरले मानव समाजलाई थप चुनौती दिइरहेको छ । सम्भावित तेस्रो लहरको खतरा टरिसकेको छैन । मानव शरीरमा भाइरससँग लड्ने रोगप्रतिरोधी क्षमताको विकास गर्न र भाइरसका प्रतिकूल असर न्यूनीकरण गर्न उपयोगी खोपको विकास भए पनि विश्वबजारमा

यसको उच्च माग र न्यून उत्पादनका कारण नेपालजस्ता आफैं उत्पादन गर्न नसक्ने देशहरूले समयमा नै आवश्यक परिमाणमा खोप प्राप्त गर्न सक्ने अवस्था छैन ।

यस्तो विषम परिस्थितिबाट आम नागरिकको जीवनरक्षाका लागि गरिएको बन्दाबन्दीले पोखराको प्रमुख आर्थिक संवाहक पर्यटन धराशायी हुँदा औपचारिक र अनौपचारिक क्षेत्रमा गरी करिब एक लाख रोजगारी गुमेको अनुमान **महामारीको बृहत् प्रभाव मूल्यांकन सम्बन्धी अध्ययन २०७७** ले देखाएको छ । त्यसैगरी, कैयौं औपचारिक तथा अनौपचारिक क्षेत्रका साना र मझौला उद्यम-व्यवसायहरू कोरोना महामारीका कारण पर्यटकीय गतिविधि न्यून हुँदा बन्द हुन पुगेका छन् । तीमध्ये केही अझै पनि राहत र उद्धारको पर्खाइमा छन् । यस महामारीको सम्भाव्य दीर्घकालीन असरको पूर्वानुमानमा अधिकांश उद्यमी-व्यवसायी चिन्तित छन् । संघीय र प्रदेश सरकारले ल्याएका राहत तथा पुनरुत्थानका कार्यक्रमले साना तथा अनौपचारिक क्षेत्रका व्यवसायी र मजदुरका समस्या अपेक्षित रूपमा सम्बोधन हुन सकिरहेका छैनन् । यस्तो अवस्थामा निजी क्षेत्र तथा अन्य सरोकारवालाहरूसँगको सहकार्यमा स्थानीय सरकारले महामारी प्रभावित स्थानीय अर्थतन्त्रको संरक्षण र पुनरुत्थानका लागि अनुकूल वातावरण  निर्माण गरी व्यावसायिक मनोबल उकास्न जरुरी छ ।

उपरोक्त विषयहरू मनन गर्दै पोखरा महानगरपालिकाको मार्गदर्शनमा यस समावेशी स्थानीय आर्थिक विकास रणनीतिक योजना तर्जुमा गरी पोखराको प्राकृतिक तथा आर्थिक स्रोतहरूको समुचित उपयोगसहित हरित, दिगो र उत्थानशील आर्थिक अवसरहरू  प्रवर्द्धनको मार्गचित्र तयार गर्ने प्रयास गरिएको छ । समुदायका सबै पक्षलाई स्थानीय आर्थिक विकासमा सहभागी गराउँदै कोही पनि आर्थिक वृद्धिको प्रतिफलबाट वञ्चित हुन नपरोस् भन्ने अभिप्रायसहित समावेशी एवम् सहभागितामूलक प्रक्रिया अवलम्बन गरी यो समावेशी स्थानीय आर्थिक विकास रणनीतिक योजना तयार गरिएको हो । यसबाट महानगरलाई हरित, समावेशी र उत्थानशील आर्थिक विकासमार्फत् आमनागरिकको जीवनस्तर सुधार गर्न र समुन्नति हासिल गर्नका लागि मार्ग प्रशस्त हुने महानगरको अपेक्षा छ ।

## १.३ रणनीतिक योजनाको उद्देश्य

स्थानीय आर्थिक विकासको मूल ध्येय निर्दिष्ट भौगोलिक क्षेत्रमा आर्थिक गतिविधि प्रवर्द्धन र रोजगारी सृर्जनामार्फत् स्थानीय वासिन्दाको आर्थिक हैसियत र उत्पादन क्षमता अभिवृद्धि गर्नु हो । समावेशी स्थानीय आर्थिक विकास योजना एक यस्तो औजार हो जुन सरकार, निजी क्षेत्र, विकास साझेदार तथा नागरिक समाजको सहभागितामा स्थानीय जनताको सर्वोपरि हितलाई ध्यानमा राखेर निर्माण गरिन्छ । यस समावेशी स्थानीय आर्थिक विकास रणनीतिक योजनाको प्रमुख उद्देश्य पोखराको स्थानीय अर्थतन्त्रलाई थप समावेशी, दिगो, हरित र उत्थानशील बनाई दलित, महिला, आदिवासी जनजातिलगायत सम्पूर्ण सीमान्तकृत समुदायको आर्थिक सक्षमता विकास गर्दै विकासमा मूलप्रवाहीकरण गर्न आवश्यक रणनीति र कार्ययोजना तर्जुमासहित महानगरपालिकाको आवधिक तथा वार्षिक योजनामार्फत् कार्यान्वयनमा लैजान सहयोग पुऱ्याउनु हो । यसका विशिष्ट उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

१. पोखराको स्थानीय अर्थतन्त्रका प्रमुख संवाहकहरू पहिचान गर्ने,

२. पोखरामा समावेशी, दिगो, हरित र उत्थानशील आर्थिक विकासका सम्भावना र अवसरको लेखाजोखा गर्ने,
३. पोखरामा विविधीकृत र समावेशी आर्थिक अवसर प्रवर्द्धनका लागि उपयुक्त रणनीतिहरू तय गर्ने, र
४. पोखराको समावेशी, दिगो, हरित र उत्थानशील स्थानीय आर्थिक विकासका लागि पाँचवर्षे रणनीतिक कार्ययोजना तयार गर्ने ।

## १.४ रणनीतिक योजना तर्जुमा विधि र प्रक्रिया

पोखरा महानगरपालिकाको दीर्घकालीन सोच र स्थानीय आर्थिक विकास रणनीतिक योजना तर्जुमाको प्रक्रिया २०७६ वैशाखबाट नेपाल सहरी उत्थानशीलता परियोजना (सुदृढ) सँगको सहकार्यमा सुरु भएको हो । महानगरका निर्वाचित पदाधिकारीहरूसँगको परामर्शबमोजिम सुदृढ परियोजनाको विज्ञ टोलीले २०७६ वैशाखदेखि भदौसम्म शृङ्खलाबद्ध रूपमा मुख्य सरोकारवालाहरूसँग छलफल, बैठक र अन्तर्क्रिया गरेको थियो । सो क्रममा उद्योग-व्यवसाय सञ्चालन, उद्यमशीलता विकासका साथै साना तथा मझौला व्यवसायका लागि वित्तीय पहुँच र व्यावसायिक वातावरण सम्बन्धमा विद्यमान अवस्था र सुधारका उपाय विषयमा सूचना तथा सुझावहरू संकलन गरिएको थियो । यसैगरी, समावेशी स्थानीय आर्थिक विकासका सन्दर्भमा रहेका अवरोधहरू तथा सार्वजनिक तथा निजी क्षेत्रहरूबीचको प्रयासमार्फत् यी अवरोधबाट पार पाउने सम्भाव्य उपायहरू पहिचान गर्ने सम्बन्धमा समेत विशेष छलफल गरिएका थिए ।

त्यसैगरी, विभिन्न स्रोतबाट संकलन गरिएका द्वितीय तथ्यांक तथा सूचनाको विश्लेषणबाट प्राप्त नतिजा २०७६ फागुनमा आयोजित समावेशी स्थानीय आर्थिक विकास कार्यशालामा प्रस्तुत गरी समूहगत छलफल गर्दै आगामी कार्यदिशासहितका रणनीतिक कार्यक्रम र कार्ययोजना प्रस्ताव गरिएको थियो । आमन्त्रित विषयविज्ञका साथै महानगरका सम्बन्धित महाशाखा तथा शाखा प्रमुख र सुदृढ परियोजनाको प्राविधिक टोलीले स्थानीय आर्थिक विकासलाई गतिशील र समावेशी बनाउन पोखरा महानगरका प्रमुख आवश्यकता तथा प्राथमिकताहरू पहिचान गरी रणनीतिक योजनाको मस्यौदा तयार पारेको थियो । तर कोभिड-१९ सिर्जित महामारीको परिणामस्वरूप पहिला आकलन गरिएका सबै सूचना तथा रणनीति र कार्यक्रम एक पटक पुनरवलोकन गर्नुपर्ने अवस्था आइपऱ्यो ।

स्थानीय अर्थतन्त्रमा कोभिडसिर्जित महामारीका कारण परेको प्रतिकूल असरका सम्बन्धमा गरिएको प्रारम्भिक अध्ययनबाट पोखराको प्रमुख आर्थिक संवाहक पर्यटन क्षेत्र नराम्ररी प्रभावित हुने र अन्य व्यावसायिक क्षेत्रमा पनि व्यापक संकुचन आउन सक्ने संकेत देखियो । तसर्थ, समावेशी र उत्थानशील आर्थिक वृद्धिका लागि महानगरको अनौपचारिक क्षेत्र र घरपरिवारलाई समेत समेटेर समग्र अर्थतन्त्रमा महामारीले पारेको असरको बारेमा सूक्ष्म जानकारी हासिल गर्न २०७७ असोज–कात्तिकमा बृहत् प्रभाव मूल्यांकनको लागि स्थलगत अध्ययन गरियो । उक्त अध्ययनबाट प्राप्त निष्कर्षहरूका आधारमा परिमार्जन गरिएको समावेशी स्थानीय आर्थिक विकास रणनीतिक योजनाको मस्यौदामाथि २०७७ फागुनमा एक कार्यशाला आयोजना गरेर पुनः छलफल गरी महानगरको सहरी योजना आयोगका साथै अन्य सरोकारवालाबाट पृष्ठपोषण प्राप्त गरियो ।

कार्यशालाको पृष्ठपोषण र बृहत् प्रभाव मूल्यांकनबाट प्राप्त प्रमाणका आधारमा समावेशी स्थानीय आर्थिक विकास रणनीतिक योजनालाई थप परिष्कृत गर्दै समुन्नत पर्यटकीय पोखरा निर्माण गर्ने महानगरको दीर्घकालीन लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने ढंगमा प्रस्तुत गरिएको छ ।

## १.५ रणनीतिक योजनाका सीमा र मान्यता

प्रस्तुत समावेशी स्थानीय आर्थिक विकास रणनीतिक योजना पोखरा महानगरपालिकाका आमनागरिकको समुन्नतिको उच्च महत्वाकांक्षालाई सम्बोधन गर्ने दिशामा अघि बढ्न महानगरको निर्वाचित नेतृत्वको दृढ इच्छाशक्तिका साथ तर्जुमा गरिएको हो । संविधानप्रदत्त जिम्मेवारी तथा अधिकारसँगै चुलिएका जनअपेक्षाको योजनाबद्ध ढंगले सम्बोधन गर्ने हेतुले महानगरले सहरी योजना आयोग स्थापना गरेर अगाडि बढेको छ । नवगठित सहरी योजना आयोग सीमित स्रोतसाधनका बीच पनि महत्वाकांक्षी कार्यसूचीहरूमा समाविष्ट विभिन्न क्षेत्रगत नीति, योजना र रणनीतिहरू निर्माणमा जुटेको छ । यसै सिलसिलामा महानगरको दीर्घकालीन सोचले निर्दिष्ट गरे बमोजिम कुनै पनि नागरिक महानगरको स्थानीय विकासको मूल प्रवाहबाट नछुटून् भन्ने अभिप्रायले सम्भव भएसम्म वैज्ञानिक विधि र प्रक्रिया अवलम्बन गर्दै यो रणनीतिक योजना तर्जुमा गरिएको छ ।

यद्यपि, यस रणनीतिक योजनाका आफ्नै सीमा र मान्यताहरू छन् । सबैभन्दा प्रमुख विषय यस रणनीतिक योजनाको सफल कार्यान्वयन र समावेशी आर्थिक विकासको लक्ष्य हासिल गर्न महानगरले आफ्नो संस्थागत क्षमता र कार्यपद्धति सुधारमा उचित ध्यान पुऱ्याउन आवश्यक छ । नयाँ शासकीय संरचनामा गठित नेपालकै ठूलो महानगरमा उपलब्ध अवसर तथा चुनौतीहरूको रणनीतिक ढंगमा व्यवस्थापन गर्न सकिएमा नागरिकका सम्पन्नताका चाहना पूरा गर्न सम्भव छ । त्यसका लागि उत्थानशीलता, समावेशीकरण र दिगोपनाको सिद्धान्तलाई आत्मसात गर्दै यस योजनामा तय गरिएका रणनीति तथा कार्यक्रमको सन्तुलित र योजनाबद्ध कार्यान्वयन गर्न महानगर नेतृत्व पूर्ण प्रतिबद्ध छ भन्ने मान्यताको जगमा यो रणनीतिक योजना अडेको छ ।

कुनै पनि रणनीतिक योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित उपलब्धि सुनिश्चित गर्न स्थानीय सरकारका साथै, अन्य सरोकारवाला, सामाजिक संघसंस्था र निजी क्षेत्रको यथोचित अग्रसरता र अर्थपूर्ण सहकार्य अपेक्षित हुन्छ । यो योजनाको तर्जुमाको क्रममा जसरी नै यसको प्रभावकारी कार्यान्वयनमा सम्बद्ध सरोकारवाला पक्षहरूबाट उचित सहयोग, सद्भाव र सहकार्य प्राप्त हुने विश्वास गरिएको छ । स्थापित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रचलनहरूलाई आत्मसात गर्दै तर्जुमा गरिएको यो रणनीतिक योजनाका निम्नलिखित सीमा छन् :

- योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक परिमाणात्मक तथ्यांक नगरपालिका तहमा उपलब्ध नभएकोले मापनयोग्य परिसूचक परिभाषित गरेर महानगरको अहिलेको वस्तुस्थिति झल्कने आधाररेखा (बेसलाइन) तय गर्न सकिएको छैन ।

- नगरपालिका तहमा आवश्यक परिमाणात्मक तथ्यांकको अभावमा अपेक्षित नतिजाका आवधिक लक्ष्य निर्धारण गरेर प्रस्तावित कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन तथा मूल्यांकन ढाँचा (लगफ्रेम) तयार गर्न सकिएको छैन ।
- विभिन्न चरणमा गरिएका लक्षित समूह छलफल, विषयविज्ञसँगको अन्तर्वार्ता, महानगरका पदाधिकारी तथा कर्मचारी र कार्यशाला गोष्ठीहरूमा उठेका विषयमा गहन छलफल र उपलब्ध द्वितीय स्रोतका तथ्यांकको विश्लेषणबाट प्राप्त नतिजाको आधारमा समावेशी स्थानीय आर्थिक विकासका क्षेत्रगत प्राथमिकताहरू पहिचान गरिएको छ ।
- यो रणनीतिक योजना तर्जुमाको समयमा सुरु भएको विश्वव्यापी कोभिड-१९ महामारी अझै नियन्त्रण भइसकेको छैन, यो कति लामो समय रहन्छ र यसको प्रतिकूल असर स्थानीय अर्थतन्त्रमा कति गहिरो पर्छ भन्ने विषय सहजै अनुमान गर्न कठिन छ । यस्तो परिस्थितिमा बृहत् प्रभाव मूल्यांकनबाट प्राप्त नतिजालाई आधार मानेर तय गरिएका सबै रणनीति तथा कार्यक्रमहरू पूर्ण नहुन पनि सक्छन् ।
- कार्ययोजनामा प्रस्तुत गरिएका कार्यक्रमहरू बृहत् र महानगरका मध्यकालीन (तीन वर्षीय) र अल्पकालीन ( वार्षिक) योजना तथा कार्यक्रमलाई दिशानिर्देश गर्ने रणनीतिक प्रकृतिका भएकाले उक्त कार्यक्रमका लागि प्रस्ताव गरिएको बजेट अनुमानित र समयावधि सांकेतिक मात्र हो ।

# परिच्छेद २
# पोखराको वर्तमान अवस्था र योजनाबद्ध विकास प्रयास

## २.१ पोखरा महानगरको संक्षिप्त परिचय

नेपालको मध्यपहाडी भूभागमा अवस्थित पोखरा उत्तरतर्फ चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणतर्फ भारतलाई जोड्ने पुरानो र प्रमुख व्यापारिक मार्गमध्ये एक हो । साबिक पश्चिमाञ्चल विकास क्षेत्र र हाल गण्डकी प्रदेशको राजधानी पोखरालाई व्यापार-व्यवसायका हिसाबले काठमाडौंपछिको दोस्रो ठूलो र व्यस्त केन्द्र पनि मानिन्छ । नयाँ संवैधानिक व्यवस्थाअनुसार गठित पोखरा महानगरपालिका भूगोलका हिसाबले नेपालकै सबैभन्दा ठूलो महानगरमात्र नभई पर्यटकीय र आर्थिक गतिविधिको केन्द्रका रूपमा स्थापित छ। साबिकको पोखरा उपमहानगरपालिकामा लेखनाथ नगरपालिका र वरिपरिका गाउँपालिकाहरूसमेत समावेश भएपछि बनेको पोखरा महानगरपालिका प्रशासनिक रूपमा ३३ वटा वडामा विभक्त छ। यस परिच्छेदमा पोखरा महानगरका केही आधारभूत पक्षको संक्षिप्त चर्चा गरिएको छ।

### २.१.१ जनसंख्या

नेपालको जनगणना २०६८ अनुसार पोखरा महानगरपालिकामा स्थायी बसोबास गर्ने जनसंख्या करिब पाँच लाख छ। तर पोखरा अन्तर्राष्ट्रियस्तरको पर्यटकीय गन्तव्य तथा गण्डकी प्रदेशको प्रशासनिक केन्द्रसमेत भएकाले यहाँ अस्थायी बसोबास गर्ने जनसंख्या पनि स्थायीकै हाराहारी रहेको अनुमान छ। त्यसरी हेर्दा पोखराको कूल जनसंख्या अहिले करिब १० लाख पुगेको अनुमान छ । सामान्य अवस्थामा वार्षिक रूपमा करिब ६ लाख आन्तरिक र ५ लाख बाह्य गरी ११ लाख पर्यटकले पोखरा आवतजावत गर्ने गरेको तथ्यांक छ। यसरी हेर्दा पोखरा महानगरले वार्षिक २३ लाख मानिसका लागि सार्वजनिक सेवा प्रवाहको प्रबन्ध गरिरहेको छ ।

प्राचीन रूपमा मूलतः ब्राह्मण-क्षेत्री, दलित र गन्धर्व समुदायको बस्ती रहेको पोखरामा कास्कीका अन्तिम राजा सिद्धिनारायण शाहले भक्तपुरबाट व्यापारका लागि २६ नेवार परिवारलाई आमन्त्रण गरी बस्ती बसाएको ऐतिहासिक तथ्य छ । पोखरा उपत्यकाका छिमेकी जिल्ला तथा वरिपरिको क्षेत्रमा बस्दै आएको मंगोल समुदायमा प्रथम तथा दोस्रो विश्वयुद्धसँगै सुरु भएको गोर्खाभर्तीको 'लाहुरे संस्कृति' बढेसँगै सन् १९२० को दशकदेखि यो समुदाय पनि समथर पोखरामा बसाइसराइ गर्न थालेपछि ब्राह्मण-क्षेत्रीपछि गुरुङ, मगर तामाङलगायत समुदायको बाहुल्य छ ।

पोखरा भाषा, धर्म, जातजाति, रीतिरिवाज, संस्कार-संस्कृतिको विविधतामा एकता भएको सहर हो । यहाँ खसआर्य, मंगोल र मुस्लिम सममुदायका मानिस एकआपसमा आफ्ना सांस्कृतिक मूल्यमान्यता र परम्पराअनुसार लामो समयदेखि मिलेर बस्दै आएका छन् । प्राचीनकालदेखि नै क्षेत्री, ब्राह्मणलगायतका हिन्दु धर्मावलम्बी खसआर्यको बाहुल्य रहेको पोखरामा बढ्दो बसाइसराइ र सहरीकरणसँगै बौद्ध, मुस्लिम र क्रिश्चियनको संख्या पनि थपिँदै गएको छ। यस क्षेत्रमा

बसोबास गर्ने नेवार, गुरुङ, मगर आदि समुदायको आफ्नै परम्परागत मातृभाषा भए पनि अन्तरसमुदाय सम्पर्क भाषा र सरकारी कामकाजको क्रममा भने नेपाली भाषा नै प्रयोग हुने गरेको छ ।

## २.१.२ महिला तथा सीमान्तीकृत समुदाय

आधाभन्दा बढी (५१.४ प्रतिशत) महिलाको हिस्सा रहेको पोखरामा नेपाल सरकारको सीमान्तीकृत समुदायको सूचीमा परेका जाातजाति कूल जनसंख्याको अनुपातमा करिब २५ प्रतिशत रहेको देखिन्छ । महिला जनसंख्या तुलनात्मक रूपमा बढी भए पनि औपचारिक रोजगारी तथा आयआर्जनका क्षेत्रमा उनीहरूको हिस्सा प्रभावकारी ढंगमा प्रतिबिम्बित भएको देखिँदैन । पछिल्लो श्रमशक्ति सर्वेक्षण २०७५ को नतिजाअनुसार मूलधारका आर्थिक गतिविधिमा २६ प्रतिशत महिलाको प्रतिनिधित्व रहेको देखिन्छ, जबकि सोही क्षेत्रमा पुरुषको प्रतिनिधित्व ५४ प्रतिशत छ ।

नेपालका अन्य क्षेत्रमा जस्तै पोखरामा पनि औसत महिलाको जीविकोपार्जनको प्रमुख माध्यम घरायसी काम तथा कृषिमा आधारित गतिविधि रहिआएको छ । विस्तारै परिवेश परिवर्तन हुँदै जाँदा महिलाहरू पनि सरकारी नोकरी, पर्यटन, उद्योग-व्यापार तथा निर्माण क्षेत्रलगायतका आर्थिक गतिविधिमा संलग्न भएका छन् । यसरी प्रत्यक्ष आयआर्जनका क्रियाकलापमा बढ्दो महिला सहभागिताले उनीहरूको आर्थिक तथा सामाजिक स्तरमा सुधार गर्न र रोजगारीमा विद्यमान लैंगिक असमानता न्यूनीकरणमा योगदान पुगेको छ ।

पोखरा महानगरपालिकामा घरजग्गालगायतका स्थिर सम्पत्तिमा पनि पुरुषको तुलनामा महिला अनुपात कम छ । तर पछिल्लो समय सरकारले महिलाको नाममा घरजग्गा खरिद गर्दा लाग्ने शुल्कमा छुट दिने व्यवस्था गरेपछि भने एकल र संयुक्त स्वामित्वमा वृद्धि भएको देखिन्छ । यद्यपि, अन्य सम्पत्तिका हकमा भने संयुक्त स्वामित्व न्यूनमात्रै छ । यसले जग्गामा संयुक्त स्वामित्वका कारण प्राप्त हुने लाभका विषयमा जनचेतनामूलक कार्यक्रम आवश्यक रहेको देखाउँछ ।

यद्यपि, पुरुषप्रधान सामाजिक संरचना तथा सामाजिक विभेदका कारण बजार प्रणालीमा सहज पहुँचका आधारमा पनि महिला, तेस्रो लिंगी र विभिन्न सीमान्तीकृत जाति तथा समुदाय वञ्चितीकरणमा परेको अवस्था छ । सीमान्तीकृत समुदायका न्यून आयस्तरका र सरकारी सामाजिक सुरक्षा योजनामा नसमेटिएका व्यक्तिहरू सहरी क्षेत्रमा आयआर्जनका गतिविधिमा संलग्न हुनबाट वञ्चित हुने जोखिम छ ।

पोखरा महानगरमा अपांगता भएका जनसंख्याको अनुपात करिब १ प्रतिशत रहको अनुमान छ, जसमध्ये महिला करिब ४५ प्रतिशत रहेको देखिन्छ । अपांगता वा फरक क्षमता भएका व्यक्तिहरूका लागि सहज आयआर्जनको मुख्य अड्चन अपांगमैत्री अवसरको अभाव हो । कतिपय त्यस्ता व्यक्तिसँग विभिन्न कामका लागि सान्दर्भिक ज्ञान, सीप र दक्षता भएर पनि रोजगारदाताको संकुचित सोचका कारण (महिला र सीमान्तकृत समूहका व्यक्तिसमेत) आयआर्जनका अवसर र रोजगारीबाट वञ्चित रहनु परेको गुनासो सुन्ने गरिएको छ ।

### २.१.३ प्राकृतिक सुन्दरता र जैविक विविधता

समुद्री सतहबाट न्यूनतम ५०५ मिटरदेखि अधिकतम २६५० मिटरको उचाइमा फैलिएको पोखराको औसत उचाइ ८२७ मिटर छ । औसत ८२७ मिटरको उचाइमा अवस्थित पोखरा अन्नपूर्ण हिमशृङ्खला अन्तर्गतका ८ हजार मिटरभन्दा अग्ला हिमालमध्ये धवलागिरि, अन्नपूर्ण-१ र मनास्लुबाट २४ देखि ५६ कि.मी.को दूरीमा छ । संसारकै प्रसिद्ध हिमाली पदमार्ग अन्नपूर्ण संरक्षण क्षेत्र हुँदै प्रमुख हिमालका आधार शिबिर प्रवेशविन्दु पनि पोखरा नै हो । आँखा अगाडिको अनुपम हिमाली चित्ताकर्षक दृश्य, रमणीय प्राकृतिक सुन्दरता र निला तालहरूको संगमका कारण पोखरा संसारकै १० सुन्दर सहरमध्येको एकका रूपमा पनि परिचित छ ।

नेपालको झण्डै मध्यभागमा पर्ने पोखरा पूर्वमा कास्की जिल्लाका रूपा तथा मादी गाउँपालिका, पश्चिममा पर्वत जिल्ला  र कास्कीको अन्नपूर्ण गाउँपालिका, दक्षिणमा तनहुँ तथा स्याङ्जा जिल्ला र उत्तरमा कास्कीकै माछापुच्छ्रे र अन्नपूर्ण गाउँपालिकाद्वारा वेष्टित छ । नेपालको सबैभन्दा बढी पानी पर्ने स्थान पोखरामा वार्षिक औसत ५६०० मिलिमिटर वर्षात् हुने गरेको तथ्यांक छ । अत्यन्तै अनुकूल हावापानी भएको पोखराको तापक्रम न्यूनतम २ डिग्री सेल्सियसदेखि अधिकतम ३५ डिग्री सेल्सियससम्म पुग्ने गर्छ ।

पोखरा भौगोगिक तथा प्राकृतिक रूपमा मात्र नभएर जैविक विविधतामा पनि उत्तिकै धनी छ । प्राकृतिक रूपमा बनेका गुफा, ताल, नदी, खोला र खोल्सीले भरिएको पोखराका नौवटा ताल तथा जलाधार क्षेत्र रामसार क्षेत्रमा सूचीकृत छन् । पोखरा उपत्यकाका गुफा, ताल, नदीसँगै रहेका सीमसार एवम् जलाधार क्षेत्रका प्राकृतिक वनजंगल जैविक विविधताले भरिपूर्ण छन् । यसको उचित व्यवस्थापन गर्न सकेमा वन, वनस्पति, पुतली, चरा, वन्यजन्तुको अवलोकन एवम् अध्ययन-अनुसन्धान जस्ता पर्या-पर्यटनका गतिविधि सञ्चालन गर्न सकिने प्रचुर सम्भावना छ । अन्नपूर्ण संरक्षण क्षेत्र परियोजनाको तथ्यांकले पोखरा उपत्यकामा रहेका ताल, सीमसार र जलाधार क्षेत्रमा १७ प्रजातिका माछा, १४ प्रजातिका सरिसृप, ९० प्रजातिका चरा, १४ प्रजातिका बसाइ सरेर आउने चरा, ३४ प्रजातिका स्तनधारी जनावर र १४९ प्रजातिका बोटवृक्ष पाइने देखाएको छ । पोखरा महानगरपालिकामा रहेको सिँचाइ सुविधासहितको समथर उर्वर कृषि भूमिले पनि यहाँको प्राकृतिक सुन्दरता र जैविक विविधताको अवस्थाले आर्थिक विकासका लागि उपयोगी रहेको दर्शाउँछ ।

### २.१.४ भू-उपयोगको अवस्था

पोखरा महानगरको विद्यमान भू-उपयोगको अवस्था हेर्दा वन र कृषि क्षेत्रले सबैभन्दा बढी क्रमशः ४२.३० प्रतिशत र ४१.०५ प्रतिशत भूमि ओगटेको देखिन्छ । बस्तीसहितको आवासीय क्षेत्रले ६.२९ प्रतिशत, जलक्षेत्रले ४.२७ प्रतिशत र व्यवसायिक क्षेत्रले १.१० प्रतिशत भूभाग ओगटेको छ । सार्वजनिक प्रयोगको क्षेत्रमा ३.२१ प्रतिशत, सांस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रमा ०.०२ प्रतिशत र औद्योगिक क्षेत्रमा ०.०८ प्रतिशत भूमि उपयोग भएको देखिन्छ । महानगर

सीमाभित्र अन्य प्रयोजनका लागि १.६७ प्रतिशत भूभाग उपयोग भएको देखिन्छ। तालिका-१ ले पोखरा महानगरपालिकाको विद्यमान भू-उपयोगको तस्बिर प्रस्तुत गर्छ।

**तालिका १ : पोखरा महानगरपालिकाको विद्यमान भू-उपयोग अवस्था**

| भू-उपयोग वर्ग | क्षेत्रफल (वर्ग कि.मि.) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| कृषि योग्य क्षेत्र | १९०.५८ | ४१.०५% |
| वन क्षेत्र | १९६.३८ | ४२.३०% |
| जल क्षेत्र | १९.८० | ४.२७% |
| सार्वजनिक उपयोगको क्षेत्र | १४.९२ | ३.२१% |
| आवासीय क्षेत्र | २९.२० | ६.२९% |
| व्यावसायिक क्षेत्र | ५.१२ | १.१०% |
| औद्योगिक क्षेत्र | ०.३८ | ०.०८% |
| सांस्कृतिक तथा पुरातात्विक क्षेत्र | ०.०९ | ०.०२% |
| अन्य उपयोग | ७.७६ | १.६७% |
| **जम्मा** | **४६४.२४** | **१००%** |

*स्रोत : महानगरको जोखिम संवेदनशील भू-उपयोग योजना २०७७*

पोखरा महानगरमा कृषियोग्य भूमिको हिस्सा उच्च देखिए पनि यसको तीव्र रूपान्तरण हरित, दिगो र उत्थानशील सहरी विकासका लागि एक गम्भीर चुनौतीका रूपमा देखापरेको छ। विगत दुई दशकको अवधिको भू-उपयोग तथ्यांकले संरचना निर्माण भएको क्षेत्र वार्षिक औसत २५ प्रतिशतको हाराहारीमा वृद्धि भएको देखिन्छ। परिणामतः कृषियोग्य जमिनमा उल्लेख्य गिरावट आई करिब ५० प्रतिशतबाट ४१ प्रतिशतमा झरेको देखिन्छ। त्यसैगरी, पछिल्लो समय जमिन बाँझो राख्ने प्रवृत्ति बढेकाले खेती गरिएको जमिनको हिस्सा अझै खुम्चिँदै गएको छ। यो प्रवृत्ति कायमै रहे भविष्यमा पोखराको अधिकांश समथर भूमि संरचना क्षेत्रमा रूपान्तरण हुने जोखिम छ।

### २.१.५ वातावरण संरक्षण, जलवायु परिवर्तन र विपद्

अनुपयुक्त भू-उपयोग, अनियन्त्रित बस्ती, अनियोजित पूर्वाधार तथा अनियन्त्रित मानवीय गतिविधिका कारण वातावरणीय विनाश दिनानुदिन बढ्दो छ। वातावरणीय क्षय, जलवायु परिवर्तन र हरितगृह ग्यास उत्सर्जनमा नेपालको अंश नगण्य भए पनि यसका कारण सिर्जित प्राकृतिक विपत्तिका हिसाबले सबैभन्दा बढी जोखिममा रहेका देशहरूमध्ये नेपाल एक हो। कमजोर भौगर्भिक अवस्था, संवेदनशील पर्यावरण, विविधतापूर्ण भू-आकृति र अव्यवस्थित विकास प्रयासका कारण वातावरण क्षयीकरण र जलवायु परिवर्तनको सूक्ष्म प्रभावको दृष्टिले पनि पोखरा संकटाभिमुख रहेको मानिन्छ। त्यसैगरी, बढ्दो सहरीकरण र उपभोगवादका कारण अजैविक र औद्योगिक ठोस फोहोरको वैज्ञानिक व्यवस्थापन पनि वातावरणीय प्रभावका हिसाबले चुनौतीपूर्ण बन्दै गएको छ।

यसका अतिरिक्त, बढ्दो सामाजिक असमानता, सहरी गरिबी र रोजगारीको कमी लगायतका कारण जीविकोपार्जनका लागि प्राकृतिक स्रोतमा समुदायको उच्च निर्भरताले जलवायु परिवर्तनका साथै अन्य मानवसिर्जित महामारीका हिसाबले पनि पोखरा बढी संवेदनशील रहेको मानिन्छ । जलवायु परिवर्तनका विषम असरहरू वातावरण, जैविक विविधता, ऊर्जा, मानव स्वास्थ्यलगायतका क्षेत्रमा पर्दा पोखराको आर्थिक मेरुदण्ड र नागरिकको जीविकोपर्जनको स्रोत पर्यटन क्षेत्र तथा स्थानीय अर्थतन्त्र पनि अछुतो रहन सक्दैन ।

परिवर्तित पर्वतीय जलविज्ञान तथा प्राकृतिक भू-दृश्यमाथिको अवैज्ञानिक दोहनका प्रभावले पर्यापर्यटन, पर्वतीय पर्यटन र प्रकृतिमा आधारित पर्यटनलाई प्रतिकूल असर गर्छ । अनिश्चिततापूर्ण वर्षा र तापक्रमका कारण साना तथा व्यावसायिक दुवैथरी खेती प्रभावित हुन सक्छ । यसबाहेक, जलवायु परिवर्तनले सहरी वातावरणमा दबाब सृजना गर्नुका साथै जल तथा ऊर्जाको मागमा वृद्धि गर्छ, जसले खासगरी न्यून आय भएका समुदाय र क्षेत्रमा खानपान वा उपभोग संरचनामा परिवर्तन ल्याउन सक्छ । त्यसबाट मानव स्वास्थ्यका हिसाबले चुनौतीपूर्ण बन्दै गएका सर्ने तथा नसर्ने रोगजन्य महामारीको जोखिम पनि उत्तिकै छ ।

पोखरा महानगरले जलवायु परिवर्तनका प्रभावहरूप्रति अनुकूलित हुनका लागि प्रभावकारी रणनीतिहरू तर्जुमा गर्नै पर्छ । जलवायु परिवर्तनका कारण पर्यावरणीय चक्रमा असन्तुलन आउँदा अप्रत्याशित बाढी, आँधी, भूकम्प, भूक्षय, आगलागी, पूर्वाधारमा क्षति, डुबानका साथै जल, जमिन, हावाको गुणस्तरमा ह्रास आउँछ र यसबाट मानव स्वास्थ्यमा जोखिम बढ्न पुग्छ । विशेषगरी दोमट, बलौटे तथा गेग्रान माटोका साथै क्वार्जाइट, फिलाइट, स्यान्डस्टोनजस्ता चट्टान र पोखरा उपत्यकाको चारैतर्फ ससाना डाँडाहरूमा भिरालो जमिन भएकाले निरन्तर भूक्षय र पहिरोका घटना पनि बढ्दै छ । पोखरा वरिपरिको पहाडी बस्तीहरूमा बाक्लो मानव आबादी हुनुका साथै खेतीयोग्य जमिन छोएर बहने खोलाले बगाएर ल्याउने माटोको लेदोका कारण ताल तथा सीमसार क्षेत्र पुरिन गई त्यहाँ रहेका विभिन्न जलचर र जैविक विविधता जोखिममा पर्न सक्ने अवस्था छ ।

## २.२ सामाजिक तथा आर्थिक अवस्था

### २.२.१ पोखराको सामाजिक विकास

निरपेक्ष गरिबीका आधारमा पोखरा महानगर नेपालमा सबैभन्दा कम गरिबी भएको नगरपालिकामध्ये एक हो । राष्ट्रिय जनगणना २०६८ को तथ्यांकअनुसार आम्दानीका हिसाबले पोखराका करिब ३ प्रतिशत जनसंख्या गरिब छन् । विश्वप्रसिद्ध पर्यटन बजारबाहेक विदेशबाट प्राप्त हुने विप्रेषणका कारण पोखराको आर्थिक परिसूचक तुलनात्मक रूपमा राम्रा देखिएका हुन् । गरिबबीचको असमानता (सापेक्ष गरिबी) मापन गर्ने परिसूचक गरिबी अन्तर र गरिबी सघनता क्रमशः १.०८ तथा ०.३३ प्रतिशत रहेको छ । यसबाट गरिबीको राष्ट्रिय रेखाका आधारमा पोखरा महानगरलाई तुलनात्मक रुपमा न्यून गरिबी र समाजमा त्यसको तुलनात्मक असर न्यून भएको सहरका रूपमा चिनिन्छ ।

यद्यपि, आन्तरिक रूपमा अवसर तथा आयको वितरण र संकटासन्नताका आधारमा भने समावेशी आर्थिक विकासका लागि अझै सुधार गर्नुपर्ने अवस्था छ। त्यसमा आर्थिक पक्षभन्दा पनि सामाजिक मूल्यमान्यता र रीतिरिवाजले भूमिका खेलेको देखिन्छ। महानगरको वडा नं. २ बाहेकका अन्य सबै वडामा विभिन्न आकारका सुकुम्बासी तथा अव्यवस्थित वस्तीहरू रहेका छन्। कूल २१२ त्यस्ता वस्तीमा ९७५२ घरधुरी कृषियोग्य जमिनदेखि सडक अधिकार क्षेत्र (मापदण्डभित्रको) जमिन र भीर तथा नदीकिनारको बाँझो जमिनमा विगत तीन दशकभन्दा लामो समयदेखि जोखिमपूर्ण रूपमा बसोवास गरिरहेका छन्। यसले पोखरा महानगर निरपेक्ष गरिबीका आधारमा सम्पन्न देखिए पनि सहरी गरिबीका विविध आयाम र यसका विभिन्न सामाजिक परिणामबाट भने प्रभावित छ भन्ने संकेत गर्छ।

जनसांख्यिक संरचनाका आधारमा पोखरा महानगरपालिकामा प्रत्येक १०० महिला बराबर ९२ पुरुष रहेको देखिन्छ। यसको प्रत्यक्ष प्रभाव अन्य सामाजिक परिसूचकहरूमा देखिएको छ। महिला घरमूलीको अनुपात तुलनात्मक रूपमा बढी हुँदा निर्णय प्रक्रिया, सम्पत्तिको स्वामित्व, बालबालिकाको शिक्षा, स्वास्थ्य र सामुदायिक गतिविधिहरूमा महिलाको भूमिका निर्णायक बन्दै गएकाले प्रस्तुत गतिविधिसँग सम्बन्धित सामाजिक परिसूचकमा उल्लेख्य सुधार देखिएको हो।

राष्ट्रिय जनगणना २०६८ अनुसार पोखरा महानगरपालिकामा पाँच वर्षभन्दामाथिका जनसंख्यामध्ये जम्मा ८४.३ प्रतिशत साक्षर रहेको देखिन्छ। माध्यमिक शिक्षा परीक्षा (एसईई) सम्म पढ्नेको संख्या ७९.१० प्रतिशत छ। पुरुष साक्षरता दर ९१.७० प्रतिशत र महिला साक्षरता दर ७७.६० प्रतिशत छ। महिलाहरूको साक्षरता दर नेपालका अन्य स्थानीय तहको तुलनामा पोखरामा निकै उच्च रहेको देखिन्छ। त्यसैगरी यहाँको औसत आयु पनि राष्ट्रिय औसतभन्दा केही बढी ७०.५१ वर्ष रहेको छ। यसले यस क्षेत्रको मानव विकासको अवस्था राम्रो रहेको संकेत गर्छ। यहाँको मानव विकास परिसूचक राष्ट्रिय औसतभन्दा माथि शून्य दशमलव ५६७ (०.५६७) रहेको छ।

### तालिका २ : पोखरा महानगरपालिकाका प्रमुख सामाजिक परिसूचक

| परिसूचक | प्रतिशत |
|---|---|
| एसईईसम्म शिक्षा हासिल गर्ने जनसंख्या | ७९.१०% |
| पाँच वर्षमाथिको साक्षरता दर | ८४.३% |
| साक्षरता (पुरुष) | ९१.७०% |
| साक्षरता (महिला) | ७७.६०% |
| औसत परिवार संख्या | ३.८२ |
| पाइप-वितरित पानीमा पहुँच भएको परिवार | ९२.६% |
| विद्युत्मा पहुँच भएको परिवार | ९७.१% |
| शौचालय भएको घरपरिवार | ९९.०% |
| पक्की छानो भएका घरको प्रतिशत | ५२.८% |
| आफ्नै घर भएको घरपरिवार | ५५.८% |

*स्रोतः गाउँपालिका/नगरपालिकाको वस्तुगत विवरण, कास्की २०७४ (राष्ट्रिय जनगणना २०६८ मा आधारित)*

### २.२.२ पोखराको अर्थतन्त्र

पोखरा महानगर आर्थिक विकासको सम्भावना र विद्यमान आर्थिक गतिविधिका दृष्टिले पनि विविधतायुक्त छ । भूगोलका हिसाबले सबैभन्दा ठूलो २३ नम्बर वडा (४७.८० वर्ग कि.मी) प्राकृतिक स्रोतसाधन र कृषियोग्य भूमिमा धनी छ । क्षेत्रफलका आधारमा सबैभन्दा सानो वडा नम्बर ४ (०.५१ वर्ग कि.मी), वडा नम्बर ९, वडा नम्बर १० (जहाँ औद्योगिक क्षेत्र छ) लगायतका वडामा उद्योग-व्यापार र सेवा व्यवसायको बाहुल्य छ । त्यसैगरी, पोखराको पर्यटकीय आकर्षण बैदाम (लेकसाइड) क्षेत्र (वडा नम्बर ६), साबिक सराङकोट (वडा नम्बर १८) र साबिक लेखनाथ नगरपालिकाको बेगनास क्षेत्र (वडा नम्बर ३१) लगायतका क्षेत्र पर्यटकीय केन्द्रका रूपमा परिचित छन् । साबिक पोखरा उपमहानगरपालिकाबाहेक लेखनाथ नगरपालिका र अन्य गाउँ विकास समिति गाभिएर बनेका वडाहरूमा कृषि, पशुपालन तथा वनजन्य उत्पादनहरूको व्यापक सम्भावना रहेको छ । यसलाई आधुनिक, प्रविधिमैत्री र व्यावसायिक बनाउन सके व्यापक मात्रामा आयआर्जन र रोजगारी सृजनाको स्रोत हुन सक्छ ।

पोखरा महानगरको जनसंख्याको संरचना पनि आर्थिक विकासका दृष्टिले निकै अनुकूल रहेको छ । आर्थिक रूपमा सक्रिय मानिने १५ वर्षदेखि ६९ वर्ष समूहको जनसंख्याको अनुपात ६८ प्रतिशत छ । त्यसैगरी, जनसांख्यिक लाभांशका रूपमा चिनिने आय आर्जनका हिसाबले उत्पादनशील १५ देखि ४९ वर्ष समूहका युवा जनशक्तिको अनुपात ५७ प्रतिशत रहेको छ । यसबाट विद्यमान युवा जनशक्तिलाई सूचना प्रविधि (आईसीटी) र कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स-एआई) जस्ता क्षेत्रसँग जोडेर उद्यमशीलता प्रवर्द्धन गर्न सके द्रुत आर्थिक विकास र सामाजिक रूपान्तरणमा उल्लेख्य प्रगति हासिल गर्न सकिने देखिन्छ ।

**तालिका ३ : उमेर र लिंगअनूसार पोखराको जनसंख्याको संरचना**

| उमेर समूह | पुरुष | महिला | जम्मा | हिस्सा (प्रतिशत) |
|---|---|---|---|---|
| ० - १४ | ५९,८१४ | ५४,९०५ | ११४,७१९ | २८% |
| १५ - २९ | ६१,८१६ | ६९,३७९ | १३१,१९५ | ३३% |
| ३० - ४९ | ४३,६५५ | ५३,४८४ | ९७,१३९ | २४% |
| ५० - ७० | २१,१७४ | २३,८४० | ४५,०१४ | ११% |
| ७० भन्दा माथि | ६,५१८ | ८,४१० | १४,९२८ | ४% |
| जम्मा | १९२,९७७ | २१०,०१८ | ४०२,९९५ | १००% |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

पोखराको अर्थतन्त्रको अर्को प्रमुख स्रोत विदेशमा रोजगारी तथा पेशा-व्यवसाय गर्नेले पठाउने विप्रेषण हो । पोखरा महानगर गण्डकी प्रदेशको राजधानी मात्र नभएर आर्थिक वृद्धिको केन्द्र पनि हो । आन्तरिक उत्पादनबाहेक पर्यटनजन्य आम्दानी तथा विप्रेषणको जगमा बढ्दो मध्यमवर्गीय जनसंख्याका कारण दैनिक उपभोग्य सामग्रीका साथै निर्माण सामग्री र सवारी साधनजस्ता आधुनिक टिकाउ वस्तुहरूको माग हरेक वर्ष बढ्दो छ । यस्तो बढ्दो मागको आपूर्तिका हिसाबले भूगोल र वातावरण सुहाउँदा उत्पादन तथा प्रशोधन उद्योग र थोक तथा खुद्रा व्यापारले पनि यहाँको आर्थिक

अवसरहरूलाई हरित, दिगो र उत्थानशील बनाउन योगदान गरिरहेका छन् । यसले पोखरा महानगरमा घना वस्ती भएका बजार क्षेत्रलाई उचित व्यवस्थापन गर्दै अन्य क्षेत्रमा योजनावद्ध सहरी विकासमा जोड दिन सके पर्यटन, कृषि-पशुपालन, सूचना प्रविधि र उद्योगको व्यापार प्रवर्द्धन गर्न सकिने प्रचुर सम्भावना रहेको देखाउँछ ।

राष्ट्रिय आर्थिक गणना २०७५ को तथ्यांकअनुसार पोखरा महानगरपालिकामा कूल २८ हजार दुई सय १५ विभिन्न स्तरका उद्योग-व्यवसाय (व्यावसायिक एकाइ) हरू रहेको देखिन्छ । त्योबाहेक अनौपचारिक रूपमा पनि विभिन्न पेशा-व्यवसाय सञ्चालन भइरहेको छ भने आर्थिक गणनामा छुटेकाको संख्या पनि प्रशस्तै रहेको अनुमान स्थानीय सरोकारवालाहरूको छ । स्थानीय व्यावसायिक संघसंस्थाहरूको अनुमानमा अनौपचारिक रूपमा सञ्चालित साना तथा घरेलु व्यवसायको संख्या पनि गणनामा समावेशकै हाराहारी रहेको छ । गणनामा समावेश व्यावसायिक एकाइहरूमा कूल १,०४,४६९ जनाले रोजगारी प्राप्त गरेको तथ्यांक छ । अनौपचारिक क्षेत्रलाई पनि समावेश गर्ने हो भने एक लाख रोजगारी त पर्यटन क्षेत्रमा मात्रै रहेको संवद्ध संस्थाहरूको अनुमान छ ।

**तालिका ४ : पोखरा महानगरपालिकामा सञ्चालित उद्योग-व्यवसाय र रोजगारी**

| औद्योगिक वर्गीकरण | व्यावसायिक एकाइ | | रोजगारी | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| कृषि तथा वन | ३१५ | १.१२% | १,५१५ | १.४५% |
| उत्पादन तथा प्रशोधन | २,६७९ | ९.४९% | ११,१४३ | १०.६७% |
| खनिज, ऊर्जा, पानी तथा निर्माण | १४२ | ०.५०% | १,१३० | १.०८% |
| थोक तथा खुद्रा व्यापार | १५,२७९ | ५४.१५% | ३३,१४६ | ३१.७३% |
| यातायात भण्डारण र सूचना प्रविधि | १४८ | ०.५२% | १,६२० | १.५५% |
| पर्यटन तथा आतिथ्य उद्योग | ५,३०४ | १८.८०% | १९,४८९ | १८.६६% |
| वित्तीय तथा बीमा सेवा | ५४३ | १.९२% | ५,८९८ | ५.६५% |
| शिक्षा | ८०० | २.८४% | १६,९५८ | १६.२३% |
| मानव स्वास्थ्य | ५१३ | १.८२% | ६,०३१ | ५.७७% |
| अन्य | २,४९२ | ८.८३% | ७,५३९ | ७.२२% |
| **जम्मा** | २८,२१५ | १००.००% | १०४,४६९ | १००.००% |

*स्रोतः राष्ट्रिय आर्थिक गणना २०७५*

### २.२.३ पोखरा महानगरको आन्तरिक आय वा उत्पादन

महानगरको स्थानीय अर्थतन्त्र भन्नेबित्तिकै यहाँको कूल आन्तरिक उत्पादन (ग्रस म्युनिसिपल प्रडक्ट-जीएमपी) को विषय आउँछ । महानगरको कूल आन्तरिक उत्पादन वा आयले महानगर क्षेत्रभित्र वार्षिक रूपमा कति मूल्यको वस्तु तथा सेवा उत्पादन भयो वा स्थानीय माग सम्बोधन गर्ने वस्तु तथा सेवा खरिद गर्नमा कति रकम खर्च भयो भन्ने जनाउँछ । नेपालमा हालसम्म यसरी स्थानीय तहहरूको आन्तरिक अर्थतन्त्रको आधार चित्रित गर्ने गरी तथ्यांक संकलन तथा प्रशोधन गरिएको पाइँदैन । तसर्थ पोखरा महानगरको हकमा पनि यहाँको स्थानीय अर्थतन्त्रको आकार यति नै हो

भनेर भन्न सक्ने अवस्था छैन । यद्यपि, पोखरा महानगरको सहरी योजना आयोगले महानगरीय अर्थतन्त्रको आकार मापन गर्ने प्रयासमा गृहकार्य भने गरिरहेको छ ।

त्यसकारण, केन्द्रीय तथ्यांक विभागले प्रकाशन गरेको नेपालकै पहिलो आर्थिक गणना २०७५ को प्रतिवेदनको तथ्यांक उपयोग गरी महानगरस्तरीय आर्थिक गतिविधिको आकार अनुमान गर्ने प्रयास गरिएको छ । नेपालको राष्ट्रिय औद्योगिक वर्गीकरणअनुसार अर्थतन्त्रका प्रमुख १८ क्षेत्रमा उपलब्ध कास्की जिल्लाका स्थानीय तहहरूमा सञ्चालित व्यावसायिक एकाइहरूको संख्याका आधारमा उपयुक्त तथ्यांक शास्त्रीय विधि प्रयोग गरी महानगरको भार (वेट) अनुमान (एक्स्ट्राक्ट) गरिएको छ । त्यसैका आधारमा गणनामा समावेश महागनरभित्रका उद्योग-व्यवसायले पेश गरेको वार्षिक कारोबार आकलन गरी त्यसको योगफल प्राप्त गरिएको छ ।

त्यसरी औद्योगिक वर्गीकरणअनुसारका उद्योग-व्यवसायहरूको कारोबारलाई आधार मान्दा पोखरा महानगरको आन्तरिक उत्पादन वा आय वार्षिक रू. १ खर्ब ४५ करोड रहेको देखिन्छ । यसमा घरपरिवारको आम्दानी र सरकारी खर्च समावेश छैन भने आर्थिक गणनामा नसमेटिएका उद्योग-व्यवसायको कारोबार पनि आकलन गरिएको छैन । त्यसरी घरपरिवारको आम्दानी, सरकारी खर्च र गणनामा नसमेटिएका उद्योग-व्यवसायको कारोबार तथा विप्रेषणसमेत समावेश गर्दा पोखरा महानगरस्तरीय अर्थतन्त्रको आधार अझै ठूलो हुने अनुमान गर्न सकिन्छ ।

प्राप्त तथ्यांकका आधारमा पोखरा महानगरको अर्थतन्त्रमा थोक तथा खुद्रा व्यवसायको हिस्सा सबैभन्दा बढी २६.४० प्रतिशत देखिएको छ भने दोस्रोमा पर्यटन तथा आतिथ्य क्षेत्रको हिस्सा २५.४० प्रतिशत पाइएको छ । अन्य क्षेत्रको हिस्साको विस्तृत जानकारी तलको तालिकामा दिइएको छ ।

### तालिका ५ : पोखरा महानगरपालिकाको आन्तरिक आय वा उत्पादन

| औद्योगिक समूह | वार्षिक कारोबार/उत्पादन (रु. १० लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| कृषि, वन र मत्स्यपालन | ९०८.४७ | ०.९% |
| उत्पादन तथा प्रशोधन | १०४७५.४८ | १०.४% |
| खानी तथा उत्खनन् | ४९.२८ | ०.०२% |
| विद्युत् तथा ग्यास | ९३९.५७ | ०.९% |
| पानी तथा फोहरमैला व्यवस्थापन | ८३.४५ | ०.१% |
| निर्माण | १८०६.९९ | १.८% |
| थोक तथा खुद्रा व्यवसाय र सवारी मर्मत | २६५४४.१६ | २६.४% |
| यातयात तथा भण्डारण | ९१.८५ | ०.१% |
| सूचना तथा सञ्चार प्रविधि | ८०७.९७ | ०.८% |
| पर्यटन तथा आतिथ्यता उद्योग | २५४७७.१९ | २५.४% |
| बैंक वित्त तथा बीमा | ११८३२.९५ | ११.८% |
| शिक्षा | ११९४२.१६ | ११.९% |
| मानव स्वास्थ्य र सेवा | ५९३०.०८ | ५.९% |

| | | |
|---|---|---|
| घरजग्गा व्यवसाय | २१०.१५ | ०.२% |
| व्यावसायिक, प्राविधिक र वैज्ञानिक सेवा | ४०४.२५ | ०.४% |
| सार्वजनिक सेवा तथा प्रशासन | १६५६.७२ | १.६% |
| मनोरञ्जन र कलाकारिता | ३६२.४५ | ०.४% |
| अन्य | ९२७.१६ | ०.९% |
| **जम्मा** | १००,४५०.३३ | १००% |

*स्रोतः राष्ट्रिय आर्थिक गणना २०७५*

## २.३ पोखरामा योजनाबद्ध विकास प्रयास

पोखरामा पहिला पनि योजनाबद्ध विकासको प्रयास भएको देखिन्छ । पोखरा नगरपालिकाको सन्तुलित र दिगो विकासका लागि विभिन्न समयमा विभिन्न योजनाहरू निर्माण गरिएका छन् । तीमध्ये केही योजना पूर्ण त केही आंशिक रूपमा कार्यान्वयन भए भने केही कार्यान्वयनको पर्खाइमा छन् । फलस्वरूप, नतिजा पनि मिश्रित नै प्राप्त भएका छन् । तत्कालीन पोखरा उपत्यका नगर विकास समिति, पोखरा उपमहानगरपालिका, लेखनाथ नगरपालिकाबाट विभिन्न समयमा विभिन्न विषयगत योजनाहरू तर्जुमा भएका छन् । तीमध्ये दस्ताबेज उपलब्ध केहीको यहाँ चर्चा गरिएको छ ।

### २.३.१ पोखराको भौतिक विकास योजना २०३१

२०३१ मा तत्कालीन आवास, भवन तथा भौतिक योजना विभागको सहयोगमा तयार उक्त योजनामा विशेषगरी १८० वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको पोखरा उपत्यकाको भू-उपयोग र भौतिक विकास सम्बन्धी कार्यक्रमलाई प्राथमिकता दिइएको देखिन्छ । तत्कालीन पोखरा नगर पञ्चायतले योजनावद्ध विकासलाई विशेष ध्यानमा राखेर त्यो योजना तयार पारिएको देखिन्छ । उक्त योजनामा पोखरालाई मुस्ताङबाट काठमाडौं र भारत जोड्ने परम्परागत व्यापारिक मार्गको वरिपरिको आवादी र सम्बन्धित आर्थिक गतिविधिलाई प्राथमिकता दिएको देखिन्छ । भविष्यमा पोखराको आर्थिक विकास पर्यटनको विकाससँग जोडिने दूरदृष्टिअनुरूप उक्त योजनाले दीर्घकालीन उद्देश्य तय गरेको पाइन्छ, जुन अहिलेका लागि मार्गदर्शन बन्न सक्छ ।

- पोखरालाई हरित बगैंचा सहरको रूपमा विकास गर्ने
- यसलाई देशको पश्चिम क्षेत्रको प्रमुख सहरी केन्द्रको रूपमा विकास गर्ने
- पोखराको प्राकृतिक सौन्दर्यको संरक्षण गर्ने
- पोखरालाई स्वस्थ र उत्कृष्ट वासस्थानको सहर बनाउने

बढ्दो आवादी, जनसंख्या वृद्धि, पर्यटन विकासको सम्भावना, निजी लगानी आकर्षण तथा पोखरालाई तत्कालीन पश्चिमाञ्चल विकास क्षेत्रको प्रशासनिक केन्द्रजस्ता पक्षलाई विशेष ध्यान दिएर सो योजना तयार पारेको देखिन्छ । योजनाको प्रभावकारी कार्यान्वयनको लागि तत्कालीन गण्डकी अञ्चलका अञ्चलाधीश अध्यक्ष र कास्की जिल्लाको प्रमुख जिल्ला अधिकारी उपाध्यक्ष रहने गरी पोखरा नगर विकास कार्यान्वयन समिति गठन गरिएको देखिन्छ । पोखरामा

सन्तुलित सहरीकरणका लागि भवन निर्माण सम्बन्धी मापदण्डको समेत व्यवस्था गरिएको उक्त योजना फितलो कार्यान्वयनका कारण सोचेअनुरूप सफल हुन सकेको देखिँदैन ।

## २.३.२ पोखरा उपत्यका विकास गुरुयोजना २०७१

पोखरा उपत्यका विकास गुरुयोजना २०७१ सालमा निर्माण भएको हो । सो गुरुयोजना अन्तर्गतका गतिविधिहरू आ.व. २०७२/७३ मा प्रारम्भ गरी एक वर्षभित्रमा सम्पन्न गर्ने लक्ष्य लिइएको थियो, तर लक्ष्यअनुसार काम भएको देखिँदैन । उक्त योजनामा पोखरा उपत्यकाको आर्थिक-सामाजिक विकासको निम्ति निम्नअनुसारका परियोजनाहरू अगाडि सारेको देखिन्छ ।

१. पोखरा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र
२. पोखरा–नवलपुर द्रुत सुरुङ मार्ग
३. पोखरा राष्ट्रिय बस टर्मिनल
४. पोखरा अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला
५. राष्ट्रिय कला तथा साहित्य पार्क पोखरा
६. पोखरा राष्ट्रिय स्वदेशी हाटबजार (नेपाली कोशेलीघर)
७. पोखरा वनस्पति उद्यान
८. पोखरा टावर
९. पोखरा चिडियाखाना
१०. पोखरा म्युजिकल फाउन्टेन
११. पोखरा सम्पदा संरक्षण तथा जैविक विविधता पार्क
१२. पोखरा उपत्यका चक्रपथ
१३. सिद्धार्थ यशोधरा स्मृति पार्क
१४. पोखरा सार्वजनिक पुस्तकालय
१५. पोखरा साइकल लेन सिटी
१६. फेवाताल संरक्षण तथा व्यवस्थापन

## २.३.३ पोखरा तथा वरिपरिका क्षेत्रको एकीकृत पर्यटन विकास योजना २०७३

विश्व बैंक समूहअन्तर्गतको अन्तर्राष्ट्रिय वित्त निगमको प्राविधिक सहयोगमा तयार यो योजना नेपालको राष्ट्रिय रणनीतिक योजना सन् २०१५-२०२४ को मार्गदर्शनअनुसार बृहत्तर पोखराको सर्वांगीण विकासमा केन्द्रित देखिन्छ । योजनाको प्रमुख उद्देश्य पोखरालाई नेपालको पर्यटकीय गन्तव्य तथा क्षेत्रीय प्रशासन र सेवा केन्द्रको रुपमा विकास गर्ने रहेको देखिन्छ । यस योजनामा (१) सुधारिएको पूर्वाधार (२) विविधिकृत आर्थिक गतिविधि तथा अनुभव (३) वातावरण संरक्षण र (४) पोखराको बदलिँदो तस्बिर गरी चार वटा क्षेत्रगत लक्ष्यहरू तोकिएको छ । यस योजनामा ६ वटा ठूला पर्यटन गन्तव्यको विकास र ५५ सहयोगी परियोजना पहिचान गरिएका छन् । यीमध्ये देहायका नौ वटालाई रूपान्तरणकारी परियोजनाका रूपमा अगाडि बढाउने बताइएको छ ।

१. लेकसाइड वाटरफ्रन्ट विकास
२. रत्न मन्दिर बगैंचा
३. फेवाताल संगीत फोहरा
४. फेवाताल वरिपपरि पैदल मार्ग (फेवा फेरो)
५. सराङकोट डाँडामा पर्यटकीय संरचना

६. सेती खोँचमा आकाशे पैदलमार्ग (स्काई वाक)

७. अन्नपूर्ण प्राकृतिक संग्रहालयमा जीवित पुतली प्रदर्शनी कक्ष थप गरी स्तरोन्नति गर्ने

८. ढुंगे साँघु डाँडामा प्रकाश र नाटकको प्रदर्शनी

९. बेगनास तालमा वन्यजन्तु तथा अवलोकनको लागि पर्यावरणीय प्रदर्शन भवन

## २.३.४ पोखरा उपत्यका एकीकृत ताल व्यवस्थापन योजना २०७५

मुलुक संघीय संरचनामा गएपछि गण्डकी प्रदेशको वन तथा वातावरण मन्त्रालयद्वारा पोखरा महानगर क्षेत्रका १० वटा तालको संरक्षण संवर्द्धन र विकासमा केन्द्रित भएर यो योजना तर्जुमा गरेको देखिन्छ। पोखरा उपत्यकाका पोखरा महानगरपालिका, अन्नपूर्ण गाउँपालिका र रुपा गाउँपालिकालाई योजनामा समेटिए पनि यसको मुख्य केन्द्रमा पोखरा महानगरपालिकाका ताल क्षेत्रहरूको सामाजिक तथा आर्थिक विकास, जैविक विविधता तथा पर्याप्रणाली संवर्द्धन, जलवायु परिवर्तन न्यूनीकरणजस्ता क्षेत्रलाई राखिएको छ। त्यसका लागि सम्बन्धित क्षेत्रमा काम गर्ने संस्था तथा समुदायहरूको सक्रिय सहभागिता र सहकार्यलाई प्राथमिकतामा राखिएको छ।

स्थानीय बासिन्दाको दिगो समृद्धिको लागि पोखरा उपत्यकाका तालहरूको संरक्षण र समग्र सामाजिक पर्यावरणीय सन्निकटता जोगाउनका लागि तालहरूको एकीकृत व्यवस्थापन गरी नागरिकको सामाजिक-आर्थिक समृद्धिमा जोड दिइएको बताइएको छ। त्यसका लागि लोपोन्मुख तालहरूलाई पुरानो प्राकृतिक स्थितिमा पुनर्स्थापना गर्ने र पर्यटन प्रर्वद्धनका लागि सौन्दर्यकरण गर्ने लक्ष्य लिइएको छ। एकीकृत ताल व्यवस्थापनका लागि पोखरा महानगरलगायत सम्बद्ध संस्थाहरूको संस्थागत क्षमता सबल बनाउन योजनामा (१) सशक्त शासन प्रणाली (२) जैविक विविधता तथा पर्याप्रणाली संरक्षण (३) सामाजिक-आर्थिक समृद्धि (४) लैंगिक तथा सामाजिक समावेशिता (५) वातावरण मैत्री 'हरित' पूर्वाधार (६) जलवायु परिवर्तन तथा विपद् न्यूनीकरण (७) नियमन तथा सूचना व्यवस्थापन प्रणाली तथा (८) वित्तीय दिगोपना जस्ता आठ विषयगत क्षेत्र पहिचान भएका छन्।

## २.३.५ वहुवर्षीय परियोजनाहरू

नेपाल सरकारले आ.व. २०७२/७३ देखि विभिन्न १६ वटा नगरपालिकामा सहरी शासन तथा पूर्वाधार सुधार परियोजना (अर्बन गभर्न्यान्स एन्ड इन्फ्रास्ट्रक्चर इम्प्रुभमेन्ट प्रोजेक्ट-यूजीआईआईपी) सञ्चालन गर्दै आएको छ। विश्व बैंकको सहयोगमा सञ्चालित यो परियोजनामा पोखरा महानगरपालिका समावेश छ र त्यसको प्रमुख उद्देश्य महानगरको लागि रणनीतिक पूर्वाधारको सम्भाव्यता अध्ययन गरी लगानी जुटाउन सहयोग गर्नु रहेको छ। त्यसैगरी, सात प्रदेशमा ठूला सहर (मेगा सिटी) विकास गर्ने उद्देश्यले सहरी विकास तथा भवन निर्माण विभागको पोखरा-दमौली मेगासिटी परियोजना २०७५ सालदेखि सञ्चालन भइरहेको छ। यस परियोजनाको कार्यक्षेत्रमा पोखरा महानगरपालिका, शुक्लागण्डकी नगरपालिका, व्यास नगरपालिका र म्याग्दे गाउँपालिका रहेका छन्। यस क्षेत्रमा पोखरा महानगरपालिकाले उद्योग-व्यवसाय, पर्यटन र सूचना तथा सञ्चार केन्द्रको रूपमा महत्वपूर्ण भूमिका खेल्ने बताइएको छ। परियोजनाको

लक्ष्य 'साहसिक पर्यटन र वातावरणमैत्री दिगो मेगासिटी क्षेत्रको प्रवर्द्धनद्वारा आर्थिक रूपमा समृद्ध एवम् प्राकृतिक रूपमा दिगो र हरित सहरी विकास सुनिश्चित गर्ने' रहेको छ ।

यसरी विभिन्न समयमा पोखराको योजनावद्ध विकासका लागि प्रयासहरू भए पनि महानगरको अग्रसरतामा समावेशी स्थानीय आर्थिक विकासलाई प्राथमिकतामा राखेर पहिलो पटक यो रणनीतिक योजना तर्जुमा गरिएको छ ।

## २.४ कोभिड-१९ महामारी र यसको प्रभाव

कोभिड-१९ महामारीका कारण संसारभरि नै जनस्वास्थ्य र अर्थतन्त्रमा गम्भीर असर परेको छ । यसबाट पोखरा पनि निकै प्रभावित भएको छ । खासगरी पर्यटन क्षेत्रका गतिविधिहरू सुस्ताउँदा पोखराको अर्थतन्त्र नराम्ररी थला परेको छ । महानगरको प्रारम्भिक अध्ययनअनुसार लकडाउनको समयमा पोखराको पर्यटन उद्योगले मासिक करिब पाँच अर्ब रुपैयाँका दरले नोक्सान व्यहोरेको अनुमान छ । महामारीका कारण पर्यटनका साथै आन्तरिक व्यापार र नयाँ लगानीमा समेत न्यूनता आएको तथा महामारी अझै लम्बिने संकेत देखिएकाले आर्थिक मन्दीले सम्भवतः २०२२ सम्म निरन्तरता पाउने विश्व बैंकलगायतका अन्तर्राष्ट्रिय संस्थाहरूको प्रक्षेपण छ ।

राष्ट्रिय योजना आयोग, नेपाल राष्ट्र बैंक, युएनडीपीलगायतको अध्ययनले कृषिबाहेक उत्पादन तथा प्रशोधन, होटल तथा रेस्टुरेण्टहरू, यातायात, भण्डारण, शिक्षा तथा सञ्चार क्षेत्र सबैभन्दा बढी प्रभावित भएको देखाएका छन् । यद्यपि, महामारी अझै पूर्णरूपमा साम्य नभएकाले पर्यटनलगायतका आर्थिक गतिविधि लयमा फर्कन कति समय लाग्ने हो भन्न सकिँदैन । स्थानीय अर्थतन्त्रमा मात्र होइन राष्ट्रिय अर्थतन्त्रमा पनि महामारीको प्रभावका बारेमा अझैसम्म बलियो तथ्यांक र प्रमाणको अभाव रहेको छ । यस्तै अन्योलका बीच पोखरा महानगरले सुदृढ परियोजनाको प्राविधिक सहयोगमा महामारीले महानगर क्षेत्रमा पारेको असरबारे गरेको 'बृहत् प्रभाव मूल्यांकन २०७७' ले घरपरिवार, औपचारिक तथा अनौपचारिक व्यवसायहरू एवम् समुदायमा प्रत्यक्ष र परोक्ष रूपमा असर गरेको देखाएको छ । उक्त अध्ययनका प्रमुख नतिजा देहायबमोजिम छन् :

१. लकडाउनको अवधिमा पोखरामा ६४ प्रतिशत अनौपचारिक पेशा-व्यवसायीको आयमा गिरावट आएको र ९४ प्रतिशत त्यस्ता व्यवसायीको दैनिक उपभोगसमेत प्रभावित भएको,
२. ७८ प्रतिशत अनौपचारिक क्षेत्रका पेशा-व्यवसायीले महामारीका कारण वित्तीय संकटको सामना गरेको भए पनि त्यसको आधाभन्दा धेरै (५२ प्रतिशत) ले महामारीपश्चात् व्यवसाय विस्तार गर्ने सोच बनाएको र सरकारबाट उपयुक्त सहयोगको अपेक्षा गरेको,
३. पोखराको स्थानीय अर्थतन्त्रको प्रमुख संवाहक पर्यटन क्षेत्रका अनौपचारिक पेशा-व्यवसाय महामारीबाट सबैभन्दा बढी प्रभावित र पलायन भएको,
४. महामारी प्रभावित ५६ प्रतिशत अनौपचारिक क्षेत्रका व्यवसायीहरू संघ, प्रदेश तथा स्थानीय सरकारले घोषणा गरेका विभिन्न सहुलियत र राहत प्याकेजको विषयमा अनभिज्ञ रहेको,
५. पर्यटन क्षेत्रमा सक्रिय पेशा-व्यवसायीले महामारीका कारण रोजगारीका साथै व्यावसायिक दक्षता र कार्यकौशलसमेतमा गिरावट आएको बताएको,

६. महामारीका कारण घरपरिवार र समुदायमा आम्दानी घट्दा खासगरी निम्नवर्गीय परिवारमा दैनिक उपभोग तथा शिक्षा, स्वास्थ्यजस्ता शीर्षकमा गर्नुपर्ने अत्यावश्यक खर्च धान्न समस्या परेको, र

७. महामारीका कारण प्रभावितका लागि लक्षित समूह पहिचान गरी विगतको अनुभवका आधारमा सीपमूलक तालिमहरू महिला तथा अन्य सीमान्तकृत समुदायका व्यक्तिलाई प्राथमिकताका आधारमा प्रदान गरी आयआर्जनको अवसर सृजना गर्न महानगरपालिकाले विशेष कार्यक्रम ल्याउनुपर्ने सुझाव प्राप्त भएको ।

# परिच्छेद ३
# समावेशी स्थानीय आर्थिक विकास

## ३.१ स्थानीय आर्थिक विकासको अवधारणा

पछिल्लो समय विकासोन्मुख राष्ट्रहरूमा स्थानीय आर्थिक विकासलाई विकास अर्थशास्त्रको महत्वपूर्ण अवधारणाका रूपमा लिने गरिएको पाइन्छ । आर्थिक विकासका विधि र प्रक्रियालाई स्थानीय परिवेश अनुकूल सहरी योजना, भौतिक पूर्वाधार विकास र सामाजिक तथा मानव विकासका मापदण्डका आधारमा परिचालन गरी स्थानीयको जीवनस्तर सुधार गर्दै स्थानीय तहलाई समग्रतामा अग्रगामी रूपान्तरण गर्नु यसको प्रमुख ध्येय हो । स्थानीय शब्दले आर्थिक विकासका योजना, रणनीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनको प्रक्रियामा सुरुआती चरणदेखि नै खास विशेषतासहितको भौगोलिक क्षेत्र र त्यसका आर्थिक-सामाजिक चरित्रलाई विशेष महत्व दिनुपर्ने विषयमा जोड दिएको छ ।

संघीय शासन प्रणाली अवलम्बन गरेका देशहरूमा संविधानमा नै व्यवस्था गरेर प्रत्येक स्थानीय तहलाई अधिकार सम्पन्न बनाइएको हुन्छ । उनीहरूलाई आफ्नो क्षेत्र अनुकूलको विकासको ढाँचा अवलम्बन गर्ने र आर्थिक-सामाजिक रुपान्तरणका लागि योजना तथा रणनीतिहरू तर्जुमा गरेर कार्यान्वयन गर्ने अधिकार दिइएको हुन्छ । सोहीअनुरूप प्रत्येक स्थानीय तह आफ्नो भूगोलका साथै आर्थिक-सामाजिक चरित्रहरूको गहन अध्ययन गरेर उपलब्ध प्राकृतिक, भौतिक तथा मानवीय स्रोतको उच्चतम उपयोग गर्दै समुन्नति हासिल गर्ने कार्यक्रम सञ्चालन गर्न स्वतन्त्र हुन्छन् ।

अधिकारसँगै दायित्व पनि जोडिएर आउँछ । तसर्थ, स्थानीय तहले देहायका बृहत् उद्देश्य हासिल गर्नका लागि आर्थिक विकास योजना र कार्यक्रमहरू तर्जुमा गरी उपलब्ध स्रोतसाधनको आदर्शतम परिचालन गर्न सकेमा वास्तविक रूपमा स्थानीय आर्थिक विकास प्राप्त हुन सक्छ ।

### ३.१.१ स्थानीय स्तरमा हरित रोजगारी सृजना

विकासोन्मुख देशहरूको प्रमुख समस्या उच्च वेरोजगारी हो । विभिन्न किसिमका सामाजिक, मनोवैज्ञानिक तथा वातावरणीय समस्याका प्रमुख कारकमध्ये बेरोजगारीलाई पनि एउटा मानिन्छ । तसर्थ, स्थानीय आर्थिक विकासको महत्वपूर्ण परिसूचकको रूपमा रोजगारी सृजनालाई लिने गरिन्छ । स्थानीय स्तरमा भएका अवसरहरूको समुचित उपयोग गरी वातावरणमैत्री ढंगबाट रोजगारी सृजना गर्न स्थानीय सम्भावनाका आधारमा पर्यटन, कृषि तथा पशुपालन, उद्योग तथा व्यापारजस्ता आर्थिक गतिविधिका क्षेत्रलाई सूचना तथा सञ्चार प्रविधि र युवा लक्षित कार्यक्रमहरूसँग जोड्ने प्रयास गर्नुपर्छ । आर्थिक वृद्धिको संवाहक निजी क्षेत्रको सक्रिय सहभागिताविना आवश्यक लगानी परिचालन, उत्पादन वृद्धि र रोजगारी सृजना दिगो हुन नसक्ने भएकोले निजी क्षेत्रमैत्री नीतिनियम र व्यावसायिक वातावरण सुधार पनि स्थानीय आर्थिक विकासको एजेन्डा बन्नुपर्छ ।

### ३.१.२ गरिबी न्यूनीकरण र सामाजिक रूपान्तरण

अल्पविकसित मुलुकहरूको अर्को प्रमुख समस्या व्यापक गरिबी र सामाजिक पछौटेपन हो । त्यही आमगरिबी र पछौटेपनलाई चिर्दै देशलाई आर्थिक समृद्धि र सामाजिक रुपान्तरणको बाटोमा अगाडि बढाउने रणनीतिको रूपमा स्थानीय आर्थिक विकासको अवधारणा आएको मानिन्छ । स्थानीय आर्थिक विकास योजनामा लगानी प्रवर्द्धन, उत्पादन वृद्धि, रोजगारी सृजना र सम्पत्ति आर्जनका साथै आयको न्यायोचित वितरण र सामाजिक सुरक्षाजस्ता विषयलाई पनि समावेश गर्नुपर्छ। स्थानीय आर्थिक संवाहकहरूको आदर्शतम परिचालन गर्दै रोजगारी सृजना, गरिबी निवारण, सामाजिक सुरक्षा र सामाजिक न्यायका माध्यमबाट सवै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नका लागि लक्षित कार्यक्रम आवश्यक पर्दछन् । तसर्थ, भौतिक विकासका साथै सामाजिक न्यायअन्तर्गतका शिक्षा, स्वास्थ्य, खानेपानी, युवा, लैंगिक समानता तथा महिला सशक्तीकरण र सामाजिक संरक्षणजस्ता क्षेत्रलाई स्थानीय विकास योजनामा समेटिनु पर्छ ।

### ३.१.३ राजस्वको आधार विस्तार

संघीय शासन व्यवस्था भएका मुलुकमा संविधानले नै स्थानीय तहलाई कर लगाउने र राजस्व उठाउने अधिकार दिएको हुन्छ। नेपालको सन्दर्भमा स्थानीय तहलाई सम्पत्ति तथा भूमि कर, बहाल आय कर, सवारी साधन कर, विज्ञापन कर, व्यवसाय कर र मनोरञ्जन कर लगाउने अधिकार छ। साथै, विभिन्न शुल्क, दस्तुर र प्राकृतिक स्रोतको बिक्रीबाट पनि स्थानीय तहले राजस्व संकलन गर्दै आएका छन् । त्योबाहेक प्रदेश तथा संघीय सरकारले उठाउने मूल्य अभिवृद्धि कर, आय कर, अन्तःशुल्कबाट संकलित राजस्व पनि स्थानीय तहलाई बाँडफाँट हुने गर्छ। यसरी प्राप्त हुने राजस्वले खर्च धान्न नसक्ने भएमा संघीय र प्रदेश सरकारबाट अनुदान लिनुपर्छ, जुन विभिन्न परिसूचक तथा स्थानीय तहको कार्यसम्पादनमा निर्भर हुन्छ। तसर्थ, स्थानीय तहले तर्जुमा गर्ने आर्थिक विकास योजनाको प्रमुख उद्देश्य स्थानीय स्तरमा उद्योग-व्यवसाय र रोजगारी प्रवर्द्धन गरी राजस्वको आधार विस्तार गर्ने हुनुपर्छ ।

## ३.२ स्थानीय आर्थिक विकासका संवाहक

स्थानीय आर्थिक विकासको लागि सम्बन्धित स्थानीय तहको क्षेत्राधिकारमा उपलब्ध प्राकृतिक, भौतिक तथा मानवीय स्रोतसाधनको महत्वपूर्ण भूमिका हुन्छ। उपलब्ध स्रोतसाधन, बजार, रोजगारी सृजनाको सम्भावना, गरिबी न्यूनीकरणमा योगदानका आधारमा केही आर्थिक गतिविधिका क्षेत्रलाई विशेष प्राथमिकतामा राखेर स्थानीय आर्थिक विकास रणनीति तथा कार्ययोजना तर्जुमा गरिनुपर्छ। त्यसरी छनौट गरिएका प्राथमिकताका क्षेत्रलाई स्थानीय आर्थिक विकासका संवाहकका रूपमा लिइन्छ। स्थानीय आर्थिक विकासका संवाहक छनौट गर्दा माथि उल्लेख गरिएका बृहत् उद्देश्य हासिल गर्न ती क्षेत्रहरूले पुऱ्याउने योगदानलाई मुख्य आधार बनाउनु पर्ने हुन्छ । **साथै, समावेशी आर्थिक अवसरहरूको प्रवर्द्धन, न्यूनकार्बन उत्सर्जन, जलवायु परिवर्तन अनुकूलनशीलता एवम् विपद् उत्थानशीलतालाई पनि आत्मसात गरेर स्थानीय आर्थिक संवाहकहरू छनौट गरिनुपर्छ**। कुनै भौगोलिक क्षेत्रको आर्थिक विकासलाई हाँक्ने अगुवा क्षेत्रहरू, जसलाई माथि

आर्थिक संवाहक भनेर सम्बोधन गरिएको छ, छनौट गर्दा देहायबमोजिमका सैद्धान्तिक पक्षलाई पनि आधार मान्नुपर्ने बुझाइ छ ।

### ३.२.१ निरपेक्ष लाभका क्षेत्र

निरपेक्ष लाभ कुनै स्थानविशेषमा मात्र प्राकृतिक रूपमा उपलब्ध वस्तु तथा सेवा उत्पादन गर्न सक्ने क्षमता वा कच्चापदार्थ वा विशेष गुण वा वातावरणको समुचित उपयोगबाट प्राप्त हुन्छ । त्यस्ता क्षमता, गुण र वातावरण प्राप्तिको लागि कुनै किसिमको वित्तीय लगानी आवश्यक पर्दैन वा जतिसुकै ठूलो लगानीबाट पनि प्राप्त गर्न सकिँदैन । त्यसैगरी, कुनै वस्तु वा सेवा उत्पादन तथा वितरणमा आवश्यक प्रविधि वा प्रणालीमाथिको एकाधिकारका कारण पनि निरपेक्ष लाभ प्राप्त हुने गर्छ । तसर्थ, उत्पादनका साधन, कच्चापदार्थ, प्रविधि, भौगोलिक अवस्थिति तथा वातावरणीय अनुकूलता र कतिपय अवस्थामा कानुनी प्रावधानका कारण पनि निरपेक्ष लाभ प्राप्त हुने गर्छ ।

पोखराको हकमा विशिष्ट भौगोलिक अवस्थिति, अनुपम प्राकृतिक सुन्दरता, भरिपूर्ण जैविक विविधतासँग आवद्ध आर्थिक गतिविधि र पेशा-व्यवसाय नै यहाँको अर्थतन्त्रका लागि निरपेक्ष लाभका क्षेत्र हुन् । ती समग्र निरपेक्ष लाभका आधारभूत तत्वहरूसँग जोडिएको र पहिलेदेखि नै पोखराको स्थानीय अर्थतन्त्रमा रोजगारी, गरिबी न्यूनीकरण र राजस्व परिचालनमा अग्रणी योगदान रहेको एकमात्र क्षेत्र पर्यटन हो । पोखरामा कुनै पर्यटकले प्राकृतिक तालको छेउमा बसेर आठ हजार मिटरभन्दा अग्ला चुचुराहरूको हिमश्रृंखला अवलोकन गर्दै विश्वस्तरीय आधुनिक आतिथ्य सेवाको आनन्द लिन सक्छ, जुन अवसर नेपालका अन्य स्थानमा त छैन नै संसारमा पनि निकै कम स्थानमा मात्र उपलब्ध छ । तसर्थ, पोखराको आर्थिक संवाहकको सूचीमा अग्रपंक्तिमा पर्यटन तथा यससँग जोडिएका आतिथ्यता र सेवा क्षेत्रलाई लिन सकिन्छ ।

### ३.२.२ सापेक्ष लाभका क्षेत्र

सापेक्ष लाभ कुनै वस्तु वा सेवा एक निश्चित क्षेत्रमा उत्पादन तथा वितरण गर्दा लाग्ने प्रतिएकाइ (सीमान्त) लागत वा अन्य क्षेत्रसँगको तुलनामा व्यहोर्नु पर्ने अवसर मूल्यका माध्यमबाट प्राप्त हुन्छ । अर्को शब्दमा, उपलब्ध वैकल्पिक स्थानमध्ये जुनमा अन्य स्थानको तुलनामा कम प्रतिएकाइ लागतमा न्यूनतम अवसर मूल्य व्यहोरेर वस्तु तथा सेवा उत्पादन र बिक्री-वितरण गर्न सकिन्छ त्यसमा नै सापेक्ष लाभ प्राप्त हुन्छ । उत्पादित वस्तु तथा सेवाको माग, बजार पहुँच, उत्पादनका साधन (जनशक्तिसहित) र कच्चापदार्थको सहज उपलब्धता कुनै पनि स्थानविशेषको सापेक्ष लाभका प्रमुख निर्धारक मानिन्छन् । साथै, प्रविधिको उपलब्धता, वित्तीय पहुँच, व्यवस्थापकीय कौशल र श्रम तथा पुँजीको दक्षताले पनि सापेक्ष लाभ हासिल गर्नका मद्दत पुऱ्याउँछ ।

पोखरको सन्दर्भमा बजारको पहुँच, वस्तु तथा सेवा (उपज) को उपलब्धताअनुसार सीमान्त उत्पादन लागत र अवसर मूल्यका हिसाबले पर्यटन नै सापेक्ष लाभ क्षेत्रको अग्रपंक्तिमा देखिन्छ । खासगरी, पर्यटकीय उपजहरू प्राकृतिक रूपमा नै निःशुल्क उपलब्ध भएको हुनाले पोखरामा त्यस्ता उपजको सीमान्त उत्पादन लागत नगन्यमात्रै छ । सापेक्ष

लाभको अर्को क्षेत्रका रूपमा कृषि तथा पशुपालनलाई लिन सकिन्छ । यहाँको विशिष्ट भूगोल, प्राकृतिक तथा वातावरणीय अनुकूलता, बजार पहुँच र मागका आधारमा विभिन्न किसिमका विशिष्टिकृत कृषि उत्पादनहरू पहिचान गरी उच्चतम प्रविधिको प्रयोगले त्यस्ता उत्पादनबाट सापेक्ष लाभ हासिल गर्न सकिन्छ । उदाहरणका लागि पोखरा महानगरपालिकामा भएका प्राकृतिक तालहरूको समुचित उपयोग गरी न्यून लागतमा माछा उत्पादन गर्न सक्ने क्षमता प्रशस्त छ ।

त्यस्तै, विभिन्न किसिमका औषधिजन्य जडिबुटीको पकेट क्षेत्र घोषणा गरी व्यावसायिक उत्पादन गर्न सके विदेश निर्यातबाट देशकै व्यापारघाटा कम गर्न योगदान पुग्नेछ । दैनिक उपभोग्य तरकारीको हकमा त यहाँको स्थानीय उत्पादनले करिब आधा मागमात्रै धान्ने गरेको अवस्थामा कृषिको व्यावसायीकरणबाट रोजगारी सृजना, गरिबी न्यूनीकरण र राजस्व परिचालनमा समेत उल्लेख्य योगदान पुग्ने निश्चित छ ।

### ३.२.३ प्रतिस्पर्धी लाभका क्षेत्र

कुनै उत्पादन, सेवा वा स्थानविशेषको विशिष्ट पहिचान (ब्रान्ड), लोकप्रियता र विशिष्ट गुणका कारण ती उत्पादन, सेवा वा स्थानलाई समान प्रकृतिका अन्यको तुलनामा बजारमा प्रतिस्पर्धा गर्न सहज हुन्छ । त्यही सहजतालाई नै अर्थशास्त्रमा प्रतिस्पर्धी लाभ भनिन्छ । प्रविधिमा आधारित औद्योगिक उत्पादन तथा वैज्ञानिक उत्पादनहरूको हकमा श्रमिकको दक्षता, व्यवस्थापनको कार्यकुशलता, उच्चतम प्रविधिको उपलब्धता र विशिष्टिकृत उपक्षेत्र (मार्केट क्लस्टर) का कारण पनि प्रतिस्पर्धी लाभ प्राप्त हुने गर्छ ।

पोखराको हकमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा यसको विशिष्ट पहिचान (ब्रान्ड), लोकप्रियता र विशिष्टिकृत उपक्षेत्रका दृष्टिकोणबाट फेरि पनि पर्यटन नै अग्रस्थानमा आउँछ । तसर्थ, पोखराको पर्यटनलाई यहाँको मुख्य बजारमा सीमित हुन नदिएर वरिपरिका ग्रामीण क्षेत्रसम्म विस्तार गर्न सके पर्यटनको प्रतिस्पर्धी लाभबाट स्थानीय कृषि उत्पादनलाई समेत विस्तारित र विकसित हुने अवसर प्राप्त हुन सक्छ ।

त्यसैगरी, पोखरमा उपलब्ध विश्वस्तरीय युवा जनशक्ति (जनसांख्यिक लाभांश) अनुकूल हावापानी र अनुपम प्राकृतिक सौन्दर्यका कारण यसलाई सूचना प्रविधिको केन्द्र (साइबर सिटी) का रूपमा विकास गर्न सकिने प्रशस्त सम्भावना छ । महानगरपालिकाले पोखरालाई न्यूनकार्बन उत्सर्जनयुक्त स्मार्ट सिटीका रूपमा विकास गर्ने दीर्घकालीन लक्ष्यसमेत लिएको अवस्थामा युवा लक्षित सूचना तथा सञ्चार प्रविधिमैत्री उद्योग व्यवसायमार्फत् पनि प्रतिस्पर्धी लाभका साथै हरित, दिगो तथा उत्थानशील आर्थिक विकास हासिलमा उल्लेख्य योगदान पुग्ने देखिन्छ ।

## ३.३ स्थानीय आर्थिक विकासका सहयोगी क्षेत्र

स्थानीय आर्थिक विकास बहुआयामिक अवधारणा भएकोले हरित, दिगो, समावेशी र उत्थानशील आर्थिक विकास हासिल गर्न सबै क्षेत्र तथा अवयवबीच समुचित समन्वय र सहकार्य आवश्यक पर्छ । रोजगारी, गरिबी न्यूनीकरण तथा राजस्व परिचालनका हिसाबले अर्थतन्त्र हाँक्ने अग्रणी क्षेत्र वा संवाहकलाई सहज रूपमा सञ्चालन गर्ने वातावरण सृजना गर्न, उपलब्ध अवसर र सम्भावनाहरूबाट लाभ प्राप्त गर्न र आवश्यक मात्रामा बाह्य लगानी आकर्षित गर्ने विषयमा

अन्य क्षेत्र तथा उपक्षेत्रहरूको पनि महत्वपूर्ण भूमिका रहन्छ। त्यस्ता क्षेत्रलाई सहयोगी वा अन्तरसम्बन्धित क्षेत्रका रूपमा पहिचान गरी अग्रणी क्षेत्रलाई अपेक्षित गतिमा अगाडि बढ्न सहयोग पुग्ने गरी विकास र सवलीकरण गरिनुपर्छ। स्थानीय आर्थिक विकासका प्रमुख सहयोगी वा अन्तरसम्बन्धित क्षेत्रहरू देहायका छन् :

### ३.३.१ शान्तिसुरक्षा र सुशासन

राजनीतिक स्थिरता, दिगो शान्ति र सुशासन आर्थिक विकासका आधारस्तम्भ हुन्। स्थानीय आर्थिक विकास समग्र देशको स्थिरता र शासन प्रणालीबाट समेत प्रभावित हुने भए पनि पूर्ण रूपमा सम्बन्धित स्थानीय तहको शान्तिसुरक्षा र सुशासनमा निर्भर गर्छ। जनमुखी र सक्षम नेतृत्वका साथमा सेवामुखी र पारदर्शी प्रशासनले स्थानीय शासन प्रणालीलाई विधिसम्मत, स्वच्छ, निष्पक्ष, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँछ। र, अर्थतन्त्रका संवाहक निजी क्षेत्र, समुदाय, सामाजिक संघसंस्था र विकास साझेदारहरूलाई आफ्ना गतिविधि सञ्चालन गर्न सहज वातावरण र उत्प्रेरणा प्रदान गर्छ। यसबाट स्थानीय स्तरमा प्राप्त हुने सेवासुविधामा जनताको सहज पहुँच सुनिश्चित गर्दै निजी क्षेत्रलाई लगानी विस्तार, रोजगारी सृजना र उत्पादन अभिवृद्धि गर्ने वातावरणको प्रत्याभूति हुन्छ।

स्थानीय आर्थिक विकास योजनाको तर्जुमा र कार्यान्वयनमा स्थानीय सरकारले नेतृत्व लिए पनि निजी क्षेत्रसँगको समन्वय र सहकार्यविना अपेक्षित नतिजा हासिल गर्न सकिँदैन। तसर्थ, सरकार र निजी क्षेत्रबीच बलियो र विश्वसनीय साझेदारी हुनु आवश्यक छ। यस्तो साझेदारीका कारण पारस्परिक विश्वास तथा आत्मविश्वासको वातावरण सृजना भई सरकारलाई शान्तिसुरक्षा र सुशासन कायम गर्न मद्दत मिल्छ भने निजी क्षेत्रलाई लगानी प्रवर्द्धन, उद्यमशीलता विकास र कानुनको पालनामा प्रोत्साहन प्राप्त हुन्छ।

### ३.३.२ सहज वित्तीय पहुँच

सुदृढ र समावेशी वित्तीय प्रणालीलाई अर्थतन्त्रको रक्तसञ्चार मानिन्छ। उक्त वित्तीय प्रणालीका सदस्य वा बैंक तथा वित्तीय संस्था संघीय सरकार मातहतको केन्द्रीय बैंकको नीतिनियमको अधीनमा रही आफ्नै व्यावसायिक मूल्यमान्यता र लगानीकर्ताको मार्गदर्शनमा सञ्चालित हुनुपर्ने हुन्छ। तसर्थ, बैंक तथा वित्तीय संस्थाको सेवासुविधा (वित्तीय उपकरण) मा मुख्य आर्थिक केन्द्रबाट टाढा र विकट स्थानीय तहमा रहेका उद्यमी-व्यवसायीको सहज पहुँच पुग्न सक्दैन। विशेषगरी लघु र साना उद्योगका साथै महिला तथा सीमान्तकृत समुदायमा उद्यमशीलता विकास, (स्व)रोजगारी सृजना र जीविकोपार्जन सुधारका अवसरमा संलग्न हुन अवरोध उत्पन्न हुन्छ।

सहज वित्तीय पहुँचमा अवरोधका कारण विभिन्न हुन सक्छन्। तीमध्ये वित्तीय साक्षरताको कमी, धितो राख्ने सम्पत्तिको अभाव, आवश्यक प्रमाण पुऱ्याउन नसक्नु, झन्झटिलो कागजी प्रक्रिया र आवश्यक सहयोगका लागि सेवा केन्द्रको अभाव मुख्य हुन्। बैंकिङ तथा वित्तशास्त्रका जटिल प्राविधिक विषय र सम्बन्धित प्रावधानको ज्ञान नहुँदा र दर्ता, कर चुक्ता, घरभाडा सम्झौताका साथै व्यावसायिक परियोजना प्रस्तावजस्ता आधारभूत कागजात आफैंले तयार गर्न नसक्नु नै साना तथा लघु उद्यमका लागि सहज वित्तीय पहुँचमा बाधक बनेको देखिन्छ। तसर्थ, स्थानीय आर्थिक

विकास योजनाले इच्छुक र योग्य उद्यमीहरूलाई बैंक तथा वित्तीय संस्थाहरूबाट कर्जा प्राप्त गर्न सहजीकरण गर्ने, व्यावसायिक योजना तर्जुमा सम्बन्धी क्षमता विकास, वित्तीय साक्षरता अभियानजस्ता कार्यक्रम समावेश गर्नु आवश्यक छ ।

### ३.३.३ व्यावसायिक प्रणाली

कुनै पनि व्यवसायको प्रारम्भिक अवधारणा विकासदेखि दर्ता, सञ्चालन, कर तथा अन्य कानुनको पालना, पारवहन तथा व्यवसाय बन्द गर्नेसम्मका सबै प्रक्रिया र सम्बन्धित सरोकारवालाहरूको व्यवहारको एउटा चक्रलाई व्यावसायिक प्रणाली (बिजनेस इकोसिस्टम) भनिन्छ । उक्त प्रणालीभित्र रहेर व्यवसाय सुरुवातदेखि सञ्चालन र आवश्यकताअनुसार बन्द गर्ने क्रममा उद्योगी-व्यवसायीले सरकारी, गैरसरकारी, सामुदायिक संघसंस्था र निकायका साथै विभिन्न अनौपचारिक स्वार्थ समूहहरूसँग समेत सहकार्य वा तिनको सामना गर्नुपर्ने हुन्छ ।

उदाहरणका लागि, सुरुवाती चरणमा विभिन्न निकायमा दर्ता अनुमति तथा इजाजत, वन तथा वातावरणको मापदण्ड र झन्झटिलो सार्वजनिक खरिद प्रक्रिया पूरा गर्नुपर्छ । सञ्चालनका क्रममा समुदाय, बैंक तथा वित्तीय संस्था, सुरक्षा निकाय, कर अधिकारी र विभिन्न स्वार्थ समूहका सदस्यसँग समन्वयको आवश्यकता हुन्छ । यसबाहेक पनि निजी क्षेत्रका आफ्नै सरोकारका विषयहरू जस्तैः आवश्यक सूचना प्राप्ति, व्यावसायिक योजना तथा रणनीति तर्जुमा, कर्मचारी भर्ना, लगानी व्यवस्थापन, कच्चापदार्थ आपूर्ति र उत्पादित वस्तु तथा सेवाको वितरणजस्ता विषय पनि व्यावसायिक प्रणालीसँग जोडिएका हुन्छन् ।

यसरी बृहत् व्यावसायिक प्रणालीका हरेक अवयवले व्यावसायिक दक्षताका लागि अवसर र अवरोध दुवै सृजना गर्न सक्छन् । कुनै अवयवमा सानो समस्या आउँदा समग्र प्रणालीमा नै प्रतिकूल असर पर्न जान सक्छ र व्यावसायिक वातावरण धूमिल भई निजी क्षेत्रको दक्षतामा ह्रासमात्र नआएर स्थानीय अर्थतन्त्रमा नै नकारात्मक प्रभाव पर्न सक्छ । अर्कोतर्फ कुनै एक अवयवको सहयोग र सहजीकरणले समग्र प्रणालीमा सहजकर्ता (लुब्रिकेन्ट)को काम गर्छ र व्यावसायिक वातावरण सुधारमार्फत् निजी क्षेत्रको दक्षता अभिवृद्धि गरेर स्थानीय अर्थतन्त्रलाई सुदृढीकरण गर्न मद्दत पुर्‍याउँछ । तसर्थ, स्थानीय आर्थिक विकास योजनामा कर प्रणालीको एकीकरण, औद्योगिक श्रम सम्बन्ध सुधार, व्यावसायिक सुरक्षाको प्रत्याभूति र अर्थपूर्ण सार्वजनिक निजी साझेदारीको रणनीतिमार्फत् व्यावसायिक प्रणालीमा सहजीकरण गरी लगानीको वातावरणमा सुधारका कार्यक्रम पनि समावेश गर्नुपर्छ ।

### ३.३.४ समावेशी, दिगो एवं उत्थानशील पूर्वाधार

स्थानीय आर्थिक विकासको सन्दर्भमा आधारभूत पूर्वाधारको अभावलाई गरिबीको मूल कारकमध्ये एक मानिन्छ । भौतिक पूर्वाधारको सहज पहुँचले महिला, किशोरी, अपांगता भएका व्यक्तिका साथै समाजका सीमान्तीकृत समूहलाई शिक्षा, स्वास्थ्यसेवाको उपयोग वृद्धि हुँदा मानव पुँजीको उत्पादकत्व र कार्यदक्षता बढ्न जान्छ । यसबाट आर्थिक

गतिविधिहरूमा बढोत्तरी भई रोजगारी सृजना र गरिबी न्यूनीकरणमा योगदान पुग्छ। स्थानीय आर्थिक विकासमा पूर्वाधार योजनाहरू स्थानीय वासिन्दा, खासगरी महिला र बहिष्कृत समूहको रोजगारीका स्रोतसमेत हुन्।

अनौपचारिक क्षेत्रका उद्यम-व्यवसायका लागि पूर्वाधार उत्तिकै महत्वपूर्ण छ। अहिले उपयुक्त सहरी पूर्वाधारको अभावमा अधिकांश अनौपचारिक क्षेत्रका उद्यम-व्यवसाय फुटपाथमा सञ्चालन भइरहेको अवस्था छ। महानगरनगरले उपयुक्त क्षेत्रमा अनौपचारिक रूपमा सञ्चालित उद्यम-व्यवसायका लागि सहयोगी पूर्वाधारको प्रावधान गर्न सके ती व्यवसायीहरूलाई औपचारिक क्षेत्रमा ल्याउन समेत मद्दत पुग्न जान्छ। तसर्थ, स्थानीय आर्थिक विकास योजनामा सडक, पुल, बजार केन्द्रका साथै आमयातायात र सञ्चार, सुरक्षित आश्रय र आधारभूत पोषण, स्वच्छ पिउने पानी र सरसफाइ, फोहोर व्यवस्थापन र विद्युत्का साथै बालबालिका, अशक्त र ज्येष्ठ नागरिकका लागि स्याहार-सुसार केन्द्रजस्ता सामाजिक सुविधाका पूर्वाधारमा विशेष ध्यान दिनुपर्छ।

### ३.३.५ दक्ष जनशक्ति

आवश्यक सीप र दक्षताको अभावमा स्थानीय आर्थिक विकासका संवाहकहरूको वृद्धिमा अवरोध पुग्नुका साथै स्थानीय अर्थतन्त्रलाई सम्पन्नता हासिल गर्ने दिशामा चुनौती सिर्जना हुन्छन्। तसर्थ, स्थानीय अर्थतन्त्रको लागि आवश्यक दक्ष कामदारहरूको माग पूरा गर्न महानगरपालिकाले प्राविधिक तथा व्यावसायिक प्रशिक्षण संस्थाहरूसँगको सहाकार्यमा क्षमता तथा दक्षता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्नुपर्छ। पोखराको हकमा पर्यटन तथा आतिथ्य क्षेत्र, औद्योगिक तथा निर्माण, सूचना तथा सञ्चार प्रविधि र कृषिको व्यावसायिकरणजस्ता क्षेत्रमा पर्याप्त तालिम र प्रशिक्षण कार्यक्रम सञ्चालन गरी दक्ष मजदुर अभाव सम्बोधन गर्न सकिन्छ। निरन्तर वृद्धि हुँदै गइरहेको पर्यटन, कृषि, प्रशोधन र औद्योगिक क्षेत्रलाई सहयोग पुर्‍याउन तथा गुणस्तरीय श्रमशक्तिको बढ्दो मागको पूर्ति गर्न आवश्यक परे नयाँ व्यावसायिक तालिम केन्द्रहरू पनि स्थापना गर्नुपर्छ।

## ३.४ समावेशी स्थानीय आर्थिक विकास

पोखरा महानगरपालिकाले यहाँको आर्थिक-सामाजिक विकासलाई मार्गदर्शन गर्न तर्जुमा गरेको दीर्घकालीन सोच २१०० तथा रणनीतिक योजनाले आगामी २३ वर्षमा पोखरालाई एक समुन्नत पर्यटकीय सहरका रूपमा स्थापित गर्ने लक्ष्य लिएको छ। उक्त रणनीतिक योजनामा पोखरामा उपलब्ध स्रोतसाधन र अवसरहरूको वस्तुपरक विश्लेषण गरी आर्थिक विकासका संवाहकको पहिचान गरिएको छ। व्याप्त चुनौतीको सामना गर्दै पहिचान भएका आर्थिक संवाहक क्षेत्रहरूको प्रवर्द्धनबाट विविधिकृत र समावेशी आर्थिक वृद्धि हासिल गर्न रणनीतिहरू परिभाषित गरिएको छ। त्यही दीर्घकालीन सोच र मार्गदर्शनलाई आत्मसात गर्दै महानगरले यहाँको समुन्नतिमा सबै लिंग, जाति, समुदाय र क्षेत्रलाई मूलप्रवाहीकरण गरी समाजवादउन्मुख अर्थतन्त्र निर्माणमा अग्रसर हुन समावेशी स्थानीय आर्थिक विकासमा जोड दिएको छ।

समावेशी स्थानीय आर्थिक विकासलाई गरिबी न्यूनीकरण लक्षित सामाजिक समावेशीकरणयुक्त, जलवायु परिर्वतन अनुकूलित, विपद् उत्थानशील र सूचना प्रविधिमैत्री उद्योग-व्यवसायसहितको आर्थिक रूपान्तरणको प्रक्रियाका रूपमा परिभाषित गरिएको छ। आमनागरिकका सरोकार वा चासोका विषयहरूलाई योजनाबद्ध विकासका कार्यक्रम सञ्चालनमार्फत् दिगो र सबै वर्ग, लिंग, समुदाय, आर्थिक हैसियत वा भूगोलका हिसाबले आर्थिक अवसर तथा स्रोतमा समान पहुँच प्रत्याभूति गरी सन्तुलित विकासमा यसले जोड दिन्छ। यसबाहेक, योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकनका समग्र प्रक्रियामा सबै सरोकारवालाको सक्रिय सहभागिता र अपनत्वमा जोड दिन्छ।

समावेशी स्थानीय आर्थिक विकास रणनीतिक योजना आफैंमा एकीकृत र बहुआयामिक दस्तावेज हो। यसमा स्थानीय सरकारका साथै संघीय तथा प्रदेश सरकारका विषयगत मन्त्रालय र निजी क्षेत्रको पनि भावना समाहित छ। समावेशी स्थानीय आर्थिक विकास रणनीतिक योजना देहायका आधारभूत सिद्धान्तमा अडेको छ।

- **लैंगिक समानता तथा सामाजिक समावेशीकरणः** नागरिकको लैंगिकता, सम्पन्नताको स्तर, योग्यता, भूगोल, जातीयता, भाषा, संगठन वा यस्तै कारणले भोग्नुपरेको असमान शक्ति सम्बन्धलाई सम्बोधन गर्ने।
- **समाजमा विद्यमान विभिन्न असमान शक्ति सम्बन्ध**लाई पुनःसन्तुलित गर्दै असमानता न्यूनीकरण र समान अधिकार अवसर तथा सम्मानमा जोड दिन्छ।
- **स्थानीय भूगोललाई** स्पष्ट रूपमा परिभाषित गरी स्थानीय परिवेश अनुकूल रणनीति र कार्यक्रम तय गरिन्छन्।
- गुणस्तरीय जीवन र आर्थिक सम्पन्नताका सामूहिक सूचकांकहरू परिभाषित गरी अपेक्षित दिशामा प्रगति हासिल गर्नु **साझा लक्ष्य** हुनेछ। यसले **सार्वजनिक-निजी साझेदारी**लाई पनि स्थान दिएको हुनुपर्छ।
- **स्वायत्त प्रशासनिक तथा शासकीय एकाइ,** जसले स्थानीय सरकारका एकल तथा साझा अधिकार क्षेत्रभित्र रही निर्णय गर्ने तथा लगानी गर्ने अधिकार राख्छ।

स्थानीय आर्थिक विकासको प्रक्रियालाई समावेशी र उत्थानशील बनाउनका लागि प्रमुख स्थानीय सरोकारवालाहरूको अग्रसरतामा यो प्रक्रिया सुरुवात भई उनीहरूको पूर्ण स्वामित्वमा अगाडि बढ्नुपर्छ। खासगरी, स्थानीय तह (सरकार) को अग्रसरता र नेतृत्व तथा निजी क्षेत्रको अपनत्वविना स्थानीय आर्थिक विकास प्रक्रियामा सुरुदेखि नै वित्तीय लगानी र प्रतिफलको वितरणजस्ता महत्वपूर्ण विषयमा जटिलता उत्पन्न हुन गई अपेक्षित उपलब्धि हासिल हुन सक्दैन। यसर्थ, समावेशी स्थानीय आर्थिक विकास योजनाको सफल कार्यान्वयन स्थानीय सरकारका निर्वाचित पदाधिकारीको नेतृत्व र स्थानीय निजी क्षेत्रको स्वामित्वका साथै अन्य सरोकारवालाहरूको सौहार्दपूर्ण सहयोगविना असम्भव हुन्छ।

तालिका ६ : समावेशी स्थानीय आर्थिक विकासका आधारभुत अवयव

| अवयवहरू | मुख्य कार्यहरू |
|---|---|
| भौगोलिक क्षेत्र | सीमांकन गर्ने |
| साझा उद्देश्य | गुणस्तरीय जीवन र सम्पन्नता हासिल गर्नका लागि सामाजिक आर्थिक परिवर्तनका सूचकांकहरू निर्धारण गरेर प्रमुख सार्वजनिक तथा निजी साझेदारहरूबाट मानक निर्धारण गर्ने |
| संयुक्त स्थानीय स्वामित्व | सार्वजनिक-निजी दुवै क्षेत्रको स्थानीय लगानी<br>क्रियाकलापहरू छनोट र प्राथमिकीकरण गर्न एउटा संयुक्त कार्यदल/संयन्त्र गठन |
| समावेशी | लैंगिकता, जातीयता, अपांगता, सामाजिक-आर्थिक अवस्था र भूगोलका हिसाबले समान अवसर तथा स्रोतमा पहुँच सुनिश्चित गर्न शक्तिको सन्तुलनको विद्यमान अवस्थालाई पुनःसन्तुलित गर्नका लागि कार्यहरूको ढाँचा बनाउने |
| विकास | सुदृढ सामाजिक समावेशीकरण, जलवायु परिवर्तन उत्थानशीलता तथा न्यूनकार्बनउन्मुख सामाजिक-आर्थिक परिवर्तनका लागि कार्यक्रम सुरु गर्ने |
| सार्वजनिक–निजी साझेदारी | निरन्तरको अर्थपूर्ण संवादका माध्यमले निजी तथा सार्वजनिक साझेदारबीचमा सौहार्दपूर्ण रूपमा साझा उद्देश्य प्राप्तिका लागि सहमतिमा काम गर्ने |
| स्वीकार्य र सहभागितामूलक निकाय/मञ्च-संयन्त्र | सार्वजनिक-निजी साझेदारीमा एक कानुनी र अधिकार सम्पन्न स्थानीय आर्थिक विकास निकाय/मञ्च-संयन्त्र स्थापना, जसले महानगरको एकल तथा साझा अधिकार क्षेत्रभित्र कार्यक्रम सञ्चालन र लगानी परिचालन गर्ने क्षमता राख्छ |

*स्रोतः जेड. कुलेनोभिच, जो एन्ड चेक, अलेक्सान्ड्रा, कम्पिटिटिभ सिटिज फर जब्स एन्ड ग्रोथ, विश्व बैंक-२०१५*

## ३.५ अपेक्षित उपलब्धि

समावेशी स्थानीय आर्थिक विकास योजनाले स्थानीय सरकार, निजी तथा गैरसरकारी क्षेत्र र स्थानीय समुदायलाई संयुक्त रूपमा साझा उद्देश्यमा काम गर्ने अवसर उपलब्ध गराउँछ। यसबाट उनीहरूको संस्थागत क्षमता अभिवृद्धिमार्फत् रचनात्मक प्रतिस्पर्धा प्रवर्द्धन गर्दै विविधिकृत आर्थिक अवसरहरूको बढोत्तरी र समावेशी वृद्धिको माध्यमबाट स्थानीय अर्थतन्त्रमा सुधार हुने अपेक्षा गरिन्छ । समावेशी स्थानीय आर्थिक विकासमा भौतिक पूर्वाधार योजना, आर्थिक तथा सामाजिक क्षेत्र र बजार प्रणालीका साथै वातावरण संरक्षण, व्यावसायिक प्रणाली, भू-उपयोग र सार्वजनिक तथा निजी वित्त आदि विषय समेटिएका छन् ।

समावेशी स्थानीय आर्थिक विकासको प्रक्रियामा सार्वजनिक तथा निजी क्षेत्र र नागरिक समाजले आर्थिक वृद्धि, रोजगारी सृजना, जलवायु परिवर्तन अनुकूलनको र विपद् उत्थानशीलता निर्माणका क्षेत्रमा सामूहिक रूपमा काम गर्छन् । विश्वका धेरै देशको अनुभवका आधारमा समावेशी स्थानीय आर्थिक विकासको अवधारणालाई खास भौगोलिक क्षेत्र (स्थानीय तह) मा सन्तुलित आर्थिक-सामाजिक रुपान्तरण हासिल गर्ने एक प्रभावकारी प्रक्रियाका रूपमा स्वीकार गरिएको छ । तर सबै सरोकारवालाका आ-आफ्नै विशेष स्वार्थ र उद्देश्य हुने भएकाले सबैका अपेक्षाको सम्बोधन गर्ने कार्य भने चुनौतीपूर्ण छ ।

तसर्थ, समावेशी स्थानीय आर्थिक विकास योजना तर्जुमा गर्दा स्थानीय तहका अन्य योजना, रणनीति तथा कार्यक्रमहरूसँग समन्वय र सहकार्य गरी तोकिएको अवधिमा देहायबमोजिमका अपेक्षित उपलब्धिहरू हासिल हुने ढंगमा विस्तृत कार्ययोजना प्रस्तुत गर्नुपर्छ :

**संस्थागत क्षमता सुदृढीकरण**

- स्थानीय सरकार, निजी एवम् सहकारी क्षेत्रका सरोकारवालाहरूको संगठन संरचना र संस्थागत क्षमता सुदृढ भई समावेशी स्थानीय आर्थिक विकासको प्रवर्द्धनका लागि दिगो संयन्त्र स्थापित गर्दै समन्वय र सहकार्य भएको हुने
- समावेशी स्थानीय आर्थिक विकास अवधारणाको मर्म बमोजिम दिगो आर्थिक वृद्धि हासिल गर्न शान्तिसुरक्षा र सुशासन, स्थानीय तहको आवधिक तथा वार्षिक योजना तर्जुमा र कार्यान्वय प्रक्रियामा सुधार भएको हुने
- आफ्नो क्षेत्राधिकारभित्र समावेशी स्थानीय आर्थिक विकास हासिल गर्न आवश्यक नीति, रणनीति एवम् गुरुयोजना तर्जुमा र कार्यान्वयनमा स्थानीय तहको क्षमता विकास भएको हुने
- स्थानीय सरकारप्रति आर्थिक विकासका साझेदारका साथै आमनागरिक र समुदायको विश्वास तथा भरोसा वृद्धि भएको हुने

**विस्तारित रोजगारी**

- महिला तथा सीमान्तकृत समुदायको उल्लेख्य पहुँचसहित आमनागरिकका लागि रोजगारी तथा आयआर्जनका अवसरहरू विस्तारित भएको हुने
- गैरपरम्परागत आर्थिक क्रियाकलापमा वृद्धि भई महिला, सीमान्तकृत र विशेष क्षमता भएका व्यक्ति तथा समुदायमा उद्यमशीलता र स्वरोजगारी वृद्धि भएको हुने
- अत्याधुनिक प्रविधि र वातावरणमैत्री उद्योग, सेवा क्षेत्र तथा पेशा-व्यवसायमा योग्य, दक्ष एवम् तालिमप्राप्त सूचना प्रविधिमैत्री युवा जनशक्तिका लागि रोजगारीका अवसर वृद्धि भएको हुने

**समावेशी आर्थिक वृद्धि**

- संयुक्त रूपमा छनौट गरिएका समावेशी स्थानीय आर्थिक विकासका क्रियाकलापहरूमा सार्वजनिक, निजी र सहकारी क्षेत्रबाट योगदान र लगानी वृद्धि भएको हुने
- विशेष प्रोत्साहन एवम् अनुदानमुखी कार्यक्रमका कारण व्यावसायिक कृषिमा संस्थागत लगानी र युवाहरूको संलग्नता वृद्धि भएको हुने
- सार्वजनिक-निजी साझेदारीमा लगानी वातावरण तथा उद्यम विकास सहजीकरण भई स्थानीय विशिष्ट उत्पादनहरूको आपूर्ति तथा मूल्य श्रृंखला  सबल भएको हुने
- कृषि, वन तथा मत्स्यपालनजस्ता प्राथमिक क्षेत्रको उत्पादकत्व र गुणस्तर वृद्धि भई स्थानीय आवश्यकता पूरा गर्ने दिशामा अघि बढेको हुने
- लघु, घरेलु तथा साना उद्यमहरूमा वातावरणमैत्री आधुनिक प्रविधिको प्रयोग विस्तार भई स्थानीय क्षेत्रबाट संकलित सामग्रीहरूको प्रशोधनमा आधारित उद्योगको संख्या वृद्धि भई आयको उल्लेख्य हिस्सा पुनःउत्पादनशील क्षेत्रमा लगानी भएको हुने

**उत्थानशील र हरित अर्थतन्त्रको विस्तार**

- जलवायु परिवर्तन अनुकूलित, न्यूनकार्बन (हरितगृह ग्यास) उत्सर्जन गर्ने, विपद् उत्थानशील र उच्च ऊर्जा दक्षता भएका उद्योग-कलकारखानाहरूको विस्तार भएको हुने
- स्थानीय तहमा उत्पादन हुने फोहरमैला, कवाडी तथा बेवारिसे सामग्रीहरूको उचित व्यवस्थापन, वर्गीकरण, प्रशोधन र पुनःप्रयोगमा आधारित उद्योगहरू विशेष प्राथमिकता र सहुलियतसहित विस्तार गरिएको हुने
- उपयुक्त स्थानमा सम्भाव्यताका आधारमा अत्याधुनिक प्रविधिमैत्री र सुविधा सम्पन्न औद्योगिक क्षेत्र स्थापना भई समावेशी, न्यूनकार्बन उत्सर्जन गर्ने जलवायु परिवर्तन उत्थानशील र ऊर्जा दक्ष उद्योगहरूको विस्तार भएको हुने
- स्थानीय पर्यटन तथा आतिथ्य उद्योग, होटल तथा रेस्टुरेण्टहरूमा नविकरणीय ऊर्जा र स्थानीय उत्पादनको खपत वृद्धि भई ढुवानीबाट हुने कार्बन उत्सर्जन न्यूनीकरणमा योगदान पुग्ने

**व्यवसाय गर्न सहजता**

- स्थानीय सरकार र निजी क्षेत्रको सहकार्यमा व्यवसाय सहजीकरण संयन्त्र स्थापना भई सबै प्रकारका व्यवसाय दर्तादेखि सञ्चालन र बन्दका प्रक्रियामा सुलभ र छरितो सेवा प्रवाह भएको हुने
- शान्तिसुरक्षा र सुशासन, असल औद्योगिक श्रम सम्बन्ध र व्यावसायिक सुरक्षाको प्रत्याभूतिसहित लगानीको आकर्षक गन्तव्यका रूपमा स्थापित भएको हुने
- स्थानीय कुटिर तथा लघु, साना एवम् मझौला उद्यमीका लागि बैंक तथा वित्तीय संस्थाहरूमा सहज वित्तीय पहुँच प्राप्त भएको हुने
- स्थानीय सरकार, संघ तथा प्रदेशको क्षेत्राधिकार अन्तर्गतका कर, शुल्क तथा दस्तुरको दोहोरोपना हटी व्यवसाय दर्ता र कर चुक्ताजस्ता विषयमा एकीकृत रूपमा सेवा प्रवाह भएको हुने
- दिगो, सहज, समावेशी सडक तथा हवाई यातायात सञ्जालसँग स्थानीय समुदाय र उत्पादनहरूको विपद् उत्थानशील पहुँच वृद्धि भएको हुने

# परिच्छेद ४
# पोखराको आर्थिक विकासका संवाहक

## ४.१ परिचय

पोखरा महानगरपालिका नेपालकै पर्यटकीय राजधानी र गण्डकी प्रदेशको राजधानी सहरमात्र नभएर साबिकको पश्चिमाञ्चल क्षेत्रको एक महत्वपूर्ण आर्थिक केन्द्र पनि हो । यहाँको भूगोल र प्राकृतिक सुन्दरता, जैविक विविधता, जलस्रोत, जमिन, वनजंगल र जनशक्तिसमेतका आधारमा पोखरा हरित, दिगो, समावेशी र उत्थानशील आर्थिक विकासका लागि प्रचुर सम्भावना भएको महानगर हो । परम्परागत रूपमा चल्दै आएका उद्योग-व्यवसाय, आधुनिकतासँगै मौलाएको उपभोगवाद र पर्यटनसँग सम्बन्धित सेवा-व्यवसायको व्यापक विस्तारका साथै शिक्षा, स्वास्थ्य र सूचना प्रविधि क्षेत्रमा देखिएको आकर्षणले यहाँको अर्थतन्त्रलाई थप गतिशील बनाएका छन् । साथै, वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणको जगमा छिमेकी जिल्लाहरूबाट बढ्दो दरमा भइरहेको बसाइसराइ र मध्यमवर्गीय जनसंख्याको बढोत्तरीले दिगो आर्थिक वृद्धिका लागि पोखरालाई ठूलो अवसर उपलब्ध हुन गएको छ ।

उपर्युक्त पृष्ठभूमिमा परिच्छेद २ मा प्रस्तुत पोखरा महानगरको वस्तुस्थिति र आर्थिक गतिविधिका साथै उपलब्ध तथ्यांकको वस्तुपरक विश्लेषण गरेर महानगरका आर्थिक संवाहकहरू पहिचान गर्ने प्रयास गरिएको छ । त्यस क्रममा स्थानीय अर्थतन्त्रमा औद्योगिक वर्गीकरणअनुसारका विभिन्न क्षेत्रले अहिले पुऱ्याइरहेको योगदान र भविष्यमा विस्तार तथा वृद्धि हुन सक्ने सम्भावनालाई आर्थिक संवाहक छनौटका मुख्य आधार मानिएको छ । साथै, परिच्छेद ३ मा प्रस्तुत स्थानीय आर्थिक विकासका आधारभूत सिद्धान्त, बृहत्तर लक्ष्य प्राप्तिमा दिन सक्ने योगदान तथा प्रभाव र आर्थिक संवाहकमा दरिनका लागि आवश्यक निरपेक्ष र तुलनात्मक लाभका आधारमा पोखराको अर्थतन्त्रका तीन प्रमुख संवाहक रहेको स्पष्ट हुन्छ । र, भविष्यमा तीव्र विस्तार र प्रतिस्पर्धी लाभको विशेष सम्भावना भएको सूचना प्रविधि र नवप्रवर्त्तनमा आधारित युवा उद्यमशीलतालाई पनि आर्थिक संवाहक मानिएको छ । ती आर्थिक संवाहकहरू देहाय बमोजिम छन् :

१. पर्यटन तथा आतिथ्य सेवा क्षेत्र,

२. कृषि, पशुपालन र वन क्षेत्र,

३. उद्योग तथा व्यापार क्षेत्र, र

४. सूचना प्रविधि तथा नवप्रवर्त्तनमा आधारित युवा उद्यमशीलता ।

यसरी पहिचान भएका आर्थिक संवाहकहरूको सबल पक्ष र अवसरहरूका साथै कमजोर पक्ष र चुनौतीसहित ती क्षेत्रसँग सम्बन्धित प्रमुख सरोकारवालाको लेखाजोखा तलका शीर्षकहरूमा गरिएको छ । त्यसैका आधारमा यस समावेशी स्थानीय आर्थिक विकास रणनीतिक योजनाका उद्देश्य, रणनीति र कार्यक्रमहरू तर्जुमा गरी परिच्छेद ५ मा प्रस्तुत गरिएको छ ।

## ४.२ पर्यटन तथा आतिथ्य सेवा क्षेत्र

अद्भूत भौगोलिक अवस्थिति र अनुपम प्राकृतिक सुन्दरताले पोखरा क्षेत्रमा पर्यटन विकासको उच्च सम्भावना रहेको छ । वास्तवमा नेपालमा पर्यटन क्षेत्रको विकास नै पोखराको शिरमा अवस्थित अन्नपूर्ण हिमालको सफल आरोहणपछि सुरु भएको मानिन्छ । सन् १९५० जुन ३ तारिखका दिन फ्रान्सेली पर्वतारोहण दलका नेता मौरिस हर्जोग र उनको समूहले ८०९१ मिटर अग्लो उक्त हिमालको सफल आरोहण गरी आठ हजार मिटरमाथिको हिमाल आरोहणको इतिहास रचेको थियो । यस आरोहणपश्चात् नै नेपालका हिमशिखरमा आरोहण गर्ने र तिनै शिखरको आधार इलाकासम्म पदयात्रा गर्ने साहसिक गतिविधिसँगै पोखरा पर्यटनको आकर्षक गन्तव्यका रूपमा परिचित भएको हो । यद्यपि, जापानी बौद्ध भिक्षु इकाइ कावागुचिलाई पोखराको भ्रमण गर्ने पहिलो विदेशी पर्यटक मानिन्छ र उनले सन १८९९ मा काठमाडौंबाट तिब्बत जाने क्रममा पोखराको भ्रमण गरेको इतिहास छ । तर मनोरञ्जनकारी पर्यटकीय गतिविधिका सिलसिलामा भने सन् १९५७ मा पोखरा क्षेत्रको पदयात्राका लागि १६२ विदेशी पर्यटक आगमन भएको पाइन्छ ।

सुरुवाती चरणमा फाट्टफुट्ट विदेशीहरूको रोजाइमा पर्ने गरेको पोखरा सन् १९६० को दशकसम्म विदेशी पदयात्रीको प्रमुख गन्तव्य नै बन्न पुग्यो । पर्यटकलाई खाना, आवासलगायतका सेवासुविधा उपलब्ध गराउने व्यवस्थित आतिथ्य सेवा नभएको अवस्थामा पर्यटकहरू फेवातालको किनारामा टेन्टमा नै सुतेर रमाउने र पदयात्रामा निस्कने गर्थे । सन् १९७० को दशकसँगै पोखरामा पर्यटनको व्यावसायिक सुरुवात भएको पाइन्छ । पर्यटकीय स्तरका होटल तथा रेस्टुरेण्टदेखि सामान्य गेस्टहाउसहरू र पर्यटकको भ्रमण तथा पदयात्रा व्यवस्था गर्ने ट्राभल्स एवम् ट्रेकिङ एजेन्सीसमेतका व्यवसाय त्यसपछि मात्र सञ्चालनमा आएको देखिन्छ । पोखरामा व्यावसायिक पर्यटनको सुरुआतसँगै संसारकै उत्कृष्ट दसभित्र पर्ने राउन्ड अन्नपूर्ण ट्रेक, अन्नपूर्ण सेन्चुरीलगायतका पदमार्गहरू साहसिक पर्यटकका रोजाइमा पर्न थालेपछि यहाँ पर्यटक आगमन निरन्तर वृद्धि हुँदै आएको छ । नेपाल आउने पर्यटकमध्ये लगभग ३५ प्रतिशतले पोखरा भ्रमण गर्ने गरेको नेपाल सरकारको तथ्यांक छ ।

नयाँ शासकीय व्यवस्थामा गण्डकी प्रदेशको स्थायी राजधानीका रूपमा पोखरा सुरक्षा व्यवस्था, व्यवसाय दर्ता, कर प्रणाली तथा पूरक सेवाहरूसहितको एक प्रशासकीय केन्द्र बनेको छ । यहाँ उच्च गुणस्तरका स्वास्थ्य तथा शैक्षिक सुविधालगायत विश्व विद्यालयहरू, प्राविधिक संस्था, अस्पताल तथा चिकित्सा विज्ञान सम्बन्धी कलेजसमेत उपलब्ध छन् । आन्तरिक तथा अन्तर्राष्ट्रिय ब्रान्डेड सामानको सहज उपलब्धताका साथै स्थानीय वस्तु र सेवाको उत्पादन पोखराको आन्तरिक पर्यटन विकास गर्न सहयोगीसिद्ध भएको छ ।

हालैका वर्षहरूमा गण्डकी प्रदेश तथा संघीय सरकारले यस क्षेत्रका प्राकृतिक सम्पदा विकास गर्न तथा पर्यटनलाई समुन्नतिको एउटा मुख्य सारथिका रूपमा अघि बढाउन कदम चालेको छ । यी प्रयासहरू अन्तर्गत यस क्षेत्रको पूर्वाधार सुदृढीकरण तथा नयाँ अन्तर्राष्ट्रिय विमानस्थलमार्फत् पोखरालाई सीधै अन्तर्राष्ट्रिय सहरहरूसँग जोड्ने गरी अन्तर-आबद्धतामा सुधार र एसियाली विकास बैंकको लगानीमा अन्तर्राष्ट्रिय मापदण्डअनुसार सुदृढीकरण गर्ने क्रममा रहेको

चार लेनको मुग्लिन-पोखरा सडक रहेका छन् । यसले काठमाडौंदेखि पोखरा र यसका उपक्षेत्र तथा व्यापारिक प्रवेशद्वारहरूसम्मको सुगम यात्रा र समय बचतका हिसाबले उल्लेख्य योगदान पुऱ्याउने विश्वास बढेको छ ।

निजी लगानीका कारण वातावरणमैत्री होटल तथा सुविधा सम्पन्न रेस्टुरेण्टहरूले थप विस्तार हुने अवसर आएका छन् । यसबाहेक, आतिथ्यता क्षेत्रमा अन्तर्राष्ट्रिय सर्वोत्तम अभ्यासहरू तथा आचारसंहिता अवलम्बन गर्ने आशयले अघि बढेको छ । यसका अतिरिक्त नयाँ पदमार्ग तथा उद्यानहरू निर्माण गर्न र विद्यमान पदमार्गलाई सुधार गर्नका लागि लगानीयोग्य परियोजनाहरू तयारी अवस्थामा रहेका छन् । साथै, पोखरालाई बढीभन्दा बढी वातावरणमैत्री बनाउन हरित क्षेत्र तथा साइकल लेन, तालहरूको सफाइजस्ता योजना तर्जुमाको क्रममा रहेका छन् । यहाँको अद्वितीय जलवायु तथा सांस्कृतिक वैभवका कारण पर्यापर्यटन (होमस्टे) मा बसाइ अवधि लम्बिएको छ ।

बजारीकरणका प्रयासहरू विस्तार भइरहेका छन् र पर्यटकको बसाइ अवधि लम्ब्याउन लक्षित आकर्षक भ्रमण प्याकेज निर्माणको काम पनि भइरहेको छ । पोखरा महानगरले उपयुक्त स्थानमा  खेलकुद, साहसिक यात्रा, प्राकृतिक तथा सांस्कृतिक सम्पदा आदिका विशेषतासहित ट्रिपएड्भाइजर र लोन्ली प्लानेटजस्ता भ्रमण सम्बन्धी इन्टरनेट साइटहरूबाट राष्ट्रिय-अन्तर्राष्ट्रिय रूपमा प्रचार भइरहेको छ । यस्ता विविधिकृत पर्यटकीय गतिविधिहरूबाट स्थानीय पर्यटन आर्थिक रूपमा बढी उत्थानशील हुनेछ । यसले पोखरालाई एउटा सुरक्षित तथा मैत्रीपूर्ण गन्तव्यका रूपमा प्रवर्द्धनसमेत गर्नेछ । पोखरालाई प्रवर्द्धन गर्नका लागि गण्डकी प्रदेशले सरोकारवालाहरूसँग मिलेर संयुक्त रूपमा तयार गरिरहेको गुरुयोजना अन्तिम चरणमा पुगेको छ । यी र यस्ता क्रियाकलापहरूले नयाँनयाँ रोजगारी सृजना गरी युवा जनशक्तिको काम खोज्दै विदेशिने प्रवृत्तिमा न्यूनीकरण हुने विश्वास लिइएको छ । यसबाहेक, महिला तथा सीमान्तकृत समुदायलाई प्राथमिकताका साथ हिमाल आरोहण, भ्रमण, पदयात्रा र आतिथ्यता उद्योगमा रोजगारी उपलब्ध गराउन आवश्यक व्यावसायिक तथा प्राविधिक तालिम प्रदान गर्ने कार्यक्रमलाई विशेष जोड दिन आवश्यक छ ।

### ४.२.१ पर्यटन क्षेत्रका प्रमुख सरोकारवाला

पर्यटन उद्योगमा निजी क्षेत्रले मुख्य भूमिका खेल्छ र पोखराको पर्यटन विस्तारमा यस क्षेत्रलाई संलग्न गराउनु निकै महत्वपूर्ण छ । दीर्घकालीन दृष्टिकोण तथा उत्पादनशील रोजगारीमा ध्यान केन्द्रित गर्ने भएकाले समावेशी र उत्थानशील वृद्धिका लागि तल उल्लेख गरिएका निजी क्षेत्रका सरोकारवालाहरूको भूमिका महत्वपूर्ण छ । यसले प्रतिफलमा गरिब र वञ्चितीकरणमा परेका समुदायको आयआर्जन वृद्धि गरी उनीहरूको जीवनस्तर उकास्न मद्दत गर्छ । संघीय संरचनामा, अधिकांश पर्यटन व्यवसाय स्थानीय सरकारको क्षेत्राधिकारभित्र पर्दछन् । यी व्यवसायको प्रवर्द्धन गर्न नगरपालिकाको भूमिका महत्वपूर्ण हुन्छ । पोखराको पर्यटन क्षेत्रमा संलग्न प्रमुख सरोकारवालाहरू तल दिइएको छ :

## तालिका ७ : पोखरामा पर्यटन क्षेत्रका सरोकारवाला

| | |
|---|---|
| १ | नेपाल पर्यटन बोर्ड, पोखरा |
| २ | पश्चिमाञ्चल होटेल संघ, पोखरा |
| ३ | ट्रेकिङ एजेन्सिज एसोसिएसन, पोखरा |
| ४ | रेस्टुरेन्ट तथा बार एसोसिएसन |
| ५ | अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, पोखरा |
| ६ | नेपाल पर्वतारोहण संघ, गण्डकी प्रदेश |
| ७ | महिला पर्यटन उद्यमी मञ्च, पोखरा |
| ८ | नेपाल ट्राभल एजेन्सिज एसोसिएसन, पोखरा |
| ९ | उद्योग, पर्यटन, वन र पर्यावरण मन्त्रालय, गण्डकी प्रदेश |
| १० | प्राकृतिक पर्यटकीय उपजहरूमा आश्रित जनजाति तथा आदिवासी (जस्तैः माझी, बोटे) समुदाय |

पोखराको सुविधा सम्पन्न औपचारिक पर्यटन उद्योगमा होटलहरूको योगदान ठूलो रहेको छ भने व्यवसायको आकार र क्षेत्र सानो भए पनि रेस्टुरेण्ट तथा बारहरूले स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन महत्वपूर्ण योगदान पुऱ्याएका छन् । होटल संघ एवम् रेस्टुरेण्ट तथा बार एसोसिएसनका सदस्यहरू पोखराका सबैभन्दा ठूला करदाता तथा सहरका सबैभन्दा ठूला रोजगार प्रदायक पनि हुन् । समावेशी स्थानीय आर्थिक विकास योजनाले महिलाहरूको सक्रिय सहभागिताको आह्वान गर्दछ र महिला उद्यमीहरूलाई पर्यटनको मूल प्रवाहमा ल्याउँछ । ट्राभल एजेन्ट्सहरूको राष्ट्रिय संघ पोखरा शाखाले राष्ट्रिय स्तरमा पर्यटन क्षेत्रको प्रवर्द्धन, सञ्जाल विस्तार र मर्यादित व्यवसायको लागि बहस पैरवीमा सहयोग गर्दछ । पर्यटन बोर्ड पोखरा शाखाले पनि प्रवर्द्धन, क्षमता अभिवृद्धि तथा अन्य लगानी सहजीकरण सम्बन्धी कार्यमा सहयोग गर्न सक्छ । प्रदेश पर्यटन मन्त्रालयलाई नियमन तथा अनुमति प्रमाण-पत्र सम्बन्धी अधिकार रहेको छ ।

### ४.२.२ पोखरामा पर्यटन विकासका अवसर र चुनौती

पोखरा महानगरपालिका, निजी क्षेत्रका सरोकारवाला र विषयविज्ञहरूसँगको परामर्श तथा कार्यशाला गोष्ठीबाट प्राप्त सूचना र तथ्यांकका आधारमा पर्यटन तथा आतिथ्य क्षेत्रका विभिन्न सबल तथा दुर्बल पक्षका साथै सोसँग जोडिएका सम्भावना र चुनौतीहरू पहिचान गरी यहाँ बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

**सबल पक्ष र सम्भावनाहरूः**

- प्रादेशिक राजधानी भएको हुँदा सुरक्षा व्यवस्था, व्यवसाय दर्ता, कर प्रणाली तथा पूरक व्यवसाय सम्बन्धी अधिकांश सुविधा उपलब्ध छन् ।

- पर्यटकीय आकर्षणका ताल, नदी, गल्छी एवम् गुफा (३२ स्थानमा) तथा सांस्कृतिक पर्यटकीय सम्पदाका रूपमा ३८७ मन्दिर, चर्च, गुम्बा, मस्जिद, धार्मिक स्थान तथा ऐतिहासिक धरोहर रहेका छन् ।
- हिमाल आरोहण, पदयात्रा, प्याराग्लाइडिङ, डुंगा सयरलगायतका साहसिक गतिविधि एवम् फुटबल, क्रिकेट, भलिबलजस्ता खेलकुदका लागि आवश्यक पूर्वाधार उपलब्ध छन् ।
- निर्माण सम्पन्न हुन लागिरहेको नयाँ क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलबाट बाह्य पर्यटकका लागि आवगमन सहज हुने अवस्था छ ।
- पोखरा क्षेत्रमा २३ तारे स्तरका र ६५० पर्यटकीय स्तरका होटल, ८० पर्यटक स्तरीय रेस्टुरेण्ट र अन्य आतिथ्य सेवाका व्यवसायमार्फत् स्तरीय आवास, मनोरञ्जन तथा खानाको सुविधा उपलब्ध छ ।
- उच्च शिक्षा प्रदान गर्ने विश्व विद्यालयका कार्यक्रमदेखि गुणस्तरीय विद्यालय शिक्षा तथा स्वास्थ्य सुविधा प्रदान गर्ने प्राविधिक शिक्षालय, अस्पताल र मेडिकल कलेज सञ्चालनमा छन् ।
- पर्यटन प्रवर्द्धन गर्न सन् २०२२ मा 'पोखरा पर्यटन वर्ष' का रूपमा मनाउने कार्यक्रम तय भएको छ ।

**कमजोर पक्ष र चुनौतीहरू:**

- पर्यटकीय आकर्षणका सम्पदा एवम् वातावरणमैत्री भौतिक पूर्वाधार, सौन्दर्यकरण तथा व्यवस्थापनको अभाव ।
- पोखरामा पर्यटकको औसत बसाइ अवधि निकै कम रहेको (औसत १.७५ दिन) अवस्था छ ।
- प्राकृतिक पर्यटकीय सम्पदाहरू जस्तो, नदी तथा ताल र गुफाहरूको यथोचित संरक्षणको अभावमा क्षयीकरण हुँदै गएको अवस्था छ ।
- महानगरभित्र दिगो पर्यटन विकास गर्ने लक्ष्यसहितको संस्थागत संरचना, रणनीतिक वा वैज्ञानिक योजनाको अभाव ।
- एकीकृत विकास अवधारणा अनुसार सडक तथा ढल निकास, खानेपानी आपूर्ति, सार्वजनिक उद्यान, बिसौनी स्थल, सडक बत्तीलगायत अन्य सहरी सुविधाको गुणस्तर कमजोर ।
- महानगरलाई स्वच्छ एवम् सफा राख्न दीर्घकालीन फोहर व्यवस्थापन प्रणालीको अभाव ।
- पर्यटनमा कार्यरत जनशक्तिको विदेश पलायन क्रम बढिरहेकाले दक्ष जनशक्तिको सेवामा नियमितता हुन नसकेको अवस्था ।

उल्लिखित अवसर र चुनौतीका तथ्यहरूले पोखरामा पर्यटन अर्थतन्त्र प्रवर्द्धनका लागि एउटा दरिलो अवसर उपलब्ध भएको संकेत गर्दछ । पूर्वाधार एवम् सुविधामा सुधार गर्न तथा बजारीकरणका प्रयासहरू विस्तार गर्न यस दिशामा पर्याप्त कदम चालिसकिएको छ । यद्यपि, यस क्षेत्रको सम्भावनालाई पूर्णरूपेण उपयोग गर्नका निम्ति केही प्रमुख चुनौतीहरू पनि पहिचान गरिएका छन् । यी चुनौतीहरूमा दिगो पर्यटन विकासका लागि विस्तृत योजनाको अभाव,

अपर्याप्त पानी, बिजुलीलगायतका सेवा र उच्च दक्ष जनशक्तिको भर्ना र भरणपोषण गर्नुपर्ने आवश्यकता प्रमुख रहेका छन् ।

## ४.३ कृषि, पशुपालन र वन

आधुनिक तथा सहरीकरणतर्फ बढ्दै गएको महानगरका अधिकांश वडा कृषिजन्य उत्पादनका लागि उपयुक्त क्षेत्रका रूपमा रहेका छन् । धेरै हदसम्म जीविकोपार्जनमुखी रहेको कृषि, पशुपालन तथा वन क्षेत्रले क्रमशः व्यावसायिक चरित्र ग्रहण गरिरहेको देखिन्छ । सीमान्त वडाहरूमा (सहरको मुख्य केन्द्र बाहिर) कृषि जीविकोपार्जन तथा रोजगारीको मुख्य आधारको रूपमा रहेको छ र यो निम्न तथा मध्यम आय भएको समुदायलाई खाद्य सुरक्षा प्रत्याभूत गर्ने मुख्य क्षेत्र भएको छ । यस भूगोलमा उर्बर भूमि तथा महत्वपूर्ण सिँचाइ पूर्वाधाहरू रहेका छन् । कृषि र वन सम्बन्धी व्यवस्थित नीतिहरू प्रवर्द्धन गर्न प्रमुख संस्थाहरू लागिपरेका छन् । यी स्रोतहरूले धेरै ग्रामीण चरित्र भएका र खासगरी साबिकको लेखनाथ नगरपालिका र अन्य गाविस समायोजन भई आएका पोखरा महानगरपालिकाका २० वटा वडामा व्यावसायिक तथा सानो स्तरमा समेत कृषि उत्पादनका लागि मजबुत आधार प्रदान गर्दछन् । निम्न बुँदाहरूले कृषि क्षेत्रमा पोखराका विद्यमान स्रोत तथा यस क्षेत्रमा लिइएका पहलहरूबारे एउटा सारांश प्रस्तुत गर्दछन् :

- **रैथाने उत्पादन संरक्षण र संवर्द्धन**: पोखरा महानगरपालिकाले परम्परागत बालीहरूको संरक्षण तथा व्यावसायिक उत्पादनका लागि प्रोत्साहनमूलक कार्यक्रम सुरु गरिसकेको छ ।
- **अध्ययन-अनुसन्धान**: व्यावसायिक महत्त्वका गैरकाष्ठ वन पैदावारको क्षेत्रमा अनुसन्धान र विकासका लागि वन विज्ञान अध्ययन संस्थानले मुख्य भूमिका निर्वाह गरिरहेको छ र गण्डकी प्रदेश कृषि कलेज/अध्ययन संस्थान स्थापना गर्न लागिपरेको छ ।
- **बजार:** यहाँ रहेका कतिपय होटल तथा रेस्टुरेण्ट स्थानीय उत्पादन जस्तोः जेठो बूढो धान, कोदोको ढिँडो, तरकारी, फलफूललगायत अन्य केहीलाई व्यावसायिक पहिचान दिन लागिपरेका छन् ।
- **लगानी तथा कृषि पर्यटन:** निजी क्षेत्र विस्तारै सक्रिय रूपमा व्यावसायिक कृषि क्षेत्रमा आकर्षित भइरहेको छ र यस क्षेत्रलाई पर्यटनसँग जोड्दै छ । पर्यटन उद्योग विकास भइरहेको लेखनाथ तथा वरपरका साबिक गाविसहरूको साबिक पोखरा उपमहानगरपालिकासँगको समायोजनले कृषि क्षेत्रलाई पर्यटनसँग आबद्ध गर्न थप अवसरहरू उपलब्ध गराएको छ ।
- **मूल्य श्रृंखला :** साबिकका गाउँपालिका गाभिएर बनेका सीमान्त वडाहरूमा पहिले नै कृषि तथा पशु सेवा केन्द्रहरू रहेका छन् । पोखरा महानगरपालिकाले कृषि उत्पादनमा सहजीकरण गर्न यी सेवा केन्द्रहरूलाई स्तरोन्नति गर्ने तथा अन्य वडामा प्राविधिक थप गर्ने योजना बनाएको छ । मूल्य श्रृंखला लाई सहजीकरण गर्न कृषि उपज संकलन केन्द्र तथा थोक र खुद्रा बजार केन्द्रहरू विकास भइरहेका छन् ।

- **समावेशीकरण**: पोखरा महानगरपालिकाका सबैभन्दा महत्त्वपूर्ण कार्यक्रमहरू– महिला उद्यमी संघ तथा युवा उद्यमी, ग्रामीण, गरिब तथा सीमान्तकृत समुदायका महिला/समूहहरूलाई लक्षित गर्दै उपप्रमुखसँग महिला कार्यक्रम सञ्चालन गरी व्यावसायिक कृषि प्रवर्द्धनमा जोड दिइएको छ।

### ४.३.१ कृषि क्षेत्रका प्रमुख सरोकारवाला

पोखरा महानगरपालिकामा कृषि क्षेत्रको व्यापक सम्भावनालाई दृष्टिगत गर्दै, समावेशी आर्थिक विकासका लागि यहाँ रहेका थुप्रै स्थापित सरोकारवाला समूह तथा संस्थाहरूसँग स्थानीय विकासका योजना, रणनीति तथा कार्यक्रमहरू थप उन्नत बनाउन र प्रभावकारी कार्यान्वयन तथा अनुगमन र मूल्यांकनको प्रक्रियामा सहकार्य गर्न सकिन्छ। यस क्षेत्रका प्रमुख सरोकारवालाहरू तल दिइएको छ :

**तालिका ८ : पोखरामा कृषि क्षेत्रका प्रमुख सरोकारवाला**

| | |
|---|---|
| १ | पोखरा महानगरपालिकाको कृषि तथा पशु सेवा महाशाखा (वडास्तरका यसका कृषि समूहहरू) |
| २ | प्रादेशिक कृषि ज्ञान केन्द्र तथा पशु सेवा विज्ञ केन्द्र |
| ३ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना |
| ४ | संघ, प्रदेश र जिल्ला स्तरका कृषि तथा पशु सेवा कार्यालयहरू |
| ५ | कृषि फार्म, समूहहरू तथा सहकारीहरू |
| ६ | थोक तथा खुद्रा कृषि बजार केन्द्रहरू |
| ७ | कृषि प्रशोधन उद्योग तथा लगानीकर्ताहरू |
| ८ | भूमि व्यवस्थापन, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश |
| ९ | कृषि उत्पादनका मुख्य उत्पादक संघहरू |

नगरपालिकाको कृषि तथा पशु सेवा महाशाखा पोखरा महानगरभित्र कृषि विकासको लागि प्रमुख नायक हो। सबै वडामा उत्पादक संघमा आबद्ध कृषि समूहहरू रहेका छन्। यसअन्तर्गत हाल विभिन्न कृषि पकेट क्षेत्रमा कृषि तथा पशु सेवा केन्द्रहरू रहेका छन्। निकट भविष्यमा यी केन्द्रहरूलाई स्तरोन्नति गर्ने लक्ष्य राखिएको छ। प्रदेश सरकारको कृषि तथा पशु सेवा सम्बन्धी क्रियाकलापहरू, अनुदान तथा अन्य पूर्वाधार सेवा सम्बन्धी प्रयोजनका लागि कृषि ज्ञान केन्द्रहरू रहेका छन् भने कृषि सहकारीहरूले कृषिमा आबद्ध भएकाहरूलाई समेटेको छ। बहुउद्देश्यीय कृषि सहकारी संस्थाहरूले सीमान्तकृत जनसंख्यालाई बजार प्रणालीमा आबद्ध गर्न तथा साना स्तरका लगानीका परियोजनामा वित्तीय पहुँचका लागि अवसर उपलब्ध गराउन सक्छन्। उत्पादक संघहरू कृषि क्षेत्रका सबैभन्दा प्रमुख पात्र हुन्, यिनले उत्पादक तथा प्रशोधनकर्ता र बजार प्रतिनिधिहरूको समेत प्रतिनिधित्व गर्दछन्। तसर्थ यिनीहरूसँगको सहकार्यले सरकारसँग सामूहिक सौदावाजी गर्न तथा उत्पादकहरूका लागि उत्पादनको उचित मूल्य पाउन र बजार पहुँच विस्तारमा मद्दत पुग्छ। जसरी

पोखरा व्यावसायिक प्रशोधन तथा बजारीकरणको केन्द्र बन्दै गएको छ, त्यसरी नै महानगरपालिकाभित्र र बाहिर उत्पादनमा पहुँचका लागि समन्वय गर्न यी सरोकारवालाहरूको भूमिका पनि बढ्दै गएको छ।

## ४.३.२ कृषि क्षेत्रका लागि अवसर र चुनौती

पोखरा महानगरपालिका, निजी क्षेत्रका सरोकारवाला र विषय विज्ञहरूसँगको परामर्श तथा कार्यशाला गोष्ठीबाट प्राप्त सूचना र तथ्यांकका आधारमा कृषि, पशुपालन तथा वन क्षेत्रका विभिन्न सबल तथा दुर्बल पक्षका साथै त्यससँग जोडिएका सम्भावना र चुनौतीहरू पहिचान गरी यहाँ बुँदागत रूपमा प्रस्तुत गरिएको छ:

**सबल पक्ष र सम्भावनाहरू:**

- व्यावसायिक कृषि उत्पादन सम्बन्धी उद्यमशीलतामा युवाहरूको यथोचित आकर्षण बढेको छ।
- कृषि उत्पादनमा आधुनिकीकरण र यान्त्रिकीकरण एवम् प्रविधिको प्रयोग बढ्दै आएको छ।
- बेमौसमी तरकारी तथा फलफूलको उत्पादन तथा भण्डारण (चिस्यान केन्द्र) प्रविधिमैत्री बन्दै गएको छ।
- पोखरा महानगरका ३३ मध्ये २० वडामा राम्रो सिँचाइ सुविधा र उपयुक्त स्थलरूपका कारण कृषिको उच्च सम्भावना रहेको छ।
- प्रांगारिक तथा परम्परागत कृषि उत्पादनका लागि स्थापित बजार केन्द्रको उपलब्धता र आन्तरिक बजारमा मजबुत मागको अवस्था।
- स्थानीय वासिन्दामा परम्परागत कृषि, पशु तथा वनजन्य उत्पादनको मूल्य श्रृंखला सवलीकरणमा चासो वृद्धि भएको छ।
- कृषि तथा गैरकाष्ठ वनपैदावर उत्पादनहरूको प्रशोधन एवम् बजारीकरण लागि निजी-सार्वजनिक साझेदारीमार्फत् व्यवसाय सञ्चालन गर्न सकिने अवस्था छ।
- विद्यमान कृषि बजार केन्द्रहरूको स्तरोन्नतिमा सहयोग तथा नयाँ थोक र खुद्रा बजार केन्द्रको विकास भएको अवस्था छ।

**कमजोर पक्ष र चुनौतीहरू:**

- कृषि उद्यमशीलतामा सरकारी उत्प्रेरणा एवम् अनुदानमा सर्वसाधारण कृषकको सहज पहुँचमा कठिनाइ।
- कृषिलाई आधुनिकीकरण एवम् यान्त्रिकीकरण गर्ने पुँजी प्रविधि तथा दक्ष जनशक्तिको अभाव।
- उत्पादित कृषि उपजको भण्डारण गर्ने पर्याप्त चिस्यान केन्द्र अभाव।
- कमजोर बजार प्रणालीका कारण उद्यमी भन्दा विचौलियाको प्रभाव बढी रहेको र सडक व्यापार अझै कायम।
- कृषि उपज व्यवसायमैत्री वातावरण सुनिश्चित गर्नका लागि सरोकारवाला, खासगरी किसानको आत्मविश्वास जगाउने, उत्प्रेरणा प्रदान गर्ने योजना, नीति तथा रणनीतिहरूको अभाव।

- कृषिजन्य उत्पादन एवम् पशुपालनमा सापेक्षित दृष्टिले न्यून उत्पादकत्व र लागत बढी रहेको ।
- निर्वाहमुखी खेती प्रणाली, कृषि उत्पादनमा न्यून व्यावसायिकरण र कमजोर मूल्य श्रृंखला भएको अवस्था ।
- कृषिजन्य भूमिको संरक्षणको अभाव एवम् उब्जाउ जमिनको खण्डीकरण समस्या तथा भू-उपयोग नीति र योजनाको अभाव ।
- मूल्य/आपूर्ति श्रृंखला मा झिनो अग्रगामी सम्बन्धयुक्त कमजोर बजार प्रणाली
- कृषिजन्य उत्पादनको व्यावसायिकरणका लागि किसानहरूमा वित्तीय पहुँचको अभाव ।
- राम्रो सिँचाइ सुविधा भएको उर्वरा, समथर जमिन मासिँदै गएको र पहाडी वडाहरूमा सिँचाइको अभाव ।
- महानगर क्षेत्रमा रहेका वनको दिगो र वैज्ञानिक व्यवस्थापनमार्फत् व्यावसायिक लाभ लिन नसकिएको ।

यसले कृषि, पशुपालन तथा वन क्षेत्रको सम्भावनालाई थप बल दिँदै आधुनिक प्रविधिहरूको विस्तारित प्रयोग, प्रांगारिक र स्थानीय उत्पादनको मूल्य श्रृंखला लाई सुदृढीकरणको आवश्यकताबारे जानकारी दिन्छ । पोखरा महानगरपालिकामा विशाल उर्वर कृषि भूमि, राम्रो सिँचाइ सुविधा तथा सम्पन्न जैविक विविधताले वन पैदावरको व्यावसायिकीकरणमा व्यापक सम्भावना रहेको छ । उच्च मूल्यका रैथाने बालीनाली, मसला तथा प्रांगारिक तरकारी, गैरकाष्ठ वनपैदावर र फलफूल उत्पादनका लागि उपयुक्त रहेको छ । स्थानीय उत्पादनहरू सहर वरपरको क्षेत्रको नजिक रहेकाले यहाँका होटल तथा रेस्टुरेण्टहरूमा ताजा वस्तु आपूर्ति गर्ने कुरालाई जोड दिन सकिन्छ । यो क्षेत्र न्यून आयस्रोत भएका कृषक परिवारको आम्दानी वृद्धि गर्न तथा कृषि पर्यटनका क्षेत्रमा नयाँ अवसरहरू परीक्षण गर्न पनि निकै महत्वपूर्ण छ ।

यद्यपि, कृषि पेशामा उल्लेख्य चुनौतीहरू विद्यमान छन् । खासगरी साना स्तरका उद्यमका हकमा अधिकांशका लागि वित्तीय स्रोतको पहुँचमा कमी तथा सीपको अभावलगायत न्यून उत्पादकत्व, भूमिको खण्डीकरण एवम् संकलन पद्धति, भण्डारण, कच्चा सामानको प्रशोधनको अपर्याप्तता र कमजोर मूल्य श्रृंखला जस्ता चुनौती रहेका छन् । यस क्षेत्रका कृषि सम्भावनालाई साकार पार्न धेरै कदम चाल्न बाँकी छ, तीमध्ये केही पहिल्यै सुरु गरिसकिएका छन् । तिनलाई समावेशी स्थानीय आर्थिक विकास कार्ययोजना अन्तर्गत थप सहयोग र सुदृढीकरण गर्न सकिन्छ । उक्त अवसरहरू देहायअनुसार छन्:

- **उत्पादकत्व वृद्धि र व्यावसायिकीकरण** : उत्पादकत्व वृद्धिमा लक्षित गरी कृषिलाई आधुनिक प्रविधिहरू प्रयोग गरेर व्यावसायिकरण गर्नु तथा प्रोत्साहनमूलक कार्यक्रमहरूबाट महिला तथा सीमान्तकृत युवाहरूलाई आकर्षित गरी गुणस्तर सुधार एवम् जलवायु उत्थानशीलतामा वृद्धि गर्नु आवश्यक छ । जैविक रूपमा कुहिने सहरी फोहरबाट निर्मित प्रांगारिक मलमा आधारित सहरी कृषि महत्त्वपूर्ण हुन सक्छ ।

- **उत्पादन व्यवस्थापन तथा गुणस्तर नियन्त्रण**ः उत्पादनको ताजापनको अवधि लम्ब्याउन तथा पर्याप्त मात्रामा चिस्यान सुविधा सुनिश्चित गर्न संकलन एवम् भण्डारण केन्द्रहरूको विकास महत्त्वपूर्ण छ। यस्ता केन्द्रहरू विकासमा आवश्यक लगानीका लागि सहकारी तथा सार्वजनिक, निजी क्षेत्रको साझेदारीलाई प्रोत्साहित गर्न सकिन्छ।

- **वस्तु विकास र बजार विशिष्टीकरणः** पोखरामा प्रांगारिक तथा रैथाने कृषि उत्पादनहरूका लागि बिक्री प्रबन्ध गर्न सक्ने सम्भावना रहेको छ र उत्पादनदेखि *प्याकेजिङ*सम्मको समग्र मूल्य श्रृंखला यहींको भूगोलमा सम्पन्न गर्न सकिन्छ। दुग्धजन्य उत्पादन, मासु, फलफूल तथा तरकारीको उत्पादन विविधिकरणले सम्भवतः उल्लेख्य मूल्य अभिवृद्धि गर्न सक्छ।

- **मूल्य श्रृंखला सवलीकरणः** कृषि उत्पादनहरूको मूल्य तथा आपूर्ति श्रृंखला मा अग्र तथा पश्च सम्बन्ध सुदृढ गर्नु पनि आवश्यक छ। पोखराको अवस्थिति दुवैतर्फको सीमानाका कोराला-भैरहवाको बीच तथा वरिपरिका अन्य कृषि क्षेत्रको केन्द्रमा भएकाले यो अथाह सम्भावना भएको कृषि उत्पादन संकलन केन्द्र हुन सक्छ।

- **बजार पहुँच तथा क्षमता विकासः** गरिब, महिला तथा सीमान्तकृत जनसंख्यालाई सेवा पुऱ्याउन बजार प्रणालीमा सहज प्रवेश तथा लगानी वृद्धि र थप रोजगारीका अवसर सृजना गर्न निजी क्षेत्रलाई प्रोत्साहित गर्नु आवश्यक छ। विशेष रूपमा प्रांगारिक फलफूल तथा तरकारी र विविधिकृत दुग्धजन्य पदार्थ उत्पादन गर्ने स्थानीय सहकारी तथा तिनका सदस्यलाई बैंक तथा वित्तीय संस्थामा वित्तीय पहुँच सुधारका लागि राम्रो व्यवसाय विकास योजना तर्जुमा गर्न सहयोग र सहजीकरण गर्न सकिन्छ। अनौपचारिक उद्यम तथा व्यापारीलाई विभिन्न प्रोत्साहनका कार्यक्रममार्फत् करको दायरामा ल्याउनुपर्छ। लघु तथा साना कृषि उद्यमको प्रवर्द्धनमार्फत् सीमान्तकृत जनसंख्यालाई लाभ दिलाउने रणनीति तथा कार्यक्रम तय गरिनुपर्छ।

- **भूमि व्यवस्थापन**ः पोखरा महानगरपालिकाले करार खेतीका लागि नीति-निर्देशिकाहरू तर्जुमा गरेर भूमि बैंकको स्थापनामार्फत् बृहत् स्तरका व्यावसायिक खेतीलाई प्रोत्साहन दिन सक्छ। यसमा जोखिम संवेदनशील भू-उपयोग योजनाको प्रभावकारी कार्यान्वयन जरुरी छ।

- **सहज वित्तीय पहुँच र लगानी प्रवर्द्धनः** कृषि व्यवसायलाई सरकारी अनुदान तथा बाह्य लगानीका स्रोतमा पहुँचका लागि सहजीकरण सहयोग आवश्यक देखिन्छ। त्यसैगरी संस्थागत (कर्पोरेट) लगानी कृषि क्षेत्रमा आकर्षित गर्न पनि विशेष कार्यक्रम आवश्यक छ।

- **तालिम तथा कृषि सामग्री सहयोग**ः पोखरा महानगरपालिकामा कृषि क्षेत्रमा संलग्न घरपरिवारलाई उनीहरूको कृषि उत्पादनलाई कोभिड-१९ पूर्वको अवस्थामा पुनरुत्थान गर्न सहयोगको खाँचो छ। यस्तो सहयोग सिर्जनशील कृषि प्रविधिका बारेमा व्यावसायिक तालिम, मल/बीऊ वितरण र कृषक/उत्पादकहरूलाई बजारमा पहुँच वृद्धि जस्ता विषयमा हुन सक्छन्।

## ४.४ उद्योग तथा व्यापार

पोखरामा खासगरी उत्पादन, प्रशोधन तथा निर्माण क्षेत्रसँग सम्बन्धित उद्योगहरू रहेका छन् भने व्यापार क्षेत्रमा थोक तथा खुद्रा व्यापारले यहाँको अर्थतन्त्रलाई चलायमान बनाएको छ । रोजगारीका हिसाबले पनि यो सबैभन्दा ठूलो क्षेत्र हो । राष्ट्रिय आर्थिक गणना २०७५ ले प्रस्तुत गरेको तथ्यांकअनुसार पोखरामा करिब ६५ प्रतिशत व्यावसायिक एकाइ यस क्षेत्रका छन् । केही दशकयता पोखराको औद्योगिक उत्पादनको आधार विविधतापूर्ण भएको छ । संघीय सरकारको मातहत ५०० भन्दा बढी उद्योग सञ्चालनमा रहेको औद्यागिक क्षेत्र छ भने प्रदेश सरकारले महानगरपालिकासँगको समन्वयमा वडा नं. ३२ र ३३ मा ठूलो (करिब १६७ हेक्टर) क्षेत्रफलमा औद्योगिक क्षेत्र निर्माण गर्ने योजना बनाएको छ। सरकारले पोखराको औद्योगिक विकासमा प्राथमिकता दिएको छ। यसबाहेक, हालैका समयमा स्वतन्त्र रूपमा केही विषयगत क्षेत्र सम्बन्धित व्यापारिक केन्द्रहरू वृद्धि भइरहेका छन् र अन्य धेरै क्षेत्रलाई संलग्न गराउन यस वृद्धिलाई योजनाबद्ध र समन्वयात्मक रूपमा प्रवर्द्धन गरिनुपर्छ। मूल्य श्रृंखला को कुशलता वृद्धि गरी हरित, समावेशी र उत्थानशील विकास हासिल गर्न मद्दत पुऱ्याउनुपर्छ ।

पर्यटन र कृषिलाई पोखराको मुख्य आर्थिक आधारका रूपमा स्वीकार गरिसकिएको अवस्थामा उद्योग तथा व्यापार क्षेत्रलाई कृषि र पर्यटनलाई आपसमा जोड्ने र अझ बढी गतिशील बनाउने मध्यस्तकर्ताका रूपमा विकास गरिनुपर्छ । स्थानीय कच्चा पदार्थमा आधारित उद्योगका साथै कृषि प्रशोधन उद्योगमार्फत् पर्यटन तथा आतिथ्य क्षेत्रको माग सम्बोधन गर्नमा उद्योग तथा व्यापार क्षेत्रले उल्लेख्य योगदान गर्न सक्छ । यसरी अन्य क्षेत्रको सुदृढीकरण तथा तिनीहरूबीचको पारस्परिक अन्तरआबद्धता सवलीकरण गरी हरित, दिगो, समावेशी र उत्थानशील सहरी आर्थिक विकास हासिल गर्न सम्भव छ। उद्योग-व्यवसाय क्षेत्रले कृषिको प्रवर्द्धन (पश्च सम्बन्ध) र पर्यटन तथा आतिथ्य क्षेत्रलाई स्थानीय बजारबाट वस्तु तथा सामग्रीहरू प्राप्त गर्न सहजीकरण (अग्र सम्बन्ध) मजबुत बनाउन सहयोग गर्न सक्छ। पोखरा महानगरपालिका तथा निजी क्षेत्रले यसअघि नै यस दिशामा परियोजना सुरु गरिसकेका छन्, जसलाई अहिले र भविष्यमा पनि थप सहयोगमार्फत् सुदृढ गर्न सकिन्छ। यस प्रदेशको भौगोलिक परिदृश्यले पोखरालाई अन्तर्राष्ट्रिय व्यापारिक केन्द्रका रूपमा विकास गर्न सम्भव बनाएको छ। पोखरा हुँदै उत्तर-दक्षिणसम्मको रणनीतिक सडक तथा नयाँ विमानस्थलले यो स्थानलाई अन्तर्राष्ट्रिय व्यापारिक केन्द्र बनाउने दिशामा सहयोगी भूमिका खेल्न सक्नेछ ।

आर्थिक सम्भाव्यताको राम्रो उपयोग गर्न सक्ने क्षेत्रहरूमा व्यावसायिक अवसर पहिचान तथा प्रवर्द्धनले व्यापारिक केन्द्रहरूमा बढी रोजगारी सृजना र वृद्धिमा सहजीकरण गर्न सक्छ। यसले ग्रामीण प्रभाव क्षेत्रहरूलाई राम्रोसँग समेट्न सक्छ तथा मूल्य/आपूर्ति श्रृंखला लाई मजबुत बनाई दरिलो ग्रामीण-सहरी सम्बन्धको सृजना गर्छ।

### ४.४.१ उद्योग व्यापार क्षेत्रका प्रमुख सरोकारवाला

पोखराको उद्योग तथा व्यापारमा विभिन्न किसिमका प्रमुख संस्थाहरू सक्रिय छन् । त्यस्ता संस्थाहरूमा उद्योग तथा व्यापारसँग सम्बन्धित विभिन्न उपक्षेत्रहरूबाट प्रतिनिधित्व भएको छ। यसले प्रभावकारी समावेशी स्थानीय आर्थिक

विकास योजना तर्जुमा र कार्यान्वयनका लागि महत्वपूर्ण आधार प्रदान गरेको छ। यस क्षेत्रका प्रमुख सरोकारवालाहरू तल प्रस्तुत गरिएको छः

## तालिका ९ : पोखरा महानगरपालिकामा उद्योग व्यापार क्षेत्रका प्रमूख सरोकारवाला

| क्र.सं. | नाम |
|---|---|
| १ | पोखरा उद्योग वाणिज्य संघ |
| २ | लेखनाथ उद्योग वाणिज्य संघ |
| ३ | पोखरा औद्योगिक क्षेत्र उद्योग संघ |
| ४ | नेपाल साना तथा घरेलु उद्योग संघ |
| ५ | महिला उद्यमी संघ, कास्की |
| ६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश |
| ७ | नेपाल निर्माण व्यवसायी संघ, कास्की शाखा |
| ८ | नेपाल चेम्बर अफ कमर्स, गण्डकी प्रदेश |
| ९ | संघ, प्रदेश र जिल्ला अन्तर्गतका व्यवसाय दर्ता तथा कर प्रशासन जस्ता सम्बन्धित कार्यालयहरू |

अर्थतन्त्रका सबै क्षेत्रबाट उद्योगपति तथा साना व्यवसायीहरूको प्रतिनिधित्व गर्ने पोखरा उद्योग वाणिज्य संघ तथा लेखनाथ उद्योग वाणिज्य संघ निजी क्षेत्रका प्रमुख प्रतिनिधि संस्था हुन् । घरेलु तथा साना उद्योग महासंघ र नेपाल उद्यमी महिला संघ साना तथा घरेलु उद्योगमा आबद्ध छन् र वञ्चितीकरणमा परेको जनसंख्यालाई सम्भाव्य सहयोग र पहुँच उपलब्ध गराउँछन् । प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय नीतिगत तहमा यो क्षेत्रका मामिला हेर्ने विषयगत मन्त्रालय हो । पोखरा औद्योगिक क्षेत्र उद्योग संघले औद्योगिक क्षेत्रभित्र भएका उद्योगहरूको प्रतिनिधित्व गर्दछ र यस क्षेत्रमा केन्द्रित समावेशी स्थानीय आर्थिक विकास रणनीतिका सन्दर्भमा यो सान्दर्भिक हुन सक्छ । निर्माण व्यवसायी संघ कास्की यस क्षेत्रका निर्माण व्यवसायीहरूको छाता संगठन हो र पोखराको पूर्वाधार विकासमा यसको निकै ठूलो भूमिका रहेको छ । पोखरा निर्माण व्यवसायी संघका सदस्यहरू हालैका वर्षमा महानगरपालिकाको वार्षिक बजेटमा समावेश करिब दुईतिहाइ परियोजनामा काम गरिरहेका छन् । त्यसैगरी, उद्योग-व्यवसाय दर्ता नियमन तथा कर प्रशासनका क्षेत्रमा संघ तथा प्रदेश मातहतका विभिन्न कार्यालयको महत्वपूर्ण भूमिका रहेको छ ।

### ४.४.२ उद्योग व्यापार क्षेत्रका अवसर तथा चुनौती

पोखरा महानगरपालिका, निजी क्षेत्रका सरोकारवाला र विषय विज्ञहरूसँगको परामर्श तथा कार्यशाला गोष्ठीबाट प्राप्त सूचना र तथ्यांकका आधारमा उद्योग तथा व्यापार क्षेत्रका विभिन्न सबल तथा दुर्बल पक्षका साथै सोसँग जोडिएका सम्भावना र चुनौतीहरू  पहिचान गरी यहाँ बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

**सबल पक्ष र सम्भावनाहरू:**

- गुणस्तरीय एवम् प्रतिस्पर्धी वस्तु तथा सेवा उत्पादनको लागि स्थानीय उद्यमीहरूमा आवश्यक चासो र सरोकार देखिएको ।
- बैंक, बीमा तथा वित्तीय सेवाका साथै व्यवसाय सञ्चालनका लागि आवश्यक अन्य प्रशासनिक सेवा उपलब्ध भएको ।
- उद्योग तथा व्यवसाय क्षेत्रका सरोकारवाला र सम्बन्धित सरकारी निकायहरूसँगको जीवन्त सम्पर्क र सहकार्य रहेको अवस्था ।
- उपभोगमार्फत आर्थिक वृद्धिमा योगदान गर्ने गरी वैदेशिक रोजगारीबाट उच्च विप्रेषण प्रवाह तथा औद्योगिक वस्तुको बजार मागमा वृद्धि भई रहेको अवस्था ।
- सुव्यवस्थित सडक तथा हवाई यातायात सञ्जालसहितको आर्थिक केन्द्रका रूपमा स्थापित भएको (सिद्धार्थ राजमार्ग, पृथ्वी राजमार्ग र मध्यपहाडी राजमार्गबाट नेपालका प्रमुख सहरसँग जोडिएको र नयाँ विमानस्थलमार्फत् अन्तर्राष्ट्रिय बजारसँग जोडिने सम्भावना रहेको) ।
- साबिकको लेखनाथ नगरपालिका तथा अन्य गाउँपालिका क्षेत्रमा विस्तारित बजार केन्द्रहरू र बढ्दो आर्थिक गतिविधि ।
- महानगरको वडा नं. ३२ र ३३ मा ठूलो क्षेत्रफलको नयाँ औद्योगिक क्षेत्र स्थापनाको लागि आवश्यक पहल भएको ।
- महानगरका वडा कार्यालयहरूमा कर संकलन, सुझाव तथा व्यवसाय अनुमति दिन सक्ने अधिकारसहितको जनशक्तिमार्फत् सेवा प्रवाह भएको हुँदा व्यवसायमैत्री वातावरण बनेको अवस्था ।

**कमजोर पक्ष तथा चुनौतीहरू:**

- गुणस्तरीय एवम् प्रतिस्पर्धी वस्तु तथा सेवा उत्पादनको लागि पर्याप्त परिमाणमा पुँजी, प्रविधि र दक्ष जनशक्तिको अभाव ।
- उद्योग-व्यवसायबाट विसर्जन गर्नुपर्ने ठोस फोहरमैलाको वैज्ञानिक व्यवस्थापन हुन नसकेको अवस्था ।
- सरकारद्वारा औद्योगिकीकरणलाई न्यून प्राथमिकता दिएका कारण अपेक्षित विकास हुन नसकेको अवस्था ।
- नगरपालिकाभित्रको कार्यसम्पादनमा ढिलासुस्ती, लम्बेतानका कारण सार्वजनिक खरिद प्रक्रिया तथा पुँजीगत खर्चमा न्यूनता भएको अवस्था ।
- महानगरपालिकामा उद्योग वाणिज्य हेर्ने संस्थागत संरचना र औद्योगिक विकास गुरुयोजना/रणनीतिहरूको अभाव रहेको ।

- व्यवसाय दर्ता, सञ्चालन तथा कर प्रणालीमा अझै प्रक्रियागत जटिलता कायम रहनु तथा व्यवसायमैत्री हुन नसकेको (उदाहरणका लागि, कर तिर्ने भिन्न-भिन्न ठाउँहरू तथा धेरै ठाउँमा दर्ता गर्नुपर्ने) अवस्था रहेको।
- सहरका विभिन्न स्थानमा अव्यवस्थित वस्तीहरूको संख्या बढेर वातवरणीय तथा व्यावसायिक वातवरणमा समेत नकारात्मक प्रभाव पार्दै गएको।
- महानगरपालिका क्षेत्रमा उद्योग व्यापारहरूको वर्गीकरण गरेर निश्चित प्रकारका उद्योग-व्यापार (जस्तैः सवारी मर्मत केन्द्र, पशु वधशाला तथा मासु बजार आदि) का लागि छुट्टै स्थानको व्यवस्था नभएको।

उद्योग तथा व्यापार क्षेत्रले रोजगारी सृजना गर्दै महानगरपालिकाका लागि हरित, समावेशी र उत्थानशील स्थानीय अर्थतन्त्रको माध्यमबाट पोखराको स्थानीय आर्थिक विकासमा महत्वपूर्ण योगदान गर्न सक्ने सम्भावना रहेको छ। पोखराका उद्यमीहरूले जनशक्ति विकासका लागि रोजगार तालिम उपलब्ध गराएर तथा नयाँ प्रविधिहरू अवलम्बन गरेर उद्यमशीलताको भाव प्रदर्शित गरेका छन्। विशेष महत्वको कुराचाहिँ निर्माणाधीन नयाँ औद्योगिक क्षेत्र हो, जसले सम्भाव्य व्यवसायहरू सुरु गर्न तथा विस्तार गर्न अवसरहरू उपलब्ध गराउँछ। तर्जुमाको क्रममा रहेका र कार्यान्वयनमा रहेका कतिपय पूर्वाधार परियोजनाहरूले सुदृढ यातायात सञ्जालमार्फत् वस्तु तथा बजारसम्मको पहुँच सुधार गर्न सहयोग गर्दछ। साथै, पोखराका वासिन्दाका लागि रोजगारी उपलब्ध गराउँछ।

प्रायशः प्याकेटमा पाइने, तुलनात्मक रूपमा सस्ता र बढी चलायमान उपभोग्य सामग्रीहरूको बढ्दो माग भएको सन्दर्भमा साना तथा मझौला उद्यम-व्यवसायको क्षमता विस्तार गर्न र सरसफाइ गर्नेजस्ता विभिन्न प्रकारका सहायक वस्तु तथा सेवाहरू उपलब्ध गराउन र असंख्य अदक्ष तथा अर्धदक्ष, गरिब एवम् सीमान्तीकृत समुदायलाई रोजगारीका अवसर सृजना गर्न निर्माण तथा कृषि प्रशोधनलाई प्रवर्द्धन गर्न सकिन्छ।

पोखरा महानगरपालिकाको व्यवसायको सम्भाव्य वृद्धि तथा समावेशी र दिगो अर्थव्यवस्था हासिल गर्न यस क्षेत्रले भोग्नुपर्ने चुनौतीको उचित व्यवस्थापन गर्नु आवश्यक छ। पर्याप्त रूपमा दक्ष जनशक्तिको अभाव र अयोग्य व्यावसायिक प्रक्रियाहरूले नयाँ व्यवसाय दर्ता गर्न, पुँजी प्राप्त गर्न तथा करका आवश्यकताहरू पूरा गर्न व्यवधान सृजना गर्दछन्। विशेषगरी सुनियोजित रणनीति तथा विकास योजनाको अभावले लक्षित विकासमा अवरोध गर्छ।

यी चुनौतीहरूको सामना गर्न केही कदम चाल्न सकिन्छ। पोखरा महानगरपालिकाका सबल पक्ष तथा स्रोतको विस्तार गर्न सकिन्छ। यीमध्ये केही पहिले नै कार्यान्वयनमा ल्याइसकिएको छ र तिनलाई समावेशी स्थानीय आर्थिक विकास रणनीति र कार्ययोजनाहरूमार्फत् थप सहयोग एवम् सुदृढीकरण गर्न सकिन्छ। त्यस्ता अवसर देहायबमोजिम छन् :

- **न्यूनकार्बन तथा उत्थानशील विकास :** उद्योग व्यापार क्षेत्रको विस्तारसँगै उद्योगहरूलाई जलवायु परिवर्तन र अन्य प्रकोपहरूप्रति अनुकूलित र उत्थानशील हुन न्यूनकार्बनमुखी र ऊर्जा कुशल प्रविधिहरूमा लगानी गर्न प्रोत्साहन गर्न

सकिन्छ । यसबाहेक निर्धारित नयाँ औद्योगिक क्षेत्रले वातावरण संरक्षण, उत्थानशीलता तथा न्यूनकार्बन उत्सर्जन सम्बन्धी आवश्यकता र मार्गदर्शन तय गर्न सक्छ ।

- **व्यावसायिक र पेशागत सीप विकास :** यी मापदण्डहरू कार्यान्वयन गर्न सक्षम श्रमिकलाई स्थानीय तालिम प्रदायक संस्थाहरू परिचालन गरी विज्ञको सहयोगमा तालिम दिन सकिन्छ र यसले बढ्दो हरित अर्थतन्त्रमा रोजगारीका अवसरहरू विस्तार गर्न सहयोग पुऱ्याउँछ ।
- **समावेशीकरण :** सीमान्तीकृत समुदायहरूको सहभागिता वृद्धि गर्न नगरपालिकाले उद्योगहरूलाई प्रोत्साहन उपलब्ध गराउनु पर्छ ।
- **विप्रेषणको उत्पादनशील उपयोगमा जोड :** विदेशबाट प्राप्त हुने विप्रेषणलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न कार्यक्रमहरू ल्याइनुपर्छ । यसबाट दैनिक उपभोग्य वस्तु वा अन्य घरायसी सामग्रीजस्ता अनुत्पादनशील क्षेत्रमा खर्च कम भई आर्थिक लाभ सृजना हुन पुग्छ ।
- **व्यावसायिक वातावरण :** विभिन्न रणनीतिमार्फत् व्यवसाय सञ्चालन गर्ने वातावरणमा सुधार गर्न सकिन्छ, जसलाई थप मूल्यांकन र प्राथमिकीकरण गरिनुपर्छ । यसअन्तर्गत नयाँ दर्ता प्रक्रियाको सरलीकरण, व्यवस्थित ठोस फोहर व्यवस्थापन प्रणालीका साथै अन्य सार्वजनिक सेवाको विकास, पुँजीमा सहज पहुँच, सार्वजनिक खरिद प्रक्रियाको सहजीकरणलगायत पर्दछन् ।
- **सार्वजनिक-निजी साझेदारी :** सार्वजनिक-निजी साझेदारीलाई बृहत् स्तरका औद्योगिक तथा सेवामूलक उद्योगमा लगानी गर्न प्रोत्साहित गर्न सकिन्छ ।

## ४.५ सूचना प्रविधि र नवप्रवर्त्तनमा आधारित युवा उद्यमशीलता

उल्लिखित क्षेत्रहरूका अतिरिक्त सूचना तथा सञ्चार प्रविधि र युवा जनशक्ति पोखरा महानगरपालिकाका लागि प्रतिस्पर्धी लाभको नयाँ क्षेत्रको रूपमा पहिचान गरिएको छ । सूचना तथा सञ्चार प्रविधिमा आधारित अर्थतन्त्र वैज्ञानिक ज्ञान एवम् नवप्रवर्त्तनमुखी हुन्छ । युवा जनशक्तिको प्राविधिक दक्षता प्रयोग गरेर नवीनतम उद्यम-व्यवसायको बहुलतासहितको स्थानीय अर्थतन्त्र नै दिगो, समावेशी र उत्थानशील हुन सक्छ । सूचना तथा सञ्चार प्रविधिमा आधारित नवउद्यमहरूको वृद्धिले विभिन्न चरणमा विकासलाई तीव्र गतिमा सकारात्मक दिशामा अगाडि बढाउने सामर्थ्य राख्छ ।

पोखरा महानगरले आफ्नो दीर्घकालीन सोचको आधारपत्रमा नै सिर्जनशील, स्मार्ट र समुन्नत सहरका रूपमा विकास गर्ने उद्घोष गरिसकेकोले त्यस्तो सहरका लागि अत्यावश्यक मानिएको सूचना तथा सञ्चार प्रविधिका क्षेत्रमा युवा जनशक्तिलाई परिचालन गर्नुको विकल्प छैन । पोखराको युवा जनशक्ति भाषा, सिर्जनशीलता र दक्षताको हिसाबले र ज्ञानमा आधारित नवउद्यमहरूको विकासका लागि विश्वस्तरमा नै प्रतिस्पर्धा गर्न सक्षम छ । त्यसलाई सकारात्मक रूपमा परिचालन र मार्गदर्शन प्रदान गर्नु स्थानीय सरकारको दायित्व हो । यसै तथ्यलाई आत्मसात गरेर पोखरा

महानगरपालिकाले समावेशी स्थानीय आर्थिक विकासका लागि तर्जुमा गरेको यो रणनीतिक योजनामा त्यस क्षेत्रलाई प्राथमिकतामा राखेको छ ।

सूचना तथा सञ्चार प्रविधिको क्षेत्रका लागि आवश्यक पूर्वाधारको समुचित विकास गर्न सकिएमा उदीयमान र विकासशील क्षेत्रहरूलाई एकआपसमा जोडेर एकीकृत सेवा उपलब्ध गराउने सेवा प्रदायकका लागि पोखरा एउटा उपयुक्त स्थान हुन सक्छ । यसबाट सूचना प्रविधि र नवउद्यम नयाँ बजारका रूपमा सृजना मात्रै नभएर साना तथा मझौला उद्यमको सञ्चालन लागत कम गर्ने र उत्पादकत्व अभिवृद्धि गर्ने माध्यमका रूपमा स्थापित हुन सक्छ । यस प्रकारका नवउद्यमहरूले विश्वभरि नै पर्यटन व्यवसायीका लागि महत्वपूर्ण योगदान गरेका छन् । फलस्वरूप, नेपाली पर्यटन व्यवसायी पनि विस्तारै यसप्रति आकर्षित हुँदै गएका छन् । यस परिवेशमा नेपालको पर्यटकीय राजधानी पोखरा क्षेत्रका उद्योगी-व्यवसायी खासगरी युवा उद्यमीहरूलाई सूचना प्रविधिमैत्री उद्यमशीलतामा आकर्षित गर्न सक्ने प्रशस्तै आधारहरू छन् । महानगरपालिकाले संघ तथा प्रदेश सरकारहरूसँगको समन्वय र सहकार्यमा आवश्यक नीतिगत सुधार र व्यावसायिक वातावरणमा सहजीकरण गर्न सके सिर्जनशील युवा जनशक्ति आफैं अग्रसर भएर पोखरालाई सूचना तथा सञ्चार प्रविधिमा आधारित उद्यम-व्यवसायको लागि आकर्षक सहरका रूपमा रूपान्तरण गर्न सक्छन् ।

पोखरा महानगरपालिका, निजी क्षेत्रका सरोकारवाला र विषय विज्ञहरूसँगको परामर्श तथा कार्यशाला गोष्ठीबाट प्राप्त सूचना र तथ्यांकका आधारमा सूचना तथा सञ्चार प्रविधिमा आधारित युवा उद्यमशीलताका विभिन्न सबल तथा दुर्बल पक्षका साथै त्यससँग जोडिएका सम्भावना र चुनौतीहरू पहिचान गरी यहाँ बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

**सबल पक्ष एवम् सम्भावनाहरू**

- सूचना, प्रविधि सम्बन्धी पूर्वाधार सुधार गर्ने र पोखरालाई स्मार्ट सहर बनाउने सन्दर्भमा महानगरको स्पष्ट दीर्घकालीन सोच ।
- संघीय, प्रादेशिक र स्थानीय तहका सरकारहरूबाट पोखरा उपत्यकामा सूचना प्रविधि अध्ययन-अनुसन्धान र उद्यानजस्ता योजनाहरू समावेश हुनु ।
- सिर्जनशीलता आकर्षित गर्न सहयोगी हुनेखालका जनशक्ति र राम्रो सामाजिक अवस्था (उच्च मानव विकास सूचकांकसहित) भएको ।
- सूचना प्रविधि र युवालाई पर्यटन विकास एवम् अन्य क्षेत्रसँग जोड्न सक्ने राम्रो सम्भावनाका कारण केही नवीनतम कार्य सुरु भएको ।
- महानगरले युवाहरूलाई समावेशी र उत्थानशील आर्थिक तथा सामाजिक परिवर्तनका वाहक शक्तिका रूपमा आत्मसाथ गरेको अवस्था ।
- युवा उद्यमशीलता तथा सिर्जनशीलतालाई सहयोग गर्न प्रविधिसहितका प्रशिक्षण केन्द्र स्थापना सम्बन्धी सोच रहेको ।

- महानगरले विस्तारै आफ्ना सेवाहरू विद्युतीय (अनलाइन) माध्यमबाट प्रवाह गर्ने प्रतिवद्धता अनुरूप काम सुरु गरिसकेको अवस्था ।

**कमजोर पक्ष एवम् चुनौतीहरू**

- विभिन्न तहका सरकारबीच सूचना प्रविधि योजना कार्यन्वयन एवम् समान प्रकृतिका कार्यक्रमहरू सञ्चालन गर्न एकापसमा सामञ्जस्यको अभाव ।
- सूचना प्रविधि पूर्वाधार विकास तथा निर्माण गर्न आवश्यक लगानीको स्रोत जुटाउन कठिन ।
- सूचनाग्रामको स्थापना तथा अन्य पूर्वाधार विकासका लागि निजी क्षेत्रसँग अर्थपूर्ण सहकार्यका लागि आवश्यक संयन्त्रको अभाव ।
- पर्यटन क्षेत्रको विस्तार तथा प्रवर्द्धनका लागि सूचना, सञ्चार तथा प्रविधिसँगको गतिशील सम्बन्धका बारेमा निजी क्षेत्र पनि आवश्यक मात्रामा विश्वस्त हुन नसकेको ।
- प्राविधिक ज्ञानमा आधारित अर्थतन्त्र विकासको सम्भावना प्रदेश तथा स्थानीय तहको नीति तथा कार्यक्रममा राम्रोसँग प्रतिबिम्बित हुन नसकेको ।

पछिल्लो समय सूचना तथा सञ्चार प्रविधि र युवा उद्यमशीलतालाई अन्य विभिन्न क्षेत्रमा व्याप्त सम्भावनाको उजागर गर्न आगामी कदमहरू चाल्ने विषयमा अन्तरसम्बन्धित वा सहयोगी क्षेत्रका रूपमा पनि लिने गरिन्छ । यसै तथ्यलाई आत्मसात गरेर महानगरले केही कदम पहिले नै चालिसकेको छ र त्यसलाई एकीकृत स्थानीय आर्थिक विकास योजना अन्तर्गत थप सशक्त बनाउन सकिन्छ । नेपालको पन्ध्रौं आवधिक योजनाले परम्परागत अर्थतन्त्रलाई ज्ञानमा आधारित र आधुनिक बनाउन आधुनिक प्रविधि विकासको महत्वलाई आत्मसात गरेर सूचना तथा सञ्चार प्रविधि सम्बन्धी पूर्वाधार तथा परियोजनामा ठूलो लगानी गर्नुपर्ने औंल्याएको छ ।

गण्डकी प्रदेशको पहिलो पञ्चवर्षीय योजनाले पनि विज्ञान, प्रविधिलाई युवासँग जोड्ने अवसर देखेको छ र सूचना तथा सञ्चार प्रविधि सम्बन्धी पूर्वाधार एवम् सूचना प्रविधि पार्कमा लगानी गर्ने योजना अघि बढाएको छ । पोखरा महानगरपालिकाले संघ र प्रदेश सरकारका यी सहयोगी क्रियाकलापहरूलाई सूचना तथा सञ्चार प्रविधिमैत्री युवा उद्यमशीलता विकास गरी स्थानीय अर्थतन्त्रको प्रतिस्पर्धी क्षमता बढाउँदै जानुपर्छ । यस सन्दर्भमा तल दिइएका बुँदाहरूलाई महत्वपूर्ण रूपमा लिनु आवश्यक हुन्छ ।

- अर्धदक्ष कामदारलाई मुख्य विषय क्षेत्रहरूमा प्राविधिक तालिममार्फत् पुनः सीप प्रदान गरी सूचना, सञ्चार तथा प्रविधिमा आधारित अर्थतन्त्रको सृजनाका निम्ति उनीहरूलाई गतिशील श्रमशक्ति बनाउन श्रमको आपूर्ति सबलीकरण गर्ने ।

- उच्च प्रविधियुक्त अर्थतन्त्रमा प्रमुख गैर-व्यापारयोग्य सेवाहरू उपलब्ध गराउन न्यून सीप भएका कामदारले पनि महत्वपूर्ण भूमिका खेल्न सक्छन्, यसर्थ यस्ता क्षेत्रहरूमा स्थानीय युवालाई अवसर उपलब्ध गराउने विषयमा ध्यान केन्द्रित गर्नुपर्छ ।
- पोखरा महानगरमा उच्च सीपयुक्त सिर्जनशील जनशक्ति र सूचना प्रविधि क्षेत्रका गतिशील सेवा प्रदायकलाई आकर्षित गर्न अन्तर्राष्ट्रिय स्तरका भौतिक पूर्वाधार विकासमा जोड दिने ।
- युवाहरूलाई उद्यमशील क्रियाकलापमा सरिक गराउन वित्तीय पहुँच, व्यवसाय विकास सेवा र सिर्जनशीलतामा प्रोत्साहन गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ज्ञान तथा सीप आदानप्रदान र प्रविधि हस्तान्तरणका अवसर उपलब्ध गराउने ।

पोखरा महानगरले कोरोना महामारीबाट स्थानीय अर्थतन्त्रमा पारेको बृहत् प्रभाव मूल्यांकनमार्फत् यहाँको सूचना, सञ्चार तथा प्रविधि क्षेत्रका बारेमा केही सूक्ष्म जानकारी प्रदान गरेको छ । नेपालमा सूचना तथा सञ्चार प्रविधि क्षेत्रको व्यावसायिक वृद्धिमा प्रचुर सम्भावना भए पनि सुरुआती चरण स्थापित र विस्तारित हुन कर तथा गैरकर दुवैखाले अवरोध रहेको औंल्याइएको छ । कोरोनाले अन्य व्यावसायिक क्षेत्रको तुलनामा सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा कम असर गरे पनि यस क्षेत्रको विकास अन्यको विस्तारमा निर्भर रहेको देखिन्छ । यसर्थ, सूचना तथा सञ्चार प्रविधि क्षेत्र लक्षित कर नीतिमा सुधार र सहुलियत सम्बन्धी रणनीतिहरू अवलम्बन गर्नुपर्ने देखिन्छ ।।

यसबाहेक, यस क्षेत्रबाट प्रतिस्पर्धी लाभ हासिल गर्ने हो भने सोही अनुरूप प्रविधिमैत्री पूर्वाधार विकासमा जोड दिनुपर्छ । त्यसबाट नयाँ तथा उदीयमान उद्यम-व्यवसायहरू प्रतिस्पर्धी हुन गई उनीहरूको व्यावसायिक लागत घटाउन सक्छन् । अध्ययनले पनि सूचना तथा सञ्चार प्रविधि क्षेत्रका व्यवसायले भविष्यमा व्यवसाय विस्तारका लागि आधुनिक प्रविधिमा लगानी वृद्धि गर्ने चाहना राखेको देखाएको छ । यस क्षेत्रमा हुने नवीनतम क्रियाकलापले अन्य क्षेत्रमा थप लगानी आकर्षित गर्न व्यवसायीहरूलाई प्रेरित गर्नेछ ।

## ४.६ लैंगिक समानता र सामाजिक समावेशीकरणका विषय

माथि उल्लेख गरिएअनुसार पर्यटन, उद्योग र सूचना प्रविधिजस्ता आर्थिक वृद्धिका संवाहक क्षेत्रसहित अर्थतन्त्रको मूल प्रवाहमा महिला तथा सीमान्तीकृत समुदायको प्रतिनिधित्व तुलनात्मक रूपमा न्यून छ । यो असमानतालाई सम्बोधन गर्नु समावेशी स्थानीय आर्थिक विकास रणनीतिको प्रमुख उद्देश्य हो । समावेशी स्थानीय आर्थिक विकास प्रक्रियामा महिला तथा सीमान्तीकृत समुदायको अर्थपूर्ण योगदान सुनिश्चित गर्न आदिमकालदेखि गहिरोसँग जरा गाडेको विद्यमान सामाजिक शक्ति सन्तुलनलाई रूपान्तरण गर्न जरुरी छ । यसबाट विकास प्रक्रियामा महिला तथा सीमान्तीकृत समुदायको आर्थिक, सामाजिक अवस्था सुदृढ गर्न मद्दत पुग्छ ।

साथै, व्यावसायिक तथा उद्यमशील बन्न तिनीहरूका आवश्यकताबारे उल्लेख्य ध्यानाकर्षण गर्दै वित्तीय स्रोत र बजार प्रणालीमा पहुँच वृद्धिमा पनि सहयोग गर्नुपर्छ । एउटा पूर्ण समावेशी स्थानीय आर्थिक विकास प्रक्रियामा लिंग,

जातजाति, धर्म, विविध भौगोलिक अवस्थितिको मात्र सन्तुलित प्रतिनिधित्व भएर पुग्दैन, बरु सबै सहभागीका विचारहरूको उचित सम्मान र प्रोत्साहन हुने कार्यढाँचा स्थापित भएको हुनुपर्छ । समावेशी स्थानीय आर्थिक विकासको रणनीतिक योजनाले समावेशीकरणका आधारभूत सिद्धान्तअनुरूप देहायका विषयमा विशेष ध्यान दिनु आवश्यक छ :

### ४.६.१ समावेशी उद्यम विकास

महिला तथा वञ्चितीकरणमा परेका समुदायका लागि लघु, घरेलु तथा साना उद्यम-व्यवसाय रोजगारी तथा स्वरोजगारीका लागि महत्वपूर्ण स्रोतहरू हुन् । यस्ता व्यवसायहरू आर्थिक रूपमा सम्भाव्य र दिगो हुनुपर्छ भने सामाजिक रूपमा जिम्मेवार तथा पर्यावरणप्रति जवाफदेही हुनुपर्छ । यस्ता व्यवसायहरूले समग्र अर्थतन्त्रको मूल्य अभिवृद्धिमा योगदान नपुऱ्याउने अनावश्यक तहहरू घटाएर उत्पादक र उपभोक्तालाई बजारसँग प्रत्यक्ष जोड्ने कार्यमा मद्दत गर्नुपर्छ । उद्यम विकासमा समावेशीकरणका मुख्य रणनीतिहरूमा तालिम तथा क्षमता विकास, वित्तमा सहज पहुँच, सहकर्मी तथा साझेदारको सहयोग तथा कार्यक्रम सहजीकरण पर्दछ । चेतनामूलक अभियान एवम् तालिमहरूमार्फत् किशोरी तथा महिलालाई विशेष ध्यान दिँदै युवा उद्यमशीलतामा पनि जोड दिनुपर्छ ।

पोखराका ८० प्रतिशतभन्दा बढी अनौपचारिक उद्यम-व्यवसायका लागि सहज वित्तीय पहुँच आयआर्जन वृद्धिको मूल व्यवधानका रूपमा रहेको देखिन्छ । यसका अतिरिक्त बजारमा मूल्य विभेद, सहज बजार पहुँचको अभाव र संकलन केन्द्रजस्ता पूर्वाधारको अभाव पनि मुख्य चूनौतीका रूपमा देखिन्छन् । तर अनौपचारिक क्षेत्रका उद्यम-व्यवसायीका लागि सबैभन्दा महत्वपूर्ण पक्ष यहाँको बजार माग हो, जुन पोखरमा पर्याप्त छ । तसर्थ, उनीहरूका लागि व्यवसाय सुरु गर्न लाग्ने पुँजीमा अनुदान, खर्च न्यूनीकरण वा व्यवसाय सम्बन्धी सीप/तालिमहरू एकदमै महत्वपूर्ण रहेका छन् ।

### ४.६.२ समावेशी मूल्य श्रृंखला विकास

समावेशी मूल्य श्रृंखला ले व्यवसायको अवधारणा तर्जुमादेखि उत्पादन र वितरणका विभिन्न चरणका साथै वस्तु वा सेवाको उपभोगपछि विसर्जनसम्मका सबै तहमा कुनै पनि वर्ग वा समुदायका लागि समान अवसर स्थापित गरेको हुन्छ । महिलाको काम मूल्य श्रृंखला मा प्रायजसो कम मूल्य अभिवृद्धि गर्ने गतिविधि र घरायसीखालका काममा केन्द्रित भएको देखिन्छ । लैंगिक संवेदनशील मूल्य श्रृंखला पद्धतिले यसका विविध तहहरूमा लैंगिकताको प्रभावलाई सन्तुलित राख्ने प्रयास गरेको हुन्छ । यस उद्देश्यका लागि महिला र अन्य सीमान्तीकृत समूहको कार्य अवस्था सुधार गर्न सकिन्छ र उनीहरूलाई अर्थव्यवस्थामा फलदायी रूपमा सहभागी हुन सक्षम बनाउन विशिष्ट प्रशिक्षण प्रदान गर्न सकिन्छ ।

समावेशी मूल्य श्रृंखला को रणनीतिमा आर्थिक रूपमा वञ्चितीकरणमा परेका, अपांगता भएका, महिला र सीमान्तकृत समुदायको अवसरलाई सुनिश्चित गर्नु अति महत्वपूर्ण हुन्छ । त्यसका लागि विभिन्न वस्तुको मूल्य श्रृंखला मा सुधारका लागि महिला समूहहरू तथा अन्य सरोकारवालासँगको साझेदारीमा एउटा दिगो र उत्थानशील पद्धति स्थापना गरिनुपर्छ । यसबाट मूल्य अभिवृद्धिमा उपयुक्त प्रोत्साहनका लागि कच्चापदार्थ उत्पादन गर्ने महिला तथा गरिब कृषक समूह लक्षित कार्यक्रम तर्जुमा गर्न सकिन्छ । पोखरा महानगरपालिकाले वस्तुको मूल्य अभिवृद्धिका लागि महिला

तथा गरिब कृषकलाई तालिम दिन व्यवसाय परामर्श तथा आवश्यकताअनुसार बिऊ पुँजी अनुदान र सहुलियतपूर्ण कर्जाको व्यवस्था गर्नुपर्छ ।

समावेशी मूल्य श्रृंखला प्रवर्द्धनले एकातर्फ उत्पादक तथा सहरी उपभोक्ताका बीचमा दिगो सम्बन्ध स्थापना गर्न सहयोग गर्छ भने अर्कोतर्फ श्रृंखलाका विभिन्न तहमा महिला उद्यमी तथा वञ्चितीकरणमा परेका व्यक्तिहरूलाई समावेश गर्न पनि सहयोग गर्छ । समावेशी स्थानीय आर्थिक विकास प्रक्रियाअन्तर्गत उपयुक्त मूल्य श्रृंखला विकासका लागि महिला तथा सीमान्तीकृत समुदायका सरोकारवाला समूहहरूसँगको परामर्शमा पोखरामा सम्भाव्य कृषि-वन-पशुपालन उपक्षेत्र पहिचान गर्ने उद्देश्यले थप अनुसन्धान आवश्यक पर्न सक्छ ।

# परिच्छेद ५
# समावेशी स्थानीय आर्थिक विकास रणनीति र कार्ययोजना

## ५.१ पृष्ठभूमि

यो समावेशी स्थानीय आर्थिक विकास रणनीतिक योजना पोखरा महानगरको दीर्घकालीन सोच २१०० बाट निर्दिष्ट लक्ष्यहरू हासिल गर्ने प्रतिबद्धता स्वरूप आएको छ। महानगरको प्रथम आवधिक (तीन वर्षीय) योजना र वार्षिक बजेट तथा कार्यक्रमहरूमा समेत सोही दीर्घकालीन सोचमा आधारित भएर यस रणनीतिक योजनाले प्रस्ताव गरेका कार्यक्रमहरूलाई प्राथमिकता दिइनेछ। पोखरालाई समुन्नत पर्यटकीय सहर बनाउने विषय हरित, दिगो, समावेशी र उत्थानशील आर्थिक विकासका साथै अन्य क्षेत्रको समेत समुचित विकासमा भर पर्छ।

यद्यपि, आर्थिक समृद्धि नै समुन्नतिको प्रमुख आधार भएकोले यस समावेशी स्थानीय आर्थिक विकास रणनीतिक योजनाको सफल कार्यान्वयनबाट दीर्घकालीन सोचपत्रमा निर्धारित लक्ष्य हासिल गर्ने आधारशिला तयार हुनेमा महानगर विश्वस्त छ। यसै सन्दर्भमा तर्जुमा गरिएको समावेशी स्थानीय आर्थिक विकास रणनीतिक योजनाको मूल लक्ष्य र मार्गनिर्देशक सिद्धान्तहरू देहायबमोजिम रहेका छन् :

**मूल लक्ष्य:** यस रणनीतिक योजनाको मूल लक्ष्य पोखराको स्थानीय अर्थतन्त्रमा विविधिकृत तथा समावेशी आर्थिक अवसरहरूको प्रवर्द्धनमार्फत् सहरी उत्थानशीलतामा उल्लेख्य सुधार गरी न्यूनकार्बन उत्सर्जनसहितको आर्थिक-सामाजिक रूपान्तरण सुनिश्चित गर्दै पोखरालाई वि.सं. २१०० सम्म समुन्नत पर्यटकीय महानगरका रूपमा स्थापित गर्न सहयोग पुर्‍याउनु हो।

**मार्गनिर्देशक सिद्धान्तहरू:** उपरोक्त लक्ष्य हासिल गर्नका लागि महानगरपालिकाले विभिन्न सरोकारवालासँगको छलफल र विषयविज्ञहरूको रायका आधारमा निम्न मार्गनिर्देशक सिद्धान्तबमोजिम यो रणनीतिक योजना तर्जुमा गरेको छ।

१. समावेशी, विविधिकृत र न्यूनकार्बन उत्सर्जनसहितको हरित अर्थतन्त्र प्रवर्द्धन।
२. महानगरका सेवा तथा सुविधाहरूमा आमनागरिकको सहज र समतामूलक पहुँच।
३. समावेशी, सुरक्षित, सबल तथा उत्थानशील भौतिक पूर्वाधार र समन्यायिक सहरी विकास।
४. प्राकृतिक सुन्दरता तथा सांस्कृतिक सम्पदाले भरिपूर्ण आकर्षक पर्यटकीय गन्तव्य पोखरा।
५. विश्वस्तरीय कुशल सेवा प्रवाहसहितको शान्तिपूर्ण, खुसी, सौहार्दपूर्ण, सहिष्णु र सहअस्तित्वयुक्त नमुना महानगर पोखरा।
६. सहरबासीको सामाजिक-आर्थिक रूपान्तरणका लागि निजी क्षेत्रसँग दिगो र अर्थपूर्ण सहकार्य।

## ५.२ रणनीतिक योजनाका उद्देश्य तथा रणनीतिहरू

पोखरामा उपलब्ध स्रोतसाधनका साथै विकासका अवसर तथा चुनौतीहरूलाई रणनीतिक रूपमा व्यवस्थापन गर्न सकिएमा जनताको जीवनस्तर सुधार गर्ने तथा सुन्दर, सुरक्षित र समृद्ध पोखरा निर्माण गर्ने नागरिकको चाहना पूरा गर्न

सम्भव छ। यस परिवेशमा, हरित, समावेशी र उत्थानशील सहरी विकासको दिशामा अघि बढ्नका लागि सन्तुलित तथा सुनियोजित स्थानीय आर्थिक वृद्धि आवश्यक छ। उत्थानशील सहरी विकास हासिल गर्न कानुनी तथा संरचनागत सुधारमार्फत् समावेशी आर्थिक वृद्धिलाई प्रवर्द्धन गर्न सहयोग गर्नु यस योजनाको ध्येय हो।

त्यस दिशामा अगाडि बढ्न यस समावेशी स्थानीय आर्थिक विकासका उद्देश्य, रणनीति तथा कार्यक्रमहरू लक्षित छन्। ग्रामीण तथा सहरी क्षेत्रमा समावेशी, न्यूनकार्बनउन्मुख तथा जलवायु परिवर्तन अनुकूलनशील र विपद् उत्थानशील पद्धतिमा आधारित दिगो र सन्तुलित आर्थिक वृद्धि नै महानगरको चाहना हो। त्यसैअनुरूप समावेशी स्थानीय आर्थिक विकास रणनीतिक योजनाका उद्देश्य तथा रणनीतिहरू निम्नानुसार तय गरिएको छ :

### उद्देश्य १ः विविधिकृत आर्थिक अवसरहरूको प्रवर्द्धन गरी दिगो वृद्धि हासिल गर्ने।

**रणनीतिहरूः**

१. पोखरामा पर्यटन व्यवसायको संरक्षण र प्रवर्द्धन गर्दै दिगो आर्थिक संवाहकका रूपमा स्थापित गर्ने।
२. मूल्य श्रृंखलामा आधारित व्यावसायिक कृषि तथा पशुपालनको प्रवर्द्धन गर्ने।
३. वनको वैज्ञानिक व्यवस्थापन र वातावरण संरक्षणद्वारा हरित अर्थतन्त्रको प्रवर्द्धन गर्ने।
४. स्थानीय परिवेश सुहाउँदो वातवरणमैत्री उद्योगहरूको प्रवर्द्धनमा जोड दिने।
५. नवीनतम ज्ञानमा आधारित सूचना प्रविधि र युवामैत्री नवउद्यमहरूको प्रवर्द्धन गर्ने।

### उद्देश्य २ः सुदृढ बजार प्रणालीको विकासमार्फत् समावेशी आर्थिक वृद्धि हासिल गर्ने।

**रणनीतिहरूः**

१. पर्यटन क्षेत्रलाई थप विस्तारित तथा विविधिकरण गर्ने।
२. स्थानीय प्राकृतिक स्रोतको व्यावसायिक उपयोगमा स्थानीय समुदायको अधिकार सुनिश्चित गरी आार्थिक विकासमा मूलप्रवाहीकरण गर्ने।
३. स्थानीय स्रोतसाधन र परम्परागत सीपको उपयोग गर्दै घरेलु, साना तथा मझौला उद्योगको प्रवर्द्धन गर्ने।
४. सीमान्तीकृत र वञ्चितीकरणमा परेका जाति तथा समुदायको लागि उद्यमशीलता र सीप विकासका कार्यक्रम सञ्चालन गरी स्वरोजगार र उद्यमी बन्न प्रेरित गर्ने।
५. महिलाको आर्थिक सशक्तीकरणका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने।

## उद्देश्य ३: सहरी उत्थानशीलता हासिल गर्न हरित र वृत्ताकार अर्थतन्त्रको प्रवर्द्धन गर्ने ।

**रणनीतिहरू:**

१. हरियाली, तालतलैया, हिम चुचुरा, गुफाजस्ता प्राकृतिक पर्यटकीय उपजको पुनःभरण, संरक्षण र सौन्दर्यीकरण गर्ने ।

२. कृषिमा प्रांगारिक उत्पादन प्रणालीमार्फत् माटोको उर्वराशक्ति बढाउँदै मौलिक एवम् रैथाने प्रजातिको संरक्षण र संवर्द्धन गर्ने ।

३. निजी क्षेत्रलाई जिम्मेवार उत्पादन, वितरण तथा उपभोग प्रणालीको प्रवर्द्धनमा प्रोत्साहन गर्ने ।

४. युवालाई उद्यमशील, सृजनशील र जिम्मेवार नागरिक बन्ने वातावरण निर्माण गर्ने ।

५. नवीकरणीय ऊर्जा तथा फोहरमैला प्रशोधन तथा पुनःप्रयोगमा आधारित उद्योगलाई प्रवर्द्धन गर्ने ।

## उद्देश्य ४: तुलनात्मक तथा प्रतिस्पर्धी लाभका क्षेत्रको विकास गरी आत्मनिर्भरताउन्मुख स्थानीय अर्थतन्त्र निर्माणका लागि आधार तयार गर्ने ।

**रणनीतिहरू:**

१. पर्यटन क्षेत्रको मागअनुसार आवश्यक खाद्यवस्तु उत्पादन र स्थानीय कच्चापदार्थमा आधारित उद्योगको प्रवर्द्धनमा जोड दिने ।

२. विप्रेषण आय तथा स्थानीय बचतलाई उद्यमशीलता विकास तथा उत्पादनमुखी गतिविधिमा जोड्न विशेष कार्यक्रम सञ्चालन गर्ने ।

३. घरेलु, साना तथा मझौला उद्यमका लागि सहज वित्तीय पहुँच विस्तार गर्न संघ तथा प्रदेश सरकारसँग सहकार्य गर्ने ।

४. आत्मनिर्भरताउन्मुख अर्थतन्त्रको निर्माणमा निजी क्षेत्रलाई प्रोत्साहन गर्न सार्वजनिक-निजी साझेदारी ( पीपीपी) लाई थप प्रभावकारी बनाइने ।

५. स्थानीय प्राकृतिक स्रोतसाधनको वातावरणमैत्री ढंगबाट व्यावसायिक उपयोग बढाएर समावेशी, हरित र उत्थानशील स्थानीय अर्थतन्त्रको प्रवर्द्धनमा सहयोग पुर्‍याउने ।

## उद्देश्य ५: सहरी पूर्वाधार र भौतिक निर्माणलाई गुणस्तरीय तथा वातावरणमैत्री वनाउने ।

**रणनीतिहरू:**

१. सहरी सौन्दर्य र प्राकृतिक दृश्यावलोकनका लागि वातावरणमैत्री विशेष संरचनाहरू (सुपरस्ट्रक्चर) निर्माण गर्ने ।

२. जोखिम संवेदनशील भू-उपयोग योजना कार्यान्वयन र भवन निर्माण मापदण्ड पूर्ण पालना गराई विपद् जोखिम न्यूनीकरण गर्ने ।

३. महानगरका उपयुक्त क्षेत्रमा भू-उपयोग योजनाअनुरूप व्यवस्थित सहरीकरणको योजनावद्ध कार्यक्रम सञ्चालन गर्ने ।

४. अन्तर्राष्ट्रिय मापदण्डअनुसार सहरी यातायात तथा ढल व्यवस्थापन गुरुयोजना तयार गरी कार्यान्वयन गर्ने ।

५. महानगरका खुला स्थान, सडक किनारा र नहर किनाराको मापदण्ड लागू गरी सहरी हरियाली प्रवर्द्धन गर्ने ।

## ५.३ रणनीतिक कार्ययोजना र सम्भावित कार्यक्रमहरू

पोखरा महानगरपालिकाका निर्वाचित जनप्रतिनिधिका साथै निजी क्षेत्र र अन्य सरोकारवालासँगको छलफल र अन्तर्क्रियाबाट प्राप्त सुझावका आधारमा कार्ययोजना निर्माणको अन्तिम चरणमा पुगेको समयमा सुरु भएको कोभिड-१९ महामारीले स्थानीय अर्थतन्त्रमा नयाँ चुनौती थप्यो । महामारी गहिरिँदै जाँदा पोखराको अर्थतन्त्र, पर्यटन तथा लगानीका प्राथमिकताहरूमा पर्ने प्रभावको लेखाजोखा गर्दै त्यसको सामना गर्नका लागि चालिनुपर्ने कदमहरूसमेत समावेश गरी आवश्यक रणनीति र सम्भावित कार्यक्रम प्रस्ताव गरिएका छन् ।

समावेशी स्थानीय आर्थिक विकास रणनीति तथा कार्ययोजनामा सरोकारवालाहरूबाट प्राप्त विचार र सुझाव अनि मार्गदर्शनले पोखरा महानगर नयाँ परिस्थितिमा सबैखाले चुनौतीको सामना गर्दै अगाडि बढ्न सक्षम छ भन्ने आत्मविश्वास प्राप्त भएको छ । हरित र उत्थानशील सहरको प्रमुख विशेषता भनेको सुव्यवस्थित, आर्थिक रूपमा सम्पन्न, समावेशी तथा दीर्घकालीन लक्ष्यमा केन्द्रित हुँदै चुनौतीको सामना गर्न सक्ने सचेत र दक्ष जनसंख्याको संगठित स्वरूप हुनु हो । यसै तथ्यलाई आत्मसात गर्दै महानगरले समावेशी स्थानीय आर्थिक विकास हासिल गर्नका लागि देहायको रणनीतिक कार्ययोजना प्रस्तुत गरेको छ :

**उद्देश्य १: विविधिकृत आर्थिक अवसरहरूको प्रवर्द्धन गरी दिगो वृद्धि हासिल गर्ने ।**

**रणनीति १. पोखरामा पर्यटन व्यवसायको संरक्षण र प्रवर्द्धन गर्दै दिगो आर्थिक संवाहकका रूपमा स्थापित गर्ने ।**

| रणनीतिक कार्यक्रमहरू | कार्यक्रम कार्यान्वयन गर्ने | | अनुमानित लागत (रु. लाखमा) | प्राथमिकता | समयावधि (सांकेतिक) |
|---|---|---|---|---|---|
| | जिम्मेवार निकाय एवम् संस्थाहरू | सहयोगी निकाय एवम् संस्थाहरू | | | |
| १.१ पर्यटकीय स्रोत, सम्पदा र उपजहरूको संरक्षण, व्यवस्थापन र प्रवर्द्धन गर्ने । | पोखरा महानगरपालिका र स्थानीय सम्पदा संरक्षण तथा विकास सामुदायिक संस्थाहरु । | नेपाल पर्यटन बोर्ड, पोखरा उद्योग वाणिज्य संघ, पोखरास्थित पर्यटन व्यवसायी संघसंस्थाहरू । | ६५ | १ | **दीर्घकालीन** |
| १.२ पर्यटकीय सेवा तथा सुविधाको गुणस्तर सुधार र विविधिकरण गर्ने । | पोखरास्थित पर्यटन व्यवसायी संघसंस्थाहरू | पोखरा महानगरपालिका, नेपाल पर्यटन बोर्ड | ३५ | १ | **अल्पकालीन** |
| १.३ थप पर्यटकीय वस्तु तथा गन्तव्यको खोज, विकास तथा विस्तार गर्ने । | पोखरा महानगरपालिका र स्थानीय पर्यटन व्यवसायी संघसंस्थाहरू | नेपाल पर्यटन बोर्ड, उद्योग वाणिज्य संघहरू र छिमेकी गाँउपालिकाहरू | ४५ | २ | **दीर्घकालीन** |
| १.४ पोखरा वरिपरिका पर्यटकीय गन्तव्यहरूको संरक्षण गर्दै उपयुक्त स्थानमा आधुनिक पर्यटकीय उपजको विकास र प्रवर्द्धन गर्ने | पोखरा महानगरपालिका र स्थानीय पर्यटन व्यवसायी संघसंस्थाहरू | नेपाल पर्यटन बोर्ड, उद्योग वाणिज्य संघहरू र छिमेकी गाँउपालिकाहरू | ६० | २ | **मध्यकालीन** |

**रणनीति २ : मूल्य श्रृंखला मा आधारित व्यावसायिक कृषि तथा पशुपालनको प्रवर्द्धन गर्ने ।**

| रणनीतिक कार्यक्रमहरू | कार्यक्रम कार्यान्वयन गर्ने | | अनुमानित लागत (रु. लाखमा) | प्राथमिकता | समयावधि (सांकेतिक) |
|---|---|---|---|---|---|
| | जिम्मेवार निकाय एवम् संस्थाहरू | सहयोगी निकाय एवम् संस्थाहरू | | | |
| २.१ दैनिक उपभोग्य वस्तुको स्थानीय स्तरमा व्यावसायिक उत्पादनलाई प्रवर्द्धन र प्रोत्साहन गर्ने । | पोखरा महानगरपालिका र पोखरा तथा लेखनाथ उद्योग वाणिज्य संघ | स्थानीय टोल सुधार समितिहरू, होटल तथा रेस्टुरेण्ट व्यवसायी संघसंस्थाहरू | १५ | १ | **अल्पकालीन** |

| | | | | | |
|---|---|---|---|---|---|
| २.२ व्यावसायिक प्रांगारिक एवम् बेमौसमी कृषि उत्पादनलाई प्रवर्द्धन र प्रोत्साहन गर्ने । | पोखरा महानगरपालिका, जिल्ला तथा प्रदेश स्तरीय कृषि कार्यलयहरू, उद्योग वाणिज्य संघहरू । | स्थानीय टोल सुधार समितिहरू, होटल तथा रेस्टुरेण्ट व्यवसायी संघसंस्थाहरू | २५ | १ | **अल्पकालीन** |
| २.३ तरकारी, फलफूल, अण्डा, मासु र माछाको उत्पादनमा आत्मनिर्भर बन्न कार्यक्रम सञ्चालन गर्ने । | पोखरा महानगरपालिका, जिल्ला तथा प्रदेश स्तरीय कृषि कार्यालयहरू, उद्योग वाणिज्य संघहरू । | स्थानीय टोल सुधार समितिहरू, होटल तथा रेस्टुरेण्ट व्यवसायी संघसंस्थाहरू | ३५ | २ | **मध्यकालीन** |
| २.४ महानगरभित्रका कृषिभूमिलाई चक्लाबन्दी गरी संरक्षण गर्दै सहकारी उत्पादन प्रणालीमा जोड दिने । | पोखरा महानगरपालिका र व्यावसायिक कृषि उत्पादनमा क्रियाशील सहकारी एवम् समितिहरू । | स्थानीय टोल सुधार समितिहरू, उद्योग वाणिज्य संघहरू, जिल्ला मालपोत कार्यालय कास्की | ५० | २ | **दीर्घकालीन** |

**रणनीति ३ : वनको वैज्ञानिक व्यवस्थापन र वातावरण संरक्षणद्वारा हरित अर्थतन्त्रको प्रवर्द्धन गर्ने ।**

| रणनीतिक कार्यक्रमहरू | कार्यक्रम कार्यान्वयन गर्ने | | अनुमानित लागत (रु.लाखमा) | प्राथमिकता | समयावधि (सांकेतिक) |
|---|---|---|---|---|---|
| | जिम्मेवार निकाय एवम् संस्थाहरू | सहयोगी निकाय एवम् संस्थाहरू | | | |
| ३.१ स्थानीय समुदायलाई सामुदायिक वनको दिगो व्यवस्थापन र आयमूलक बनाउन विशेष कार्यक्रम सञ्चालन गर्ने । | पोखरा महानगरपालिका, स्थानीय सामुदायिक वन उपभोक्ता समुहहरू र उद्योग वाणिज्य संघहरू | डिभिजन वन कार्यालय कास्की, संघ तथा प्रदेशका वन तथा वातवरण मन्त्रालय र गै.स.स.हरू | २५ | १ | अल्पकालीन |
| ३.२ गैरकाष्ठ वनपैदावारको व्यावसायिक उत्पादन र प्रशोधनमा आधारित उद्योगहरूको प्रवर्द्धन गर्ने । | पोखरा महानगरपालिका, स्थानीय सामुदायिक वन उपभोक्ता समुहहरू र उद्योग वाणिज्य संघहरू | डिभिजन वन कार्यालय कास्की, संघ तथा प्रदेशका वन तथा वातावरण मन्त्रालय र गै.स.स.हरू | ५० | १ | अल्पकालीन |
| ३.३ सहरी क्षेत्रका वनलाई वानस्पतिक उद्यान र बाटिकाको रूपमा विकास गर्ने । | पोखरा महानगरपालिका, स्थानीय टोल विकास समितिहरू । | डिभिजन वन कार्यालय कास्की, संघ तथा प्रदेशका वन तथा | १५ | २ | मध्यकालीन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | वातावरण मन्त्रालय र गै.स.स.हरू | | | |
| ३.४ महानगरका नदी, खोला तथा तालका जलाधर क्षेत्रमा कृषि, वन र जडिबुटी उत्पादनमा जोड दिने । | पोखरा महानगरपालिका, स्थानीय टोल विकास समितिहरू । | पोखरा महानगरपालिका, स्थानीय टोल विकास समितिहरू । | २० | २ | दीर्घकालीन |

**रणनीति ४ : स्थानीय परिवेश सुहाउँदो वातावरणमैत्री उद्योगहरूको प्रवर्द्धनमा जोड दिने ।**

| रणनीतिक कार्यक्रमहरू | कार्यक्रम कार्यान्वयन गर्ने | | अनुमानित लागत (रु. लाखमा) | प्राथमिकता | समयावधि (सांकेतिक) |
|---|---|---|---|---|---|
| | जिम्मेवार निकाय एवम् संस्थाहरू | सहयोगी निकाय एवम् संस्थाहरू | | | |
| ४.१ युवाहरूलाई नवप्रवर्त्तन सोचसहितको उद्यमशीलता अभिमुखीकरण तालिम प्रदान गर्ने । | पोखरा महानगरपालिका, पोखरा तथा लेखनाथ उद्योग वाणिज्य संघहरू । | स्थानीय युवा क्लबहरू, टोल सुधार समितिहरू, प्रदेश युवा तथा खेलकुद मन्त्रालय | १५ | १ | **अल्पकालीन** |
| ४.२ स्थानीय कृषि तथा वन क्षेत्रमा उपलब्ध कच्चा पदार्थ प्रशोधन गरी तयारी वस्तु उत्पादन गर्ने उद्योगलाई प्राथमिकता दिने । | पोखरा महानगरपालिका, पोखरा तथा लेखनाथ उद्योग वाणिज्य संघहरू । | स्थानीय सामुदायिक वन उपभोक्ता समूह, कृषक समूह, संघ तथा प्रदेश वन तथा वातावरण मन्त्रालयहरू । | ५० | १ | **अल्पकालीन** |
| ४.३ पर्यटकका लागि आकर्षक र उपहारजन्य उच्च मूल्यका सामग्री उत्पादन गर्ने उद्योगको प्रवर्द्धनमा जोड दिने । | पोखरा महानगरपालिका, पोखरा तथा लेखनाथ उद्योग वाणिज्य संघहरू, पोखरा पर्यटन परिषद् । | स्थानीय सामुदायिक वन उपभोक्ता समूह, कृषक समूह, प्रदेश वन तथा वातावरण मन्त्रालयहरू | ३५ | २ | **मध्यकालीन** |
| ४.४ परम्परागत पेय पदार्थ, हस्तकला, काष्ठकला, वाद्यवादन, गहना, भाँडावर्तन आदिको व्यावसायिक उत्पादनमा विशेष जोड दिने । | पोखरा महानगरपालिका, पोखरा तथा लेखनाथ उद्योग वाणिज्य संघहरू, पोखरा पर्यटन परिषद् । | स्थानीय सामुदायिक वन उपभोक्ता समूह, कृषक समूह, प्रदेश कृषि, सहकारी, वन तथा वातावरण मन्त्रालयहरू | १० | २ | **दीर्घकालीन** |

**रणनीति ५ : नवीनतम ज्ञानमा आधारित सूचना प्रविधि र युवामैत्री नवउद्यम प्रवर्द्धन गर्ने ।**

| रणनीतिक कार्यक्रमहरू | कार्यक्रम कार्यान्वयन गर्ने | | अनुमानित लागत (रु. लाखमा) | प्राथमिकता | समयावधि (सांकेतिक) |
|---|---|---|---|---|---|
| | जिम्मेवार निकाय एवम् संस्थाहरू | सहयोगी निकाय एवम् संस्थाहरू | | | |
| ५.१ शिक्षित युवा जनशक्तिलाई सूचना प्रविधिमैत्री सेवामूलक व्यवसाय सञ्चालनमा प्रोत्साहन गर्ने । | पोखरा महानगरपालिका, उद्योग वाणिज्य संघहरू, पोखरा पर्यटन परिषद् । | स्थानीय युवा क्लबहरू, टोल सुधार समितिहरू, सूचना प्रविधि ज्ञान तथा तालिम प्रदायक निकायहरू | २५ | १ | **मध्यकालीन** |
| ५.२ सूचना प्रविधिसँग सम्बन्धित व्यावसायिक तालिम तथा शैक्षिक कार्यक्रम सञ्चालनमा जोड दिने । | पोखरा महानगरपालिका । | विश्वविद्यालय, तालिम प्रदायक, उद्योग वाणिज्य संघहरू, पोखरा पर्यटन परिषद् | १० | १ | **अल्पकालीन** |
| ५.३ पर्यटकीय वस्तु तथा सेवासुविधा प्रवर्द्धन र बजारीकरणमा अधिकतम सूचना प्रविधिको प्रयोग गर्ने । | उद्योग वाणिज्य संघहरू, पोखरा पर्यटन परिषद् र पर्यटन व्यवसायी संस्थाहरू । | पोखरा महानगरपालिका, नेपाल पर्यटन बोर्ड, संघ तथा प्रदेश मन्त्रालय तथा कार्यालयहरू । | २० | १ | **अल्पकालीन** |
| ५.४ महानगरले प्रवाह गर्ने सेवाहरू सूचना प्रविधिमा आधारित बनाई पोखरालाई स्मार्ट सहरका रूपमा विकास गर्ने । | पोखरा महानगरपालिका | उद्योग वाणिज्य संघहरू, पोखरा पर्यटन परिषद्लगायत स्थानीय संघसंस्थाहरू । | १० | २ | **दीर्घकालीन** |

## उद्देश्य २: सुदृढ बजार प्रणालीमार्फत् समावेशी आर्थिक विकास गर्ने ।

**रणनीति १. पर्यटन क्षेत्रलाई थप विस्तारित तथा विविधीकरण गर्ने ।**

| रणनीतिक कार्यक्रमहरू | कार्यक्रम कार्यान्वयन गर्ने | | अनुमानित लागत (रु. लाखमा) | प्राथमिकता | समयावधि (सांकेतिक) |
|---|---|---|---|---|---|
| | जिम्मेवार निकाय एवम् संस्थाहरू | सहयोगी निकाय एवम् संस्थाहरू | | | |
| १.१ पर्यटकीय स्रोत तथा सम्पदाको उपयोगमा सीमान्तकृत र स्थानीय समुदायको पहुँचमा वृद्धि गरी दिगो उपयोग तथा व्यवस्थापनमा जोड दिने । | पोखरा महानगरपालिका, उद्योग वाणिज्य संघहरू, पोखरा पर्यटन व्यवसायी संघसंस्थाहरू । | स्थानीय सामुदायिक वन समूह, कृषक समूह, टोल सुधार समिति, प्रदेश वन वातावरण उद्योग तथा पर्यटन मन्त्रालय । | ३० | १ | **मध्यकालीन** |

| | | | | | |
|---|---|---|---|---|---|
| १.२ पर्यटन बजारको माग अनुरुपको जनशक्ति स्थानीय समुदायबाट उत्पादनमा जोड दिने । | पोखरा महानगरपालिका, उद्योग वाणिज्य संघहरू, पोखरा पर्यटन व्यवसायी संघसंस्थाहरू । | स्थानीय समुदाय, उच्च शिक्षा प्रदान गर्ने कलेज तथा तालिम प्रदान गर्ने निकायहरू । | ३५ | १ | **अल्पकालीन** |
| १.३ स्थानीयको सहभागिता र स्वामित्वमा नवीनतम पर्यटकीय वस्तु तथा सेवाको खोजी एवम् विकास गर्ने । | पोखरा महानगरपालिका, पोखरा पर्यटन व्यवसायी संघसंस्थाहरू । | स्थानीय समुदाय, कृषक समूह, संघ तथा प्रदेशका सम्बन्धित निकायहरू । | २० | २ | **मध्यकालीन** |
| १.४ स्थानीय प्रकृति, संस्कृति, कृषि र साहसिक गतिविधिमा आधारित पर्यटन प्रवर्द्धनमा जोड दिने । | पोखरा महानगरपालिका, उद्योग वाणिज्य संघहरू, पोखरा पर्यटन व्यवसायी संघसंस्थाहरू । | सामुदायिक वन, उपभोक्ता समूह, कृषक समूह, टोल सुधार समिति, प्रदेश वन तथा वातावरण, उद्योग तथा पर्यटन मन्त्रालयहरू । | १० | २ | **मध्यकालीन** |

**रणनीतिः २. स्थानीय प्राकृतिक स्रोतको व्यावसायिक उपयोगमा स्थानीय समुदायको अधिकार सुनिश्चित गरी आार्थिक विकासमा मूलप्रवाहीकरण गर्ने ।**

| **रणनीतिक कार्यक्रमहरू** | **कार्यक्रम कार्यान्वयन गर्ने** | | **अनुमानित लागत (रु. लाखमा)** | **प्राथमिकता** | **समयावधि (सांकेतिक)** |
|---|---|---|---|---|---|
| | **जिम्मेवार निकाय एवम् संस्थाहरू** | **सहयोगी निकाय एवम् संस्थाहरू** | | | |
| २.१ स्थानीय ताल तथा खोला किनार र भौगोलिक क्षेत्रका आदिवासी समुदायलाई सो क्षेत्रको प्राकृतिक स्रोत उपयोगमा अग्राधिकार सुनिश्चित गर्ने । | पोखरा महानगरपालिका, जि.स.स. तथा छिमेकी गाउँपालिका र संघ तथा प्रदेश सरकारका सम्बन्धित निकायहरू । | स्थानीय निजी क्षेत्र, सामुदायिक संघसंस्था, वन उपभोक्ता समूह, कृषक समूह, टोल सुधार समिति र राजनीतिक दलहरू । | १० | १ | **अल्पकालीन** |
| २.२ पछाडि परेको स्थानीय समुदायलाई स्थानीय स्रोत साधनमा आधारित घरेलु तथा लघु उद्यम विकासमा सहयोग गर्ने । | पोखरा महानगरपालिका, उद्योग वाणिज्य संघहरू, पर्यटन व्यवसायी संघसंस्थाहरू । | सामुदायिक वन समूह, कृषक समूह, टोल सुधार समिति, घरेलु तथा साना उद्योग विकास समिति । | २५ | १ | **मध्यकालीन** |
| २.३ स्थानीय जल, जमिन र जंगलमा आश्रित समुदायलाई स्रोतसाधनको संरक्षणसहित जीविकोपार्जनका लागि दिगो उपयोग गर्न प्रोत्साहन गर्ने । | पोखरा महानगरपालिका, जि.स.स. कास्की र डिभिजन वन कार्यालय कास्की । | स्थानीय सामुदायिक वन समूह, कृषक समूह, टोल सुधार समिति, प्रदेश वन तथा वातावरण मन्त्रालय । | १५ | २ | **दीर्घकालीन** |

| | | | | | |
|---|---|---|---|---|---|
| २.४ सहरीकरणसँगै वहिष्करणमा परी विस्थापित समुदायका लागि सुरक्षित वासस्थान र आय तथा स्वरोजगारमुखी कार्यक्रम सञ्चालन गर्ने । | पोखरा महानगरपालिका, जि.स.स. कास्की, पोखरा तथा लेखनाथ उद्योग वाणिज्य संघहरू, पर्यटन व्यवसायी संघसंस्थाहरू । | स्थानीय सामुदायिक वन समूह, कृषक समूह, टोल सुधार समिति, प्रदेश वन वातावरण, उद्योग तथा पर्यटन मन्त्रालय । | २० | २ | **मध्यकालीन** |

**रणनीतिः ३. स्थानीय स्रोतसाधन र परम्परागत सीपको उपयोग गर्दै घरेलु, साना तथा मझौला उद्योगको प्रवर्द्धन गर्ने ।**

| **रणनीतिक कार्यक्रमहरू** | **कार्यक्रम कार्यान्वयन गर्ने** | | **अनुमानित लागत (रु. लाखमा)** | **प्राथमिकता** | **समयावधि (सांकेतिक)** |
|---|---|---|---|---|---|
| | **जिम्मेवार निकाय एवम् संस्थाहरू** | **सहयोगी निकाय एवम् संस्थाहरू** | | | |
| ३.१ परम्परागत सीप र ज्ञानमा आधारित व्यवसायलाई प्रविधिसहित परिमार्जित रूपमा सञ्चालन प्रोत्साहन गर्ने । | पोखरा महानगरपालिका, उद्योग वाणिज्य संघहरू, पर्यटन व्यवसायी संघसंस्थाहरू । | स्थानीय सामुदायिक समूह, कृषक समूह, टोल विकास समिति, प्रदेश तथा संघ सम्बद्ध कार्यालयहरू । | २० | १ | **अल्पकालीन** |
| ३.२ स्थानीय बजार र पर्यटन उद्योगको माग सम्बोधन गर्नेखालका उद्योगलाई प्राथमिकताका साथ विकास र प्रवर्द्धन गर्ने । | पोखरा महानगरपालिका, उद्योग वाणिज्य संघहरू, पर्यटन व्यवसायी संघसंस्थाहरू । | स्थानीय सामुदायिक समूह, कृषक समूह, टोल विकास समिति, प्रदेश तथा संघ सम्बद्ध कार्यालयहरू । | २५ | १ | **मध्यकालीन** |
| ३.३ स्थानीय बजारको माग सम्बोधन गर्ने र आयात प्रतिस्थापन गर्न सघाउने उद्योगलाई सार्वजनिक तथा निजी साझेदारीमा विकास र प्रोत्साहन गर्ने । | पोखरा महानगरपालिका, उद्योग वाणिज्य संघहरू, पर्यटन व्यवसायी संघसंस्थाहरू । | स्थानीय सामुदायिक समूह, कृषक समूह, टोल विकास समिति, प्रदेश तथा संघ सम्बद्ध कार्यालयहरू । | ५० | २ | **दीर्घकालीन** |
| ३.४ युवायुवतीलाई सूचना प्रविधिको उपयोग गरेर स्थानीय उत्पादन, कला र कौशलको व्यावसायीकरण र अन्तर्राष्ट्रियकरण गर्न प्रोत्साहन दिने । | पोखरा महानगरपालिका, उद्योग वाणिज्य संघहरू, पर्यटन व्यवसायी संघसंस्थाहरू । | स्थानीय समुदाय, उपभोक्ता समूह, युवा क्लब, कृषक समूह, टोल सुधार समिति, प्रदेश तथा संघ सम्बद्ध कार्यालय । | २० | २ | **दीर्घकालीन** |

**रणनीतिः ४. सीमान्तकृत जाति तथा समुदायलाई उद्यमशीलता र सीप विकासमार्फत् स्वरोजगार र उद्यमी बन्न प्रेरित गर्ने ।**

| रणनीतिक कार्यक्रमहरू | कार्यक्रम कार्यान्वयन गर्ने | | अनुमानित लागत (रु.लाखमा) | प्राथमिकता | समयावधि (सांकेतिक) |
|---|---|---|---|---|---|
| | जिम्मेवार निकाय एवम् संस्थाहरू | सहयोगी निकाय एवम् संस्थाहरू | | | |
| ४.१ सीमान्तकृत जाति तथा समुदायका सदस्यलाई रैथाने उत्पादनहरूका मूल्य श्रृंखला मा सहभागी गराई व्यावसायीकरण गर्ने । | पोखरा महानगरपालिका, उद्योग वाणिज्य संघहरू, पर्यटन व्यवसायी संघसंस्थाहरू । | स्थानीय युवा क्लबहरू, टोल सुधार समितिहरू, सम्बन्धित संघीय तथा प्रादेशिक निकायहरू । | २० | १ | **मध्यकालीन** |
| ४.२ सीमान्तकृत जाति र समुदायका परम्परागत सीप तथा पेशागत कौशललाई समय सान्दर्भिक र व्यावसायिक बनाउन व्यावहारिक तालिम सञ्चालन गर्ने । | पोखरा महानगरपालिका, उद्योग वाणिज्य संघहरू, पर्यटन व्यवसायी संघसंस्थाहरू । | प्रदेश र संघीय कार्यालय र मन्त्रालयहरू, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र गै.स.स.हरू । | ३० | १ | **अल्पकालीन** |
| ४.३ सीमान्तकृत जाति र समुदायका परम्परागत सीप र पेशागत कौशलमा आधारित उद्यम स्थापना गर्न बिऊपुँजी, प्रविधि तथा सामग्री अनुदानका कार्यक्रमहरू सञ्चालन गर्ने । | पोखरा महानगरपालिका, संघीय तथा प्रादेशिक कृषि, सहकारी, वन तथा वातावरण सम्बद्ध कार्यालय र मन्त्रालयहरू । | स्थानीय उद्योग वाणिज्य संघहरू, पोखरा पर्यटन परिषद् र पर्यटन व्यवसायी संस्था र गै.स.सहरू । | ५०० | २ | **दीर्घकालीन** |
| ४.४ सीमान्तकृत जाति र समुदायका सदस्यलाई बजार प्रणाली सहज पहुँच सुनिश्चित गर्न आवश्यक कानुनी व्यवस्था गरी कार्यान्वयन गर्ने । | पोखरा महानगरपालिका, संघ तथा प्रदेश सरकारका सम्बन्धित नियामक निकाय र मन्त्रालयहरू । | स्थानीय उद्योग वाणिज्य संघहरू, पोखरा पर्यटन परिषद् र पर्यटन व्यवसायी संस्था र गै.स.स.हरू । | १० | १ | **अल्पकालीन** |

**रणनीति ५ : महिलाको आर्थिक सशक्तीकरणका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने ।**

| रणनीतिक कार्यक्रमहरू | कार्यक्रम कार्यान्वयन गर्ने | | अनुमानित लागत (रु. लाखमा) | प्राथमिकता | समयावधि (सांकेतिक) |
|---|---|---|---|---|---|
| | जिम्मेवार निकाय एवम् संस्थाहरू | सहयोगी निकाय एवम् संस्थाहरू | | | |
| ५.१ महिलालाई योग्यता र दक्षताका आधारमा उद्योग वा पेशा-व्यवसाय सञ्चालनमा प्रोत्साहन दिने । | पोखरा महानगरपालिका, उद्योग वाणिज्य संघहरू, पोखरा पर्यटन परिषद् । | स्थानीय युवा क्लबहरू, टोल सुधार समितिहरू, सम्बन्धित संघीय र प्रादेशिक निकायहरू । | २५ | १ | **अल्पकालीन** |
| ५.२ महिला र किशोरीहरूको प्राविधिक सीप र व्यावसायिक दक्षता अभिवृद्धिका लागि व्यावहारिक तालिमहरू सञ्चालन गर्ने । | पोखरा महानगरपालिका, उद्योग वाणिज्य संघहरु, पोखरा पर्यटन परिषद् । | प्रदेश र संघ सम्बद्ध कार्यालय र मन्त्रालयहरू, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् । | ५० | १ | **अल्पकालिन** |
| ५.३ महिला र किशोरीहरूलाई सम्भाव्यताका आधारमा उद्यम-व्यवसाय स्थापना गर्न आवश्यक बिउपुँजी, प्रविधि तथा सामग्री अनुदानका कार्यक्रम सञ्चालन गर्ने । | पोखरा महानगरपालिका, संघीय तथा प्रादेशिक कृषि, सहकारी, वन तथा वातावरण मन्त्रालयहरू । | स्थानीय उद्योग वाणिज्य संघहरू, पोखरा पर्यटन परिषद्, पर्यटन व्यवसायी संस्थाहरू र गै.स.स.हरू । | ५०० | २ | **दीर्घकालीन** |
| ५.४ संघ तथा प्रदेश सरकारका महिला र किशोरी लक्षित सहुलियतपूर्ण कर्जा तथा बीमा कार्यक्रमहरू लक्षित समूहसम्म पुऱ्याउन सहयोग गर्ने । | पोखरा महानगरपालिका, बैंक वित्त र बीमा संस्थाहरू र तिनका नियामक निकाय । | पोखरा तथा लेखनाथ उद्योग वाणिज्य संघहरू, पोखरा पर्यटन परिषद्लगायत स्थानीय संघसंस्थाहरू । | १० | १ | **अल्पकालीन** |

**उद्देश्य ३: सहरी उत्थानशीलता हासिल गर्न हरित र वृत्ताकार अर्थतन्त्रको प्रवर्द्धन गर्ने ।**

**रणनीतिः १. हरियाली, तालतलैया, हिमचुचुरा, गुफाजस्ता प्राकृतिक पर्यटकीय उपजको पुनःभरण, संरक्षण र सौन्दर्यकरण गर्ने ।**

| रणनीतिक कार्यक्रमहरू | कार्यक्रम कार्यान्वयन गर्ने | | अनुमानित लागत (रु. लाखमा) | प्राथमिकता | समयावधि (सांकेतिक) |
|---|---|---|---|---|---|
| | जिम्मेवार निकाय एवम् संस्थाहरू | सहयोगी निकाय एवम् संस्थाहरू | | | |
| १.१ स्थानीय समुदायको सहभागितामा प्राकृतिक र सार्वजनिक सम्पदाहरूको संस्थागत विकास तथा व्यवस्थापनमा जोड दिने । | पोखरा महानगरपालिका, जि.स.स.कास्की, पर्यटन व्यवसायी संघसंस्थाहरू । | सामुदायिक वन उपभोक्ता समूह, कृषक समूह, टोल सुधार समिति, प्रदेश वन तथा वातावरण, उद्योग तथा पर्यटन मन्त्रालय । | ४० | १ | **अल्पकालीन** |
| १.२ महानगरभित्रका प्राकृतिक पर्यटकीय सम्पदको सीमा र क्षेत्र निर्धारण गरी सौन्दर्यकरण एवम् व्यवस्थापन गर्ने । | पोखरा महानगरपालिका, नापी तथा मालपोत कार्यालय कास्की, पर्यटन व्यवसायी संघसंस्थाहरू । | स्थानीय, सामुदायिक वन उपभोक्ता समूह, कृषक समूह, टोल सुधार समिति, प्रदेश वन तथा वातावरण, उद्योग तथा पर्यटन मन्त्रालय । | २५ | १ | **अल्पकालीन** |
| १.३ महानगरभित्रका सांस्कृतिक सम्पदा र ऐतिहासिक धरोहरको मर्मतसम्भार गरी व्यवस्थित र सौन्दर्यकरण गर्ने । | पोखरा महानगरपालिका, स्थानीय उद्योग वाणिज्य संघहरू, पोखरा पर्यटन व्यवसायी संघसंस्थाहरू । | स्थानीय धार्मिक क्षेत्र संरक्षण समितिहरू, टोल सुधार समिति, प्रदेश वन तथा वातावरण, उद्योग तथा पर्यटन मन्त्रालय । | ४० | २ | **मध्यकालीन** |
| १.४ साहसिक पर्यटकीय गतिविधिका लागि उपयुक्त प्राकृतिक स्थानको पहिचान एवम् विकास गर्ने । | पोखरा महानगरपालिका, स्थानीय उद्योग वाणिज्य संघहरु, पोखरा पर्यटन व्यवसायी संघसंस्थाहरू । | स्थानीय सामुदायिक वन उपभोक्ता समूह, कृषक समूह, टोल सुधार समिति, प्रदेश वन तथा वातावरण, उद्योग तथा पर्यटन मन्त्रालय । | ५० | २ | **दीर्घकालीन** |

**रणनीतिः २. कृषिमा प्रांगारिक उत्पादन प्रणालीमार्फत् माटोको उर्वराशक्ति बढाउँदै मौलिक एवम् रैथाने प्रजातिको संरक्षण र संवर्द्धन गर्ने ।**

| रणनीतिक कार्यक्रमहरू | कार्यक्रम कार्यान्वयन गर्ने | | अनुमानित लागत (रु. लाखमा) | प्राथमिकता | समयावधि (सांकेतिक) |
|---|---|---|---|---|---|
| | जिम्मेवार निकाय एवम् संस्थाहरू | सहयोगी निकाय एवम् संस्थाहरू | | | |
| २.१ स्थानीय रैथाने प्रजातिका कृषि उपजका साथै जडिबुटीहरूको बिऊबिजनको प्रतिलिपि अधिकारको लागि प्रयास गर्ने । | पोखरा महानगरपालिका, स्थानीय उद्योग वाणिज्य संघहरू, प्रदेश तथा संघीय कृषि मन्त्रालयहरू । | स्थानीय, सामुदायिक वन उपभोक्ता समूह, कृषक समूह, नेपाल कृषि अनुसन्धान परिषद् र गै.स.स.हरू । | १० | १ | **मध्यकालीन** |
| २.२ खेतीयोग्य जमिनको संरक्षण गर्न र भू-क्षयलाई रोक्न तटबन्ध निर्माण, चक्लाबन्दी र भूमि बैंक स्थापना गर्ने । | पोखरा महानगरपालिका, भूसंरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी सरकारी निकायहरू । | स्थानीय, सामुदायिक वन उपभोक्ता समूह, कृषक समूह, प्रदेश तथा संघीय कृषि मन्त्रालयहरू । | ३५ | २ | **दीर्घकालीन** |
| २.३ परम्परागत कृषि प्रणालीलाई आधुनिकीकरण गरी उत्पादकत्व वृद्धि गर्न यन्त्र र प्रविधिको प्रयोगमा जोड दिने । | पोखरा महानगरपालिका, प्रदेश तथा संघीय कृषि मन्त्रालयहरू । | स्थानीय उद्योग वाणिज्य संघहरू, उपभोक्ता समूह, कृषक समूह, नेपाल कृषि अनुसन्धान परिषद्, गै.स.स.हरू । | १५ | १ | **अल्पकालीन** |
| २.४ सहकारी अभियानमार्फत् वन तथा कृषिजन्य उत्पादनमा जोड दिने । | पोखरा महानगरपालिका, स्थानीय कृषि तथा बहुउद्देश्यीय सहकारी, उद्योग वाणिज्य संघहरू । | स्थानीय सामुदायिक वन उपभोक्ता समूह, कृषक समूह, टोल सुधार समिति, प्रदेश तथा संघीय कृषि वातावरण तथा मन्त्रालयहरू । | २५ | १ | **मध्यकालीन** |

**रणनीतिः ३. निजी क्षेत्रलाई जिम्मेवार उत्पादन, वितरण तथा उपभोग प्रणालीको प्रवर्द्धनमा प्रोत्साहन गर्ने ।**

| रणनीतिक कार्यक्रमहरू | कार्यक्रम कार्यान्वयन गर्ने | | अनुमानित लागत (रु. लाखमा) | प्राथमिकता | समयावधि (सांकेतिक) |
|---|---|---|---|---|---|
| | जिम्मेवार निकाय एवम् संस्थाहरू | सहयोगी निकाय एवम् संस्थाहरू | | | |
| ३.१ खाद्यान्न, तरकारी तथा फलफूल उत्पादन, वितरण र उपभोगका क्रममा हुने नोक्सान (वेस्टेज) न्यूनीकरण गर्न सचेतनात्मक कार्यक्रम सञ्चालन गर्ने । | पोखरा महानगरपालिका,स्थानीय उद्योग वाणिज्य संघहरू, पर्यटन व्यवसायी संघसंस्थाहरू । | स्थानीय सामुदायिक समूह, कृषक समूह, टोल सुधार समिति, प्रदेश तथा संघीय निकाय, गै.स.स.हरू । | २० | १ | **अल्पकालीन** |
| ३.२ स्थानीय कृषि उपजको टिकाउपना वृद्धि गर्न र नोक्सान कम गर्न व्यवस्थित गोदाम तथा शीत भण्डारण केन्द्रहरू स्थापना र प्रयोगलाई प्रोत्साहन गर्ने । | पोखरा महानगरपालिका, स्थानीय उद्योग वाणिज्य संघहरू, कृषि समूह र सहकारीहरू । | सामुदायिक वन, उपभोक्ता समूह, टोल सुधार समिति, प्रदेश तथा संघीय निकाय, गै.स.स.हरू । | ४५ | १ | **अल्पकालीन** |
| ३.३ जिम्मेवार उत्पादन, वितरण तथा उपभोगमा मापदण्ड र कार्यविधि निर्माण गरेर कार्यान्वयन गर्ने । | पोखरा महानगरपालिका, प्रदेश तथा संघीय मन्त्रालय तथा सम्बद्ध कार्यालयहरू । | स्थानीय उद्योग वाणिज्य संघहरू, पोखरा पर्यटन व्यवसायी संघसंस्था र टोल सुधार समितिहरू । | १५ | १ | **मध्यकालीन** |
| ३.४ स्थानीय कच्चा पदार्थमा आधारित उत्पादनलाई जिम्मेवार उत्पादनका रूपमा ब्रान्डिङ गरी अन्तर्राष्ट्रिय बजारसम्म प्रवर्द्धन गर्ने । | पोखरा महानगरपालिका, उद्योग वाणिज्य संघहरू, पोखरा पर्यटन व्यवसायी संघसंस्थाहरू । | संघ तथा प्रदेश सरकारका कृषि, सहकारी, वन तथा वातावरण, मन्त्रालयहरू र नियामक निकायहरू । | ५५ | २ | **दीर्घकालीन** |

**रणनीतिः ४.युवाहरूलाई उद्यमशील, सृजनशील र जिम्मेवार नागरिक बन्ने वातावरण प्रवर्द्धन गर्ने ।**

| रणनीतिक कार्यक्रमहरू | कार्यक्रम कार्यान्वयन गर्ने | | अनुमानित लागत (रु. लाखमा) | प्राथमिकता | समयावधि (सांकेतिक) |
|---|---|---|---|---|---|
| | जिम्मेवार निकाय एवम् संस्थाहरू | सहयोगी निकाय एवम् संस्थाहरू | | | |
| ४.१ महानगरमा वार्षिक रूपमा युवा लक्षित सृजनात्मक सोच र आविष्कार सम्बन्धी प्रतियोगितात्मक कार्यक्रम सञ्चालन गर्ने । | पोखरा महानगरपालिका, स्थानीय विद्यालय, महाविद्यालय एवम् शैक्षिक संघसंस्थाहरू । | स्थानीय युवा क्लब, टोल सुधार समिति, केन्द्र तथा प्रदेशका युवा तथा खेलकुद मन्त्रालय । | ३० | १ | **नियमित** |
| ४.२ स्थानीय युवामा नेतृत्व विकास, उद्यम विकास, सामाजिक कार्यजस्ता क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने । । | पोखरा महानगरपालिका, स्थानीय विद्यालय, महाविद्यालय एवम् शैक्षिक संघसंस्थाहरू । | स्थानीय युवा क्लब, टोल सुधार समिति, केन्द्र तथा प्रदेशका युवा तथा खेलकुद मन्त्रालय । | २५ | १ | **मध्यकालीन** |
| ४.३ युवाहरूलाई सूचना प्रविधि र नवउद्यम क्षेत्रमा भएका नवीनतम विकासको जानकारी दिन देश-विदेशको अवलोकन भ्रमण आयोजना गर्ने । | पोखरा महानगरपालिका, जि.स.स. कास्की स्थानीय विद्यालय, उद्योग वाणिज्य संघहरू । | स्थानीय युवा क्लब, टोल सुधार समिति, केन्द्र तथा प्रदेशका युवा तथा खेलकुद मन्त्रालय । | ५० | १ | **नियमित** |
| ४.४ पोखरामा वार्षिक रूपमा अन्तर्राष्ट्रिय युवा सम्मेलन आयोजना गर्ने । | पोखरा महानगरपालिका, उद्योग वाणिज्य संघहरू, विश्व विद्यालय एवम् शैक्षिक संघसंस्थाहरू । | स्थानीय युवा क्लब, टोल सुधार समिति, केन्द्र तथा प्रदेशका युवा तथा खेलकुद मन्त्रालय । | ५० | २ | **नियमित र दीर्घकालीन** |

**रणनीतिः ५. नवीकरणीय ऊर्जा तथा फोहरमैला प्रशोधन र पुनःप्रयोगमा आधारित उद्योगहरूलाई प्रवर्द्धन गर्ने ।**

| रणनीतिक कार्यक्रमहरू | कार्यक्रम कार्यान्वयन गर्ने | | अनुमानित लागत (रु.लाखमा) | प्राथमिकता | समयावधि (सांकेतिक) |
|---|---|---|---|---|---|
| | जिम्मेवार निकाय एवम् संस्थाहरू | सहयोगी निकाय एवम् संस्थाहरू | | | |
| ५.१ सबै प्रकारका पुनःप्रयोगयोग्य कवाडी सामग्री र फोहरलाई स्रोतमा नै वर्गीकरण गरी व्यवस्थापन गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने । | पोखरा महानगरपालिका, स्थानीय उद्योग वाणिज्य संघहरू, पोखरा पर्यटन परिषद् । | स्थानीय युवा क्लबहरू, टोल सुधार समितिहरू, आमा समूह र सामाजिक (गै.स.स) संघसंस्थाहरू । | ३५ | १ | **अल्पकालीन** |

| | | | | | |
|---|---|---|---|---|---|
| ५.२ घरायसी प्रांगारिक फोहरबाट मलखाद बनाएर प्रविधियुक्त करेसाबारी र कौसीखेती प्रवर्द्धन गर्न प्रोत्साहन गर्ने । | पोखरा महानगरपालिका, स्थानीय उद्योग वाणिज्य संघहरू, पोखरा पर्यटन परिषद् । | स्थानीय युवा क्लबहरू, टोल सुधार समितिहरू, आमा समूह र गै.स. संघसंस्थाहरू । | २० | १ | **अल्पकालीन** |
| ५.३ कवाडी सामग्री र अजैविक फोहरमैला पुन:प्रयोग वा प्रशोधन गरी खेलौना, घरायसी वा सजावटका सामग्रीलगायत निर्माण गर्ने उद्योगहरूलाई प्रोत्साहन दिने । | पोखरा महानगरपालिका, स्थानीय उद्योग वाणिज्य संघहरू, पोखरा पर्यटन परिषद् । | संघीय तथा प्रादेशिक कृषि, सहकारी, वन तथा वातवरण मन्त्रालयका साथै बैंक वित्त र बीमा संस्थाहरू र तिनका नियामक निकाय । | ५० | १ | **मध्यकालीन** |
| ५.४ सार्वजनिक-निजी साझेदारीमा जैविक तथा कुहिने फोहर उपयोग गरी ऊर्जा, कृषि मल आदि उत्पादन गर्ने उद्योग सञ्चालन गर्ने । | पोखरा महानगरपालिका, स्थानीय उद्योग वाणिज्य संघहरू, पोखरा पर्यटन परिष् । | संघीय तथा प्रादेशिक कृषि, सहकारी, वन तथा वातवरण मन्त्रालयका साथै बैंक वित्त र बीमा संस्थाहरू र सम्बद्ध नियामक निकाय । | ५०० | २ | **दीर्घकालीन** |

## उद्देश्य ४: तुलनात्मक र प्रतिस्पर्धी लाभका क्षेत्रको विकासमार्फत् आत्मनिर्भरताउन्मुख स्थानीय अर्थतन्त्र निर्माणका लागि आधार तयार गर्ने ।

**रणनीति: १.पर्यटन क्षेत्रको मागअनुसार आवश्यक खाद्यवस्तु उत्पादन र स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको प्रवर्द्धनमा जोड दिने ।**

| **रणनीतिक कार्यक्रमहरू** | **कार्यक्रम कार्यान्वयन गर्ने** | | **अनुमानित लागत (रु.लाखमा)** | **प्राथमिकता** | **समयावधि (सांकेतिक)** |
|---|---|---|---|---|---|
| | **जिम्मेवार निकाय एवम् संस्थाहरू** | **सहयोगी निकाय एवम् संस्थाहरू** | | | |
| १.१ पर्यटन क्षेत्रलाई आवश्यक उपभोग्य वस्तुहरू सम्भाव्यताका आधारमा स्थानीय रूपमा नै उत्पादन गर्न निजी क्षेत्रलाई आवश्यक सहयोग गर्ने । | पोखरा महानगरपालिका, स्थानीय उद्योग वाणिज्य संघहरू, पर्यटन व्यवसायी संघसंस्थाहरू र बैंक तथा वित्तीय संस्थाहरू । | स्थानीय सामुदायिक वन, सहकारी, कृषक समूह, टोल सुधार समिति, प्रदेश तथा संघीय मन्त्रालयहरू । | २५ | १ | **मध्यकालीन** |

| | | | | | |
|---|---|---|---|---|---|
| १.२ पदयात्रा, पर्वतारोहण, साहसिक खेलकुदलगायतका पर्यटकीय गतिविधिका लागि आवश्यक जनशक्ति र सामग्रीहरु स्थानीय स्तरमा नै उत्पादन गर्न प्रोत्साहन गर्ने । | पोखरा महानगरपालिका, स्थानीय उद्योग वाणिज्य संघहरु,पर्यटन व्यवसायी संघ संस्थाहरु र बैंक तथा वित्तीय संस्थाहरु । | स्थानीय सामुदायिक वन, सहकारी, कृषक समूह, टोल सुधार समिति, प्रदेश मन्त्रालयहरू । | ३५ | २ | **मध्यकालीन** |
| १.३ पर्य**टहरूका** लागि उपहारजन्य मायाको चिनोलगायतका उच्च मूल्यका हलुका र आकर्षक वस्तुको उत्पादनमा समुदायलाई परिचालन गर्ने । | पोखरा महानगरपालिका, स्थानीय उद्योग वाणिज्य संघहरू, पर्यटन व्यवसायी संघसंस्था र बैंक तथा वित्तीय संस्थाहरू । | स्थानीय सामुदायिक वन उपभोक्ता समूह, कृषक समूह, टोल सुधार समिति, प्रदेश मन्त्रालयहरू । | १५ | २ | **दीर्घकालीन** |
| १.४ पर्यटकको मनोरञ्जन तथा आराम प्रदान गर्ने वस्तु तथा सेवाहरूमा स्थानीय परम्परागत ज्ञान, सीप, कौशल र सामग्रीको उपयोगमा जोड दिने । | पोखरा महानगरपालिका, स्थानीय उद्योग वाणिज्य संघहरू, पर्यटन व्यवसायी संघसंस्था र बैंक तथा वित्तीय संस्थाहरू । | स्थानीय सामुदायिक वन उपभोक्ता समूह, कृषक समूह, टोल सुधार समिति, प्रदेश मन्त्रालयहरू । | १० | १ | **अल्पकालीन** |

**रणनीतिः २. विप्रेषण आय तथा स्थानीय बचतलाई उद्यमशीलता विकास र उत्पादनमुखी गतिविधिमा जोड्न विशेष कार्यक्रम सञ्चालन गर्ने ।**

| **रणनीतिक कार्यक्रमहरू** | **कार्यक्रम कार्यान्वयन गर्ने** | | **अनुमानित लागत (रु.लाखमा)** | **प्राथमिकता** | **समयावधि (सांकेतिक)** |
|---|---|---|---|---|---|
| | **जिम्मेवार निकाय एवम् संस्थाहरू** | **सहयोगी निकाय एवम् संस्थाहरू** | | | |
| २.१ विप्रेषण एवम् साना व्यवसायका आयलाई उत्पादनशील लगानीसँग जोड्नका लागि निजी तथा वित्तीय क्षेत्रसँग आवश्यक सहकार्य गर्ने | पोखरा महानगरपालिका, स्थानीय उद्योग वाणिज्य संघहरू, पर्यटन व्यवसायी संघसंस्था र बैंक तथा वित्तीय संस्थाहरू । | स्थानीय टोल सुधार समिति एवम् सामुदायिक तथा सहकारी संघसंस्थाहरू, विद्यालय र गैरसरकारी संस्थाहरू । | १५ | १ | **नियमित** |
| २.२ विप्रेषणको उत्पादनशील उपयोग एवम् साना व्यवसाय प्रवर्द्धन गर्न निजी क्षेत्रको साझेदारीमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने । | पोखरा महानगरपालिका, स्थानीय उद्योग वाणिज्य संघहरू,पर्यटन व्यवसायी संघसंस्था र बैंक तथा वित्तीय संस्थाहरू । | स्थानीय टोल सुधार समिति एवम् सामुदायिक तथा सहकारी संघसंस्थाहरू, विद्यालय र गैरसरकारी संघसंस्थाहरू । | २० | १ | **नियमित** |

| | | | | | |
|---|---|---|---|---|---|
| २.३ महानगरका वडा कार्यालयमार्फत् वैदेशिक रोजगारीमा जानेको लगत संकलन गर्न, अद्यावधिक गर्न, विदेश जानुपूर्व र फर्केपछि परामर्श उपलब्ध गराउने व्यवस्था मिलाउने । | पोखरा महानगरपालिका, उद्योग वाणिज्य संघहरू, पर्यटन व्यवसायी संघसंस्थाहरू र वैदेशिक रोजगार व्यवसायी संघसंस्थाहरू । | स्थानीय सामुदायिक वन उपभोक्ता समूह, कृषक समूह, टोल सुधार समिति, प्रदेश कृषि, सहकारी, उद्योग तथा पर्यटन मन्त्रालयहरू । | १० | १ | **नियमित** |
| २.४ वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको उद्यमशीलता विकास गर्न र उनीहरूको सीप तथा दक्षतालाई स्थानीय विकासमा उपयोग गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्ने । | पोखरा महानगरपालिका, उद्योग वाणिज्य संघहरू, पर्यटन व्यवसायी संघसंस्थाहरू र वैदेशिक रोजगार व्यवसायी संघसंस्थाहरू । | स्थानीय सामुदायिक वन उपभोक्ता समूह, कृषक समूह, टोल सुधार समिति, प्रदेश कृषि, सहकारी, उद्योग तथा पर्यटन मन्त्रालयहरू । | २० | २ | **दीर्घकालीन** |

**रणनीतिः ३. घरेलु, साना तथा मझौला उद्यमका लागि सहज वितीय पहुँच विस्तारका लागि संघ तथा प्रदेश सरकारसँग सहकार्य गर्ने ।**

| **रणनीतिक कार्यक्रमहरू** | **कार्यक्रम कार्यान्वयन गर्ने** | | **अनुमानित लागत (रु. लाखमा)** | **प्राथमिकता** | **समयावधि (सांकेतिक)** |
|---|---|---|---|---|---|
| | **जिम्मेवार निकाय एवम् संस्थाहरू** | **सहयोगी निकाय एवम् संस्थाहरू** | | | |
| ३.१ लघु, साना तथा मझौला र अनौपचारिक क्षेत्रका व्यवसायीका लागि वित्तीय साक्षरता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने । | पोखरा महानगरपालिका, स्थानीय उद्योग वाणिज्य संघहरू, पर्यटन व्यवसायी संघसंस्था र बैंक तथा वित्तीय संस्थाहरू । | स्थानीय टोल सुधार समिति एवम् सामुदायिक तथा सहकारी संघसंस्थाहरू, विद्यालय र गैरसरकारी संघसंस्थाहरू । | १५ | १ | **नियमित** |
| ३.२ महानगर क्षेत्रभित्रका लघुवित्त तथा सहकारी संस्थाहरूलाई स्थानीय उद्यमी व्यवसायीको माग अनुरूपका सर्वसुलभ वित्तीय उपकरण विकास गर्न सहकार्य गर्ने । | पोखरा महानगरपालिका, सहकारी, बैंक तथा वित्तीय संस्थाहरू, बीमा कम्पनीहरू र सम्बन्धित नियामक निकायहरू | उद्योग वाणिज्य संघहरू, पोखरा पर्यटन व्यवसायी संघसंस्थाहरू, प्रदेश अर्थ तथा सहकारी मन्त्रालय । | १० | १ | **मध्यकालीन** |
| ३.३ संघ सरकार र नेपाल राष्ट्र बैंकको पहलमा प्राथमिकता प्राप्त क्षेत्र र लक्षित समूहका लागि लागू गरिएका सहुलियतपूर्ण कर्जा तथा बीमा | पोखरा महानगरपालिका, सहकारी, बैंक तथा वित्तीय संस्थाहरू, बीमा कम्पनीहरू र सम्बन्धित नियामक निकायहरू | उद्योग वाणिज्य संघहरू, पोखरा पर्यटन व्यवसायी संघसंस्थाहरू, प्रदेश अर्थ तथा सहकारी मन्त्रालय । | १० | १ | **नियमित** |

| | | | | | |
|---|---|---|---|---|---|
| उपकरणहरूको लक्षित वर्गसम्म पहुँच विस्तार गर्न सहजीकरण गर्ने । | | | | | |
| ३.४ महानगर निजी क्षेत्र र स्थानीय सहकारीहरूको साझेदारीमा स्थानीय उद्यमीहरूलाई सहज र सहुलिययत कर्जा प्रदान गर्नका लागि एक विशेष लगानी संयन्त्र (एसपीभी) स्थापनामार्फत् सुदृढ वित्तीय पहुँचको व्यवस्था गर्ने । | पोखरा महानगरपालिका, सहकारी, बैंक तथा वित्तीय संस्थाहरू, बीमा कम्पनीहरू र सम्बन्धित नियामक निकायहरू | उद्योग वाणिज्य संघहरू, पोखरा पर्यटन व्यवसायी संघसंस्थाहरू, प्रदेश अर्थ तथा सहकारी मन्त्रालय । | ५०० | २ | **दीर्घकालीन** |

**रणनीतिः ४.आत्मनिर्भरताउन्मुख अर्थतन्त्रको निर्माणमा निजी क्षेत्रलाई प्रोत्साहन गर्न सार्वजनिक निजी साझेदारी (पीपीपी) लाई थप प्रभावकारी बनाइने ।**

| रणनीतिक कार्यक्रमहरू | कार्यक्रम कार्यान्वयन गर्ने | | अनुमानित लागत (रु. लाखमा) | प्राथमिकता | समयावधि (सांकेतिक) |
|---|---|---|---|---|---|
| | जिम्मेवार निकाय एवम् संस्थाहरू | सहयोगी निकाय एवम् संस्थाहरू | | | |
| ४.१ महानगरमा निजी क्षेत्रमैत्री उद्योग तथा वाणिज्य शाखा स्थानपा गरी सञ्चालन गर्ने । | पोखरा महानगरपालिका । | उद्योग वाणिज्य संघहरू र पोखरा पर्यटन व्यवसायी संघसंस्थाहरू । | २५ | १ | **अल्पकालीन** |
| ४.२ महानगर र निजी क्षेत्रको साझेदारीमा व्यवसाय प्रवर्द्धन केन्द्र स्थापना गरी सञ्चालन गर्ने । | पोखरा महानगरपालिका । | उद्योग वाणिज्य संघहरू र पोखरा पर्यटन व्यवसायी संघसंस्थाहरू । | २० | १ | **अल्पकालीन** |
| ४.३ नियमित रूपमा सार्वजनिक निजी संवाद तथा आवश्यक अध्ययन गरी नीतिगत र व्यावसायिक वातावरण सुधारका क्षेत्रमा सहकार्य गर्ने । | पोखरा महानगरपालिका । | उद्योग वाणिज्य संघहरू र पोखरा पर्यटन व्यवसायी संघसंस्थाहरू । | १० | १ | **नियमित** |
| ४.४ महानगरमा रहेको सार्वजनिक निजी साझेदारी समिति र यसअन्तर्गतका कार्यक्रमलाई सुदृढीकरण गर्ने । | पोखरा महानगरपालिका । | उद्योग वाणिज्य संघहरू र पोखरा पर्यटन व्यवसायी संघसंस्थाहरू । | २० | २ | **मध्यकालीन** |

**रणनीति ५ : स्थानीय प्राकृतिक स्रोतको वातावरणमैत्री ढंगबाट व्यावसायिक उपयोग बढाएर समावेशी, हरित र उत्थानशील स्थानीय अर्थतन्त्रको प्रवर्द्धन गर्ने ।**

| रणनीतिक कार्यक्रमहरू | कार्यक्रम कार्यान्वयन गर्ने | | अनुमानित लागत (रु. लाखमा) | प्राथमिकता | समयावधि (सांकेतिक) |
|---|---|---|---|---|---|
| | जिम्मेवार निकाय एवम् संस्थाहरू | सहयोगी निकाय एवम् संस्थाहरू | | | |
| ५.१ महानगरका विभिन्न स्थानलाई सम्भाव्यता र विशिष्टताका आधारमा कृषि पकेट क्षेत्रहरू निर्धारण गरेर उत्पादन वृद्धि गर्न सहुलियत प्रदान गर्ने । | पोखरा महानगरपालिका, प्रदेश कृषि तथा सहकारी मन्त्रालय र कृषि निर्देशनालय । | स्थानीय उद्योग वाणिज्य संघहरू, कृषि सञ्जाल, कृषि ज्ञान केन्द्रहरू । | २५ | १ | **मध्यकालीन** |
| ५.२ बजार माग उच्च भएका स्थानीय वस्तुको उत्पादन क्षेत्र विस्तार र उत्पादकत्व वृद्धि गर्न छिमेकी गाउँपालिका तथा जिल्लासँग सहकार्य गर्ने । | पोखरा महानगरपालिका, जि.स.स. कास्की तथा छिमेकी गा.पा. र जिल्लाहरू । | स्थानीय उद्योग वाणिज्य संघहरू, अन्य निजी तथा गैरसरकारी संघसंस्थाहरू । | ३० | १ | **दीर्घकालीन** |
| ५.३ सामुदायिक वन, स्थानीय सहकारी र समुदायको सहकार्यमा दिगो वन व्यवस्थापन गर्दै काठजन्य सामग्री उद्योगको प्रवर्द्धन गर्ने । | पोखरा महानगरपालिका, सामुदायिक वन उपभोक्ता समिति, टोल विकास संस्था र सहकारीहरू । | संघीय तथा प्रादेशिक कृषि, सहकारी, वन तथा वातावरण मन्त्रालयका साथै लेखनाथ उद्योग वाणिज्य संघहरू । | ४० | १ | **अल्पकालिन** |
| ५.४ ठूलो क्षेत्रफलको औद्योगिक क्षेत्र स्थापना गरी स्थानीय माग सम्बोधन गर्ने र आयात प्रतिस्थापन गर्न सक्ने उद्योगहरूलाई प्रवर्द्धन गर्ने । | पोखरा महानगरपालिका, गण्डकी प्रदेश उद्योग मन्त्रालय र नेपाल औद्योगिक क्षेत्र व्यवस्थापन लि. । | पोखरा तथा लेखनाथ उद्योग वाणिज्य संघहरू । | ५०० | २ | **दीर्घकालीन** |

## उद्देश्य ५: सहरी पूर्वाधार र भौतिक निर्माणलाई गुणस्तरीय तथा वातावरणमैत्री बनाउने ।

**रणनीतिः १. सहरी सौन्दर्य र प्राकृतिक दृश्यवलोकनका लागि वातवरणमैत्री विशेष संरचना (सुपरस्ट्रक्चर) हरू निर्माण गर्ने ।**

| रणनीतिक कार्यक्रमहरू | कार्यक्रम कार्यान्वयन गर्ने | | अनुमानित लागत (रु. लाखमा) | प्राथमिकता | समयावधि (सांकेतिक) |
|---|---|---|---|---|---|
| | जिम्मेवार निकाय एवम् संस्थाहरू | सहयोगी निकाय एवम् संस्थाहरू | | | |
| १.१ महानगरका उपयुक्त स्थानमा प्राकृतिक स्वरूप नबिग्रने गरी दृश्यवलोकन केन्द्र (भ्यु टावर) निर्माण गर्ने । | पोखरा महानगरपालिका । | उद्योग वाणिज्य संघहरू, पर्यटन व्यवसायी संघसंस्था, टोल विकास संस्थाहरू । | ५५ | १ | **दीर्घकालीन** |
| १.२ महानगरका बाहिरी क्षेत्रहरूमा सम्भाव्यताका आधारमा पर्यटन प्रवर्द्धनलाई टेवा पुऱ्याउने खालका विशेष संरचनाहरू निर्माणमा निजी लगानी आकर्षित गर्ने । | पोखरा महानगरपालिका, उद्योग वाणिज्य संघहरू, पर्यटन व्यवसायी संघसंस्थाहरू । | टोल सुधार समिति, बैंक तथा वित्तीय संस्थाहरू, सहकारी संस्थाहरू । | २० | २ | **दीर्घकालीन** |
| १.३ सार्वजनिक निजी साझेदारीमा पर्यटकको बसाइ अवधि लम्बाउन सहयोगी हुनेखालका मनोरञ्जन तथा पार्क, जैविक विविधता र चलचित्र छायांकन केन्द्र निर्माण गर्ने । | पोखरा महानगरपालिका, उद्योग वाणिज्य संघहरू, पर्यटन व्यवसायी संघसंस्थाहरू । | टोल सुधार समिति, बैंक तथा वित्तीय संस्थाहरू, सहकारी संस्थाहरू । | १५० | १ | **दीर्घकालीन** |
| १.४ महानगरभित्र अन्तर्राष्ट्रिय स्तरका सम्मेलन केन्द्र, सभाहल, खेल मैदानहरू निर्माण गर्ने । | पोखरा महानगरपालिका, उद्योग वाणिज्य संघहरू, पर्यटन व्यवसायी संघसंस्थाहरू । | टोल सुधार समिति, बैंक तथा वित्तिय संस्थाहरू, सहकारी संस्था, युवा क्लबहरू । | १० | २ | **दीर्घकालीन** |

**रणनीतिः २. जोखिम संवेदनशील भू-उपयोग योजना कार्यान्वयन र भवन निर्माण मापदण्ड पूर्ण पालना गराई विपद् जोखिम न्यूनीकरण गर्ने ।**

| रणनीतिक कार्यक्रमहरू | कार्यक्रम कार्यान्वयन गर्ने | | अनुमानित लागत (रु. लाखमा) | प्राथमिकता | समयावधि (सांकेतिक) |
|---|---|---|---|---|---|
| | जिम्मेवार निकाय एवम् संस्थाहरू | सहयोगी निकाय एवम् संस्थाहरू | | | |
| २.१ कृषिको प्रचुर सम्भावना भएका क्षेत्रमा एकीकृत व्यावसायिक खेती प्रणाली र करार खेती प्रवर्द्धन गर्न आवश्यक नीतिगत व्यवस्था गरी कार्यान्वयन गर्ने । | पोखरा महानगरपालिका, प्रदेश कृषि निर्देशनालय, उद्योग वाणिज्य संघहरू, सहकारी संस्थाहरू । | टोल सुधार समिति, कृषि सञ्जाल, कृषि ज्ञान केन्द्र, बैंक तथा वित्तीय संस्थाहरू । | ७५ | १ | **अल्पकालीन** |
| २.२ सम्भाव्यताका आधारमा नदी किनार वा खोला बगरमा मौसमी खेती लगाउन वा वातावरणमा प्रतिकूल प्रभाव नपर्ने गरी अन्य व्यावसायिक गतिविधि सञ्चालनका लागि नीतिगत व्यवस्था गरी कार्यान्वयन गर्ने । | पोखरा महानगरपालिका, स्थानीय उद्योग वाणिज्य संघहरू, पोखरा पर्यटन व्यवसायी संघसंस्थाहरू । | टोल सुधार समिति, बैंक तथा वित्तीय संस्था, सहकारी संस्था, प्रदेश कृषि, सहकारी, उद्योग तथा पर्यटन मन्त्रालयहरू । | ५० | १ | **अल्पकालीन** |
| २.३ भू-उपयोग योजना बमोजिम जमिनको वर्गीकरण गरी त्यसको प्रभावकारी कार्यान्वयन र नियमनका लागि कानुनी व्यवस्था गर्ने । | पोखरा महानगरपालिका । | टोल सुधार समिति, संस्थाहरू, प्रदेश भूमि व्यवस्था तथा सम्बन्धित निकायहरू । | २० | १ | **अल्पकालीन** |
| २.४ व्यवस्थित एवम् वातावरणमैत्री औद्योगिक ग्राम, सूचना प्रविधि ग्राम र बजार केन्द्र तथा वातावरणमा प्रतिकूल असर गर्ने व्यवसायलाई उपयुक्त स्थानमा व्यवस्थित गर्ने । | पोखरा महानगरपालिका, उद्योग वाणिज्य संघहरू, पोखरा पर्यटन व्यवसायी संघसंस्थाहरू । | टोल सुधार समिति, बैंक तथा सहकारी, प्रदेश कृषि, सहकारी, उद्योग तथा पर्यटन मन्त्रालयहरू । | ३० | १ | **मध्यकालीन** |

**रणनीतिः ३. महानगरका उपयुक्त क्षेत्रमा भू-उपयोग योजना अनुरूप व्यवस्थित सहरीकरणको योजनावद्ध कार्यक्रम सञ्चालन गर्ने ।**

| रणनीतिक कार्यक्रमहरू | कार्यक्रम कार्यान्वयन गर्ने | | अनुमानित लागत (रु. लाखमा) | प्राथमिकता | समयावधि (सांकेतिक) |
|---|---|---|---|---|---|
| | जिम्मेवार निकाय एवम् संस्थाहरू | सहयोगी निकाय एवम् संस्थाहरू | | | |
| ३.१ महानगरका बाहिरी क्षेत्रमा उपयुक्त र सम्भाव्य स्थानमा जग्गा विकास र व्यवस्थित वस्ती परियोजनाहरू सञ्चालन गर्ने । | पोखरा महानगरपालिका, पोखरा उपत्यका नगर विकास समिति र निजी क्षेत्र । | टोल सुधार समिति, बैंक तथा सहकारी संस्थाहरू, प्रदेश भौतिक पूर्वाधार मन्त्रालय । | ७५० | १ | **दीर्घकालीन** |
| ३.२ महानगरको घनावस्ती भएका क्षेत्रमा जोखिम मूल्यांकन गरी सम्भाव्यताका आधारमा जग्गा एकीकरण, बहुतले भवन र अपार्टमेन्ट परियोजनाहरू सञ्चालन गर्ने । | पोखरा महानगरपालिका, पोखरा उपत्यका नगर विकास समिति र निजी क्षेत्र । | टोल सुधार समिति, सामुदायिक तथा सहकारी संस्थाहरू, प्रदेश भौतिक पूर्वाधार मन्त्रालय । | ६५० | १ | **दीर्घकालीन** |
| ३.३ महानगरका विभिन्न स्थानमा रहेका सुकुम्बासी र अव्यवस्थित वस्तीको उचित व्यवस्थापन गर्न महानगरले सार्वजनिक निजी साझेदारीमा उपयुक्त स्थानमा व्यवस्थित आवास वा अपार्टमेन्ट विकास गरी किस्ताबन्दीमा उपलब्ध गराउने । | पोखरा महानगरपालिका, पोखरा उपत्यका नगर विकास समिति र निजी क्षेत्र । | उद्योग वाणिज्य संघहरू, पर्यटन व्यवसायी संघसंस्थाहरू, टोल सुधार समिति, बैंक तथा सहकारी संस्थाहरू । | २०० | २ | **दीर्घकालीन** |
| ३.४ निजी क्षेत्रले विकास गर्ने बहुतले भवन तथा अपार्टमेन्टको लागि आवश्यक कानुन र मापदण्ड बनाएर नियमन गर्ने । | पोखरा महानगरपालिका, पोखरा उपत्यका नगर विकास समिति र निजी क्षेत्र । | उद्योग वाणिज्य संघहरू, पर्यटन व्यवसायी संघसंस्थाहरू, टोल सुधार समिति, बैंक तथा सहकारी संस्थाहरू । | १० | १ | **अल्पकालीन** |

**रणनीतिः ४.अन्तर्राष्ट्रिय मापदण्डअनुसार सहरी यातायात तथा ढल व्यवस्थापन गुरुयोजना तयार गरी कार्यान्वयन गर्ने ।**

| रणनीतिक कार्यक्रमहरू | कार्यक्रम कार्यान्वयन गर्ने | | अनुमानित लागत (रु. लाखमा) | प्राथमिकता | समयावधि (सांकेतिक) |
|---|---|---|---|---|---|
| | जिम्मेवार निकाय एवम् संस्थाहरू | सहयोगी निकाय एवम् संस्थाहरू | | | |
| ४.१ महानगर स्तरीय यातायात गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गर्ने । | पोखरा महानगरपालिका, पोखरा उपत्यका नगर विकास समिति । | प्रदेश पूर्वाधार विकास कार्यालय, डिभिजन सडक कार्यालय कास्की । | ५५ | १ | अल्पकालीन |
| ४.२ महानगर स्तरीय ढल व्यवस्थापन गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गर्ने । | पोखरा महानगरपालिका, पोखरा उपत्यका नगर विकास समिति । | प्रदेश पूर्वाधार विकास कार्यालय, खानेपानी संस्थान कास्की, स्थानीय टोल विकास संस्थाहरू । | ४० | १ | अल्पकालीन |
| ४.३ महानगर क्षेत्रमा आकाशे पानीको उचित व्यवस्थापन गर्न नालीहरू सुधार र सवलीकरण गर्ने । | पोखरा महानगरपालिका, सिचाई कार्यालय कास्की, उपभोक्ता समिति, टोल विकास संस्थाहरू । | संघीय तथा प्रादेशिक मन्त्रालयहरु, पोखरा उपत्यका नगर विकास समिति र उद्योग वाणिज्य संघहरू । | ६५० | २ | मध्यकालीन |
| ४.४ महानगरका सबै क्षेत्रमा ढल र फोहरमैला नहर तथा तालमा मिसाउन पूर्णप्रतिबन्ध लगाई प्रभावकारी कार्यान्वयन गर्ने । | पोखरा महानगरपालिका र स्थानीय टोल विकास संस्थाहरू । | जिल्ला प्रशासन कार्यालय कास्की, उद्योग वाणिज्य संघहरू, युवा क्लब, गैरसरकारी संस्थाहरू । | ५० | १ | अल्पकालीन |

**रणनीति ५ : महानगरका खुला स्थान, सडक किनारा र नहर किनाराको मापदण्ड लागू गरी सहरी हरियाली प्रवर्द्धन गर्ने ।**

| रणनीतिक कार्यक्रमहरू | कार्यक्रम कार्यान्वयन गर्ने | | अनुमानित लागत (रु. लाखमा) | प्राथमिकता | समयावधि (सांकेतिक) |
|---|---|---|---|---|---|
| | जिम्मेवार निकाय एवम् संस्थाहरू | सहयोगी निकाय एवम् संस्थाहरू | | | |
| ५.१ महानगरका विभिन्न स्थानमा रहेका सार्वजनिक खुला स्थानको लगत अद्यावधिक गर्दै संरक्षण र सौन्दर्यकरण गर्ने । | पोखरा महानगरपालिका, पोखरा उपत्यका नगर विकास समिति । | स्थानीय टोल विकास संस्थाहरू, युवा क्लब, आमा समूह, जिल्ला प्रशासन कार्यालय कास्की । | ३५ | १ | मध्यकालीन |

| | | | | | |
|---|---|---|---|---|---|
| ५.२ महानगर क्षेत्रका सडकहरुको क्षेत्राधिकार पूर्ण रूपमा लागू गरी अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप सौन्दर्यकरण गर्ने । | पोखरा महानगरपालिका, डिभिजन सडक कार्यालय कास्की तथा टोल विकास संस्थाहरू । | नापी कार्यालय र जिल्ला प्रशासन कार्यालय कास्की, उद्योग वाणिज्य संघहरू तथा गैरसरकारी संघसंस्थाहरू । | ४० | २ | **दीर्घकालीन** |
| ५.३ महानगर क्षेत्रका नहर र कुलोहरूको मापदण्ड पूर्णरूपमा लागू गरेर संरक्षण, वृक्षरोपण र सौन्दर्यकरण गर्ने । | पोखरा महानगरपालिका, सिँचाइ कार्यालय कास्की, उपभोक्ता समिति, टोल विकास संस्था र सहकारीहरू । | संघीय तथा प्रादेशिक मन्त्रालयहरू, जिल्ला प्रशासन कार्यालय कास्की र उद्योग वाणिज्य संघहरू । | ४५ | २ | **दीर्घकालीन** |
| ५.४ महानगरका सबै सडक, गल्ली र टोलहरूको नम्बरिङ र नक्शांकन गरी अनलाइनमा उपलब्ध गराउने । | पोखरा महानगरपालिका र नापी कार्यालय कास्की । | स्थानीय टोल विकास संस्था, उद्योग वाणिज्य संघहरू, युवा क्लब गैरसरकारी संस्थाहरू । | ५०० | १ | **अल्पकालीन** |

## ५.४ निष्कर्ष र आगामी कार्यदिशा

आफ्ना नागरिकको आर्थिक समृद्धिमा सहयोग गर्न महानगरले तर्जुमा गरेको यस समावेशी आर्थिक विकास रणनीति र योजनाले पोखराका सबैभन्दा सम्भाव्य तीन क्षेत्र पहिचान गरेको छ। यसले सोही अनुरूप प्राथमिकता, रणनीति तथा कार्यनीतिहरू सिफारिश गरेको छ । सहरको आर्थिक वृद्धिमा तीव्रता दिन तथा सहरको अर्थतन्त्रलाई हरित, समावेशी, उत्थानशील बनाउन प्रमुख तीन क्षेत्रहरूबीचको अग्र तथा पश्च सम्बन्धलाई सुदृढीकरण गर्नु जरुरी हुन्छ। बहुउपयोगी क्षेत्रहरूको प्रवर्द्धनले अर्थतन्त्रलाई विविधिकृत गरी कुनै एउटा प्राथमिकता क्षेत्र खस्किएको अवस्थामा पनि बहुसंख्यक जनताको जीविकोपार्जनमा दिगोपन र उत्थानशीलता प्रदान गरी आर्थिक मन्दीको जोखिमलाई न्यूनीकरण गर्छ। यसबाहेक, दिगो विकासको प्रवर्द्धन, व्यक्तिगत कल्याण तथा समावेशी आर्थिक वृद्धिको प्रवर्द्धन गरी सहरको उत्थानशीलता सुदृढ हुन्छ।

यस योजनामा प्रस्ताव गरिएका रणनीति र कार्यक्रमहरू प्राथमिकताका आधारमा प्रभावकारी रूपमा कार्यान्वयन गरिए पोखराको समग्र आर्थिक विकास प्रक्रिया बढी उत्थानशील भई लघु, साना तथा मझौला उद्यमीको संख्यामा वृद्धि हुने र अनौपचारिक अर्थतन्त्रको प्रगतिशील मूलप्रवाहीकरण तथा सहरी गरिबका लागि दिगो जीविकोपार्जनका अवसरहरू उपलब्ध हुने अपेक्षा गरिएको छ । सहरमा जति राम्रो सुविधा, सेवा र बसोबासको वातावरण हुन्छ, यसले त्यति नै व्यावसायिक गतिविधि र लगानी पनि आकर्षित गर्दै उद्योग-व्यवसायको विस्तार गर्न सहयोग पुऱ्याउँछ । पोखराको अद्वितीय प्राकृतिक सुन्दरता, वातावरणीय सम्पदा तथा मानव संसाधनको समुचित उपयोगबाट नै महानगरको दीर्घकालीन सोच २१०० मा उल्लिखित समुन्नत पर्यटकीय सहरको लक्ष्य हासिल गर्न सकिन्छ।

समावेशी स्थानीय आर्थिक विकास रणनीति तथा कार्ययोजनाको सफलताका लागि सार्वजनिक-निजी क्षेत्रबीच एउटा अर्थपूर्ण सहकार्य आवश्यक हुन्छ। अर्थतन्त्रको विकासमा महानगरपालिका र उद्योगी-व्यवसायीबीचको सहकार्यले एउटा स्पष्ट, पारदर्शी प्रशासन सुनिश्चित गरेर यसलाई अझ समुन्नत बनाउन पोखराका सबै सरोकारवालाको पूर्ण स्वामित्व र सहभागिता प्रवर्द्धन गर्ने छ । महानगरपालिकाले विद्यमान विभिन्न समितिहरूमा पनि आवश्यकता र औचित्यताका आधारमा निजी क्षेत्रको समावेशी प्रतिनिधित्व सुनिश्चित गरेर आर्थिक विकाससँग सम्बन्धित विभिन्न मुद्दामा अध्ययन-अनुसन्धान र अन्तर्क्रिया गरी प्रमाणमा आधारित नीति, योजना तथा कार्यक्रम तर्जुमाको अभ्यासलाई अझै सशक्त पार्नुपर्छ। त्यसले योजना तथा कार्यक्रम कार्यान्वयनदेखि अनुगमन र मूल्यांकनसम्म महत्वपूर्ण योगदान पुऱ्याउँछ। तसर्थ, यस रणनीतिक योजनाका उद्देश्य र रणनीति अनुरूप महानगरले निर्माण गर्ने आवधिक र वार्षिक योजना तथा कार्यत्रमहरू प्राथमिकीकरण गरेर अघि बढ्न यसबाट मार्गदर्शन प्राप्त हुने अपेक्षा गरिएको छ।

# परिच्छेद ६
# योजना कार्यान्वयन अनुगमन र मूल्यांकन

## ६.१ योजना तर्जुमा र कार्यान्वयन

पोखरा महानगरपालिकाको समावेशी स्थानीय आर्थिक विकास योजनाले तत्कालका साथै आगामी तीन वर्षमा गरिने रणनीतिक कार्यक्रमहरू तर्जुमा गर्दा स्थानीय सरोकारवाला एवम् अन्य सम्बद्ध पक्षको सहभागितामूलक विधिलाई अवलम्बन गरेको छ । रणनीतिक कार्यक्रमहरूको अपेक्षित प्रतिफलका लागि यसको प्रभावकारी कार्यान्वयन पहिलो शर्त हो, जसमा योजना तर्जुमाको समयमा सरोकारवालाहरूबाट प्राप्त सुझाव र पृष्ठपोषणलाई मार्गदर्शनका रूपमा लिँदै वार्षिक योजना तथा कार्यक्रम बनाएर कार्यान्वयन गरिने छ ।

योजनाको कार्यान्वयन प्रक्रियामा पोखरा महानगरपालिका, निजी क्षेत्रका प्रतिनिधि संघसंस्थाहरू, स्थानीय सामुदायिक एवम् गैरसरकारी संघसंस्थाहरु र अन्य सम्बद्ध पक्षसँग समन्वय गरी कार्यक्रम सञ्चालन गरिने छ । यस योजनाले निर्दिष्ट गरेका रणनीतिमा रहेर पोखरा महानगरले वार्षिक कार्ययोजनामार्फत् आवश्यक बजेटको व्यवस्था गर्ने छ । पोखरा महानगर सम्बन्धित पक्षहरूसँग समन्वय तथा संयोजन गरी कार्यक्रमको कार्यान्वयन प्रक्रियामा सम्पूर्ण सरोकारवालासँग पूर्ण सहयोगका लागि आह्वान गर्छ ।

## ६.२ योजना कार्यान्वयन र अनुगमन

यस रणनीतिक योजनाका कार्यक्रमलाई प्रभावकारी बनाउन र अपेक्षित प्रतिफल हासिल गर्न यसको कार्यान्वयन पक्षको अनुगमन र मूल्यांकनका लागि पोखरा महानगरका उपप्रमुखको संयोजकत्वमा रहेको योजना कार्यान्वयन अनुगमन समिति जिम्मेवार रहने छ । उक्त समितिले आवश्यकता र औचित्यका आधारमा निजी क्षेत्र, सामुदायिक संघसंस्था र सम्बद्ध उपभोक्ताहरूलाई समेत समितिमा आमन्त्रण गर्न सक्ने छ । समितिले समावेशी स्थानीय आर्थिक विकास योजना कार्यान्वयनमा सम्बन्धमा भएका गतिविधि र कार्यक्रमका बारेमा स्थलगत अवलोकन, स्थानीय समुदायका प्रनिनिधि एवम् सम्बन्धित सरोकारवालाहरूसँगको भेटघाट, छलफल र आपसी सम्बन्धलाई उपयोग गरी आवश्यक सूचना संकलन गर्ने छ । त्यसैगरी मूल्यांकनको माध्यमबाट चालु तथा सम्पन्न कार्यक्रमको स्वरूप, कार्यान्वयन र प्रगतिको बारेमा व्यवस्थित तथा उद्देश्यपूर्ण अध्ययन एवम् विश्लेषण गरिने छ । रणनीतिक योजनाले निर्देशित गरेका रणनीति अनुरूपका कार्यक्रमहरूको अनुगमन तथा मूल्यांकन गर्दा पनि सहभागितामूलक पद्धतिलाई प्राथमिकता दिइने छ ।

## ६.३ अनुगमन तथा मूल्यांकनका सिद्धान्त

यस समावेशी स्थानीय आर्थिक विकास योजनाको कार्यान्वयन पक्षको अनुगमन तथा मूल्यांकनका लागि निम्नलिखित चारवटा सिद्धान्तलाई अवलम्बन गरिने छ ।

क) **सहभागिताः** समावेशी स्थानीय आर्थिक विकासबाट प्रत्यक्ष रूपमा प्रभावित हुने समुदायका सदस्यहरूसँगै बसेर अनुगमन तथा मूल्यांकनको प्रक्रिया निर्धारण गरी उपलब्ध तथ्यहरूको विश्लेषण गरिने छ।

ख) **सहमति** : के कुराको अनुगमन र मूल्यांकन गर्ने, कसरी र कहाँबाट तथ्य संकलन गर्ने, संकलित तथ्यांकले वास्तवमा के कुरा बताउँछ, पत्ता लागेका कुराहरू कसरी आदानप्रदान गर्ने, के के विषयमा सुधार गर्नुपर्ने हो त्यसमा सहमतिमा पुग्न सम्बन्धित सरोकारवालासँग संवाद तथा छलफल गरिने छ।

ग) **सिकाइ** : यसले विगतमा पोखराको समावेशी स्थानीय आर्थिक विकास सम्बन्धमा भएका महत्त्वपूर्ण कार्यक्रम तथा उपलब्धि र सुधारका विषयलाई आत्मसाथ गरी थप आत्मविश्वासको आधार प्रदान गर्ने छ।

घ) **लचकता** : अनुगमन तथा मूल्यांकनका चरणमा प्राप्त तथ्यांकहरू, सरोकारवालाहरूको ज्ञान, सीप, भूमिका, दक्षता, वाह्य वातावरण आदिका आधारमा समेत परिवर्तन भइरहने हुनाले प्रक्रियामा आवश्यक लचकता अपनाइने छ।

## ६.४ अनुगमन र मूल्यांकनका विधि

यस समावेशी स्थानीय आर्थिक विकास योजनामा उल्लेख गरिएका रणनीतिक कार्यक्रमहरूको कार्यान्वयन भएको वा नभएको तथा निर्दिष्ट दिशामा अपेक्षित प्रगति हासिल गर्ने क्रममा आइपरेका समस्या पहिचान गरी समाधानका उपाय पहिल्याएर आवश्यक सुझाव तथा पृष्ठपोषण उपलब्ध गराउन कार्यक्रम अनुगमन र मूल्यांकनका निम्न विधिहरू अवलम्बन गर्न सकिने छ :

क) सहभागितात्मक लेखाजोखा : सामाजिक नक्सांकन, जिम्मेवार व्यक्तिहरूसँग अन्तर्वार्ता, समूहगत छलफल, बैठक, स्थलगत अवलोकन र निरीक्षण।

ख) नियमित प्रगति प्रतिवेदनको अध्ययन, स्थलगत प्रतिवेदनको अध्ययन, सार्वजनिक परीक्षण, संयुक्त अनुगमन।

ग) वास्तविक अवस्थाको प्रत्यक्ष अध्ययन-अवलोकन जस्तैः प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण, व्यवस्थापन, भौतिक पूर्वाधारको निर्माण, समावेशिता, वातावरणीय सरसफाइको अवस्था आदि।

घ) समुदाय एवम् सरोकारवालाहरूसँग रणनीतिक कार्ययोजना सम्बन्धमा स्थिति विश्लेषण सामाजिक लेखापरीक्षणमार्फत् गरिने छ।

## ६.५ अनुगमन र मूल्यांकनमा सरोकारवालाहरूको भूमिका

अनुगमन तथा मूल्यांकन समितिले वार्षिक योजना तर्जुमा तथा कार्यान्वयनको अनुगमन र मूल्यांकन प्रतिवेदन पोखरा महानगरपालिकामा पेश गर्ने छ। प्रतिवेदन तयार गर्ने सन्दर्भमा समितिले स्थानीय सरोकारवालाहरूसँग कार्यक्रमको कार्यान्वयन पक्षको अनुगमन र सम्पादित कार्यको मूल्यांकन गर्ने छ। अनुगमन तथा मूल्यांकन कार्यका निम्ति महानगरका विभिन्न निकाय एवम् सरोकारवाला संस्थाहरूले आ-आफ्नो स्थानबाट निम्नानुसारको भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ :

### पोखरा महानगरपालिका

महानगर प्रस्तुत योजना कार्यान्वयन गर्ने प्रमुख निकायको रूपमा रहने छ । महानगरपालिकाले प्रस्तुत योजना कार्यान्वयन तथा अनुगमन कार्यक्रमको संयोजनकारी भूमिका निर्वाह गर्नुका साथै स्थानीय व्यवसायी निजी तथा सामुदायिक संघसंस्था एवम् संघीय तथा प्रादेशिक सरकारसँग सम्बन्धित विभिन्न सरोकारवालासँग आवश्यक सम्पर्क र समन्वय गरी कार्यक्रम कार्यान्वयनको मुख्य भूमिका निर्वाह गर्ने छ । महानगरले स्थानीय आवश्यकताको विश्लेषण गरी महानगरका ग्रामीण क्षेत्रमा सञ्चालित सेवा केन्द्रहरूमार्फत् पर्यटन, कृषि तथा पशुपालन, वनजन्य उद्योग तथा व्यवसाय एवम् विकास निर्माण कार्यका लागि सम्बन्धित पक्षमा आवश्यक सचेतना तथा क्षमता अभिवृद्धि गर्न पहल गर्ने छ ।

स्थानीय आर्थिक विकास योजना अनुरूप कार्यसम्पादन गरिरहेका सरोकारवाला पक्षसँग आवश्यक समन्वय गरी रणनीतिक कार्यक्रमको कार्यान्वयमा जोड दिने छ । पोखरा उद्योग वाणिज्य संघ, सहकारी संघसंस्थाहरू, पोखरा पर्यटन परिषद् एवम् अन्य व्यवसायसँग सम्बन्धित संघसंस्थाहरूको परामर्श र समन्वयमा रणनीतिक कार्यक्रम कार्यान्वयन गर्ने छ । उल्लिखित सबै सरोकारवालाको समन्वय एवम् सहकार्यमा महानगरले वार्षिक कार्ययोजनाको तर्जुमादेखि बजेट निर्माण तथा स्रोतको खोजी एवम् परिचालनसम्मको कार्यलाई प्रभावकारी रूपमा सम्पन्न गर्ने छ ।

### स्थानीय वडाका नागरिक समाज, टोल सुधार एवम् अन्य सामुदायिक समितिहरू

प्रस्तुत समावेशी स्थानीय आर्थिक विकास योजनाका कार्यक्रम कार्यान्वयन, अनुगमन र मूल्यांकनसम्मका विषयमा स्थानीय नागरिक समाज एवम् समुदायको समेत महत्वपूर्ण भूमिका रहने छ । महानगरका वडा कार्यालय एवम् सेवा केन्द्रहरू योजना कार्यान्वयनमा प्रत्यक्ष संलग्न रहने छन् । यस योजनाका कार्यक्रमलाई प्रभावकारी बनाउन सम्बन्धित वडाका स्थानीय समुदाय, व्यावसायिक संस्था तथा सरोकारवालाहरूको सहभागितामा पहल गरिने छ । साथै, योजनाको अनुगमन तथा मूल्यांकन समितिलाई आफ्नो वडाभित्रका स्थानीय आर्थिक विकास कार्यक्रमको यथार्थ जानकारी गराउने एवम् आवश्यक रायसुझाव दिने र महानगरको वार्षिक कार्ययोजना निर्माण र कार्यान्वयनका सन्दर्भमा सम्बन्धित वडासम्म विस्तार गर्नुपर्ने पूर्वाधार विकासका कार्यक्रमबारे आवश्यक सुझाव पेश गर्न अनुरोध गर्ने ।

### निजी क्षेत्र एवम् उद्योग वाणिज्य संघहरू

प्रस्तुत समावेशी स्थानीय आर्थिक विकास योजनाका कार्यक्रम कार्यान्वयन, अनुगमन र मूल्यांकनसम्मका विषयमा निजी क्षेत्र तथा व्यवसायी र सहकारीको विशेष भूमिका रहने छ । यस योजनाले आत्मसाथ गरेका उद्योग-व्यवसाय, पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न निजी व्यावसायिक क्षेत्रको महत्वपूर्ण भूमिका हुन्छ । प्रस्तुत समावेशी आर्थिक विकास योजनाका कार्यक्रम कार्यान्वयन तथा अनुगमनलाई प्रभावकारी बनाउन महानगरपालिकाभित्रका उद्योग-व्यवसाय, पर्यटन, यातायातलगायतका सेवामूलक व्यवसायका सरोकारवाला निकायहरूसँग सहकार्य गरिने छ । राज्यका सम्बन्धित निकाय एवम् स्थानीय तहहरूका बीच स्थानीय आर्थिक विकासका कार्यक्रमका लागि समन्वय र सहकार्य

गराउने, प्रस्तावित कार्यक्रमहरूको वार्षिक रूपमा अनुगमन तथा मूल्यांकन समितिको कार्य सम्पादनमा सहयोग गर्नुका साथै समितिमार्फत् प्राप्त प्रतिवेदनको अध्ययन गरी आवश्यक पृष्ठपोषण दिन संघहरूको महत्वपूर्ण भूमिका रहने छ ।

**पर्यटन व्यवसायी संघसंस्थाहरू**

पोखरा महानगर समग्र देशको नै पर्यटकीय आकर्षणको केन्द्र भएकाले प्रस्तुत समावेशी स्थानीय आर्थिक विकास योजनाका कार्यक्रम कार्यान्वयन, अनुगमन र मूल्यांकनसम्मका विषयमा पोखरा पर्यटन परिषद् एवम् त्यसमा आवद्ध स्थानीय पर्यटन व्यवसायी संघसंस्थाहरूको समेत महत्वपूर्ण भूमिका रहने छ । पोखरा आउने पर्यटकको सेवासुविधामा प्रत्यक्ष सरोकार राख्ने पर्यटन व्यवसायी संघसंस्थाहरू प्रस्तुत योजनाको हरेक गतिविधिमा जोडिएका छन् । पर्यटन क्षेत्रमा कार्यरत जनशक्ति, जसले पर्यटकीय होटल, रेस्टुरेण्टलगायतका साहसिक पर्यटनका आधारका रूपमा रहेका पदमार्गहरू, कतिपय ग्रामीण पर्यटन केन्द्र, पर्यटकीय सम्पदास्थलसम्मका पर्यटकीय पूर्वाधार निर्माण एवम् गतिविधिमा उनीहरूको प्रत्यक्ष भूभिका रहने गर्दछ । यसर्थ, यस योजनाका कार्यक्रमलाई प्रभावकारी बनाउन सम्बन्धित पर्यटन व्यवसायका संघसंस्थाहरूसमेतले स्थानीय सरोकारवालाहरूको समन्वयमा पहल गर्ने छन् । साथै, योजनाको अनुगमन तथा मूल्यांकन समितिलाई आफ्नो संस्थाभित्रका पर्यटकीय गतिविधिको यथार्थ जानकारी गराउन एवम् आवश्यक रायसुझाव दिन र महानगरको वार्षिक कार्ययोजना निर्माण तथा कार्यान्वयनका सन्दर्भमा सम्बन्धित क्षेत्रमा आवश्यक कार्यक्रमका बारेमा सुझाव पेश गर्न अनुरोध गर्ने ।

**योजना कार्यान्वयन अनुगमन तथा मूल्यांकन समिति**

समितिले यस समावेशी स्थानीय आर्थिक विकास योजना तर्जुमा तथा कार्यान्वयनको अनुगमन र मूल्यांकनको वार्षिक प्रतिवेदन महानागरपालिकामा पेश गर्ने छ। यस समितिको मुख्य काम प्रस्तुत कार्ययोजना अनुसार कार्यान्वयनको अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदन तयार गर्ने रहेको छ । महानगरपालिकाले सम्बन्धित सरोकारवालाहरूसँगको सहकार्य वा समन्वयमा सञ्चालन गरेका स्थानीय आर्थिक विकास कार्यक्रम कार्यान्वयन, गतिविधि एवम् कार्यप्रगति सम्बन्धमा आवश्यक अनुगमन तथा मूल्यांकन गर्ने छ ।